सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक


नयाँ पत्रिका

nayapatrikadaily.com

२६ असोज २०८०, शुक्रबार (13 Oct 2023, Friday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १८३ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

कोशी मुख्यमन्त्रीमा कांग्रेसका विद्रोही

सत्तागठबन्धनभित्र माओवादीमा सहमति, एमालेको समर्थनमा कांग्रेसको शेखर समूहको पनि मुख्यमन्त्रीमा दाबी





संविधानको धारा १६८ को उपधारा ५ अनुसार बिहीबार मुख्यमन्त्रीमा दाबी पेस गर्दै सत्तागठबन्धनका तर्फबाट माओवादीका इन्द्र आङ्बो (बायाँ) र डा. शेखर कोइराला पक्षका कांग्रेस सांसद केदार कार्की।

कांग्रेस विवादले जन्मायो जटिलता

कांग्रेसमा देखिएको विद्रोहलाई कसरी निकास दिने भन्ने कांग्रेसले नै उपयुक्त निर्णय लिनुपर्छ। कांग्रेसभित्रको यो विद्रोहले प्रदेशमा मात्र होइन सिंगो राजनीतिमै प्रभाव पर्छ। यसको बाछिटा सबैतिर जान्छ।



● इन्द्र आङ्बो



● केदार कार्की

इन्द्र आङ्बोले दाबी पेस गर्दा प्रयोग भएका हस्ताक्षर हाम्रो होइन। मैले दाबी पेस गरेकोमा स्वयं उपस्थित छौं। संविधानको धारा १६८ (५) को प्रयोग हो। यसमा कुनै पार्टीले हस्तक्षेप गर्न मिल्दैन र दलको ह्विप पनि लाग्दैन।

कांग्रेसका आठ सांसदको हस्ताक्षर दुवैतिर, प्रदेश प्रमुखको निर्णय आज

एमालेको समर्थनमा दाबी पेस गरेका केदार कार्कीले ४७ सांसदको हस्ताक्षरसहित मुख्यमन्त्रीमा दाबी पेस गरेका छन्। अर्कोतर्फ गठबन्धनका इन्द्र आङ्बोले गठबन्धनका सबै दलका कुल ४७ सांसदको हस्ताक्षर लिएर मुख्यमन्त्रीमा दाबी पेस गरेका छन्। कांग्रेसका आठ सांसदको हस्ताक्षर दुवैतिर छ। यस्तोमा प्रदेश प्रमुख परशुराम खापुङले गठबन्धनका आङ्बो वा कांग्रेसको इतर समूहका कार्कीमध्ये कसलाई मुख्यमन्त्री नियुक्त गर्छन् भन्ने चासो छ। खापुङले मुख्यमन्त्रीमा दाबी गरेका दुवै सांसदलाई समर्थक सांसद लिएर एकैपटक पक्षमा उभ्याउन पनि सक्छन्।

विराटनगरमा **चिरञ्जीवी घिमिरे** र **गणेश लम्साल**
काठमाडौंमा **केशवप्रसाद पाण्डे**

■ कोशीको अंकगणित

प्रदेशमा एमालेका उपसभामुखसहित ४०, कांग्रेसका २९, माओवादीका १३, राप्रपाका ६, एकीकृत समाजवादीका चार र जनता समाजवादीका एकजना सांसद छन्। जम्मा ९३ जना सांसद रहेको कोशी प्रदेशमा बहुमतका लागि ४७ जना सांसद चाहिन्छ। कार्कीको पक्षमा एमालेले उपसभामुखबाहेक ३९ र कांग्रेसको शेखर समूह आठ गरी ४७ जनाको हस्ताक्षर जुटाएर दाबी पेस गरिएको छ। त्यसैगरी गठबन्धनमा कांग्रेसका २९ (शेखर समूहका आठजनाको पनि नाम समावेश), माओवादीका १३, एकीकृत समाजवादीका चार र जसपाका एकजना गरी ४७ जनाको नाम बुझाएको छ। राप्रपाका ६ जना तटस्थ छन्। राप्रपाले यसबारे शुक्रबार निर्णय लिँदै छ।

■ ह्विप नलाग्ने भएपछि कोइरालाले मोले जोखिम

संविधानको धारा १६८ को उपधारा २ र ३ अनुसार चारवटा सरकार गठन भइसकेका छन्। चारवटा सरकार विघटन भएर कोशी अहिले पाँचौं सरकार गठनको प्रक्रियामा छ। संविधानको धारा १६८ को उपधारा ५ अनुसार बहुमत पुऱ्याउन सक्ने आधार लिएर जाने प्रदेश सभाको जो-कोही सदस्य मुख्यमन्त्रीमा नियुक्त हुने व्यवस्था छ। यसैको जगमा कोइरालाले एमालेको समर्थनमा मुख्यमन्त्रीका लागि आफ्ना सांसद अगाडि सारेका हुन्। यस धाराअनुसार पार्टीको ह्विप लाग्दैन, व्यक्तिको दाबी रहन्छ। यही आधारमा डा. कोइरालाले कोशीमा पार्टी संस्थापनको निर्णयलाई चुनौती दिने गरी राजनीतिक कदम चालेको कांग्रेस नेताहरूको बुझाइ छ।

संवैधानिक कानुनका जानकार वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी संविधानको धारा १६८ को उपधारा ५ को व्यवस्थाअनुसार सरकार गठनको दाबी गर्दा दलभन्दा संविधानले व्यक्ति चिन्ने बताउँछन्। 'कोशीमा सरकार गठनको सबै प्रयास असफल भएपछिको अन्तिम हो। यसमा व्यक्तिले पनि विश्वास दिलाउन सक्छ भने सरकार बन्ने अन्तिम बाटो राखिएको हो। कुनै व्यक्तिले पार्टीभन्दा माथि रहेर समर्थन पाउन सक्छ र स्थिरताबाट जोगाउन सक्छ भन्ने संविधानको परिकल्पना हो,' उनले नयाँ पत्रिकासँग भने, 'यो व्यवस्थामा पार्टीको ह्विप लाग्दैन। उनीहरूलाई पार्टी निर्णयविपरीत गएको भनेर आन्तरिक कारबाही हुन सक्ला, त्यसलाई संविधानले चिन्दैन, प्रदेश सभाको सांसद नै नरहने गरी कारबाही गर्न संविधानले दिँदैन। यसअघि यस्ता संवैधानिक अभ्यास भइसकेका छन्।'

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

अशान्त इजरायलका १६ स्थानमा रहेका २५३ विद्यार्थी स्वदेश ल्याइयो

आउन चाहने बाँकीलाई सरकारले खर्च व्यहोर्ने गरी नियमित उडानमार्फत फर्काउने

सरकारले अब शव ल्याउन पहल गर्छ

● **सेवा लम्साल**, प्रवक्ता, परराष्ट्र मन्त्रालय



पहिलो चरणको उद्धार सफल भएको छ। उपचाररत दुईजनाको स्वास्थ्यमा सुधार हुँदै छ भने हराएका विपिन जोशीको पनि खोजी कार्यका लागि इजरायल सरकारसँग समन्वय भइरहेको छ। अबको चरणमा ज्यान गुमाएका विद्यार्थीको शव ल्याउन पहलकदमी केन्द्रित हुनेछ।

नयाँ पत्रिका

प्यालेस्टाइनी हमास समूहले गाजा क्षेत्रमा आक्रमण गरेपछि अशान्त इजरायलबाट बिहीबार दुई सय ५३ विद्यार्थीको उद्धार भएको छ। विभिन्न १६ स्थानबाट राजधानी तेलअभिभमा जम्मा पारिएका उनीहरूलाई नेपाल वायुसेवा निगमको आरए २३० उडानबाट स्वदेश फर्काइएको हो, जसमा दुईजना हमासको आक्रमणबाट घाइते भएका पनि छन्।

'करिब तीन सय नेपालीले स्वदेश फर्किने चाहना राखेर नेपाली दूतावासलाई विवरण टिपाउनुभएको छ। दुई सय ५३ आउनुभयो, बाँकीलाई व्यापारिक उडानबाट स्वदेश फर्काउने प्रयास हुन्छ। तर, अर्को उद्धार विमान पठाउने विषयमा निर्णय भइसकेको छैन,' परराष्ट्र मन्त्रालयकी प्रवक्ता सेवा लम्सालले भनिन्। बुधबारको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार परराष्ट्रमन्त्री एनपी साउद उद्धारको नेतृत्व गरेर इजरायल गएका थिए। उनको साथमा परराष्ट्र मन्त्रालयका सहसचिव शरदराज आरण पनि गएका थिए।

'विमानमा हामीलाई परराष्ट्रमन्त्रीज्यूले स्वागत गर्नुभयो,' उद्धार भएर आएका सुदूरपश्चिम विश्वविद्यालयका विद्यार्थी गणेश साउदले टेलिफोनमा भने। त्यसो त वायुसेवा निगमका अधिकारीले चार्टर विमानमा भिआइपी उडानको अनुमति र इन्सुरेन्सको निर्णय नभएका कारण जान नमिल्ने भनेपछि परराष्ट्रमन्त्री साउद बुधबार राति इजरायल नजाने निर्णयमा पुगेका थिए। तर, परराष्ट्र अधिकारीहरूको प्रयासमा विमानको

» पृष्ठ ११ मा क्रमशः



उद्धार गरिएका नेपालीसँग इजरायलको विमानस्थलमा जहाजभित्र परराष्ट्रमन्त्री एनपी साउद

इजरायलमा ३६ देशका १३०० नागरिकको मृत्यु, अन्य देशले पनि धमाधम स्वदेश फर्काउँदै

हमासको आक्रमणमा इजरायलमा ३६ देशका एक हजार तीन सयजनाको मृत्यु भएको छ भने ३३ घाइते भएका छन्। इजरायली राष्ट्रपति आइज्याक हरजोगले बिहीबार मिडियाहरूलाई क्षतिको विवरण जानकारी गराएका हुन्। आक्रमणको छैटौं दिन इजरायलतर्फ हमासले गाजाबाट छिटपुट रकेट प्रहार गरे पनि कुनै क्षति नभएको इजरायली सेनाले जनाएको छ। गाजा क्षेत्रमा इजरायलको आक्रमण भने जारी छ। पाँच दिनमा इजरायलबाट गाजामा पाँच हजार बम हानिएको सेनाको दाबी छ। गाजापट्टीमा एक हजार तीन सय ५० जनाको ज्यान गएको र ६ हजार ४९ घाइते भएको प्यालेस्टाइनी निकायले बताएको छ। थप क्षति रोकिए पनि इजरायलबाट नेपालजस्तै विभिन्न मुलुकले आफ्ना नागरिक धमाधम फिर्ता लान थालेका छन्। जर्मनीले बिहीबार पठाएको विमानमा तीन सय ७२ नागरिक फर्किए। त्यस्तै, थाइल्यान्डले आफ्ना ४१ नागरिक फिर्ता लगेको छ।

■ कर फर्स्योट आयोगमा ६ अर्ब भ्रष्टाचार मुद्दामा विशेषको पूर्णपाठ

'पदाधिकारीको व्यवहार अवाञ्छित र दोषपूर्ण' » विस्तृत पृष्ठ ३

कर्नर किक

● रवि मिश्र



■ कालापानी क्षेत्रको गुञ्जीमा भारतीय प्रधानमन्त्री मोदीको भ्रमण

नेपालको नयाँ नक्सामा समेटिएको भूमिमा मोदीले भ्रमण गर्दा नेपालीलाई नै प्रवेश रोक

दार्चुलामा **नरेन्द्रसिंह कार्की**



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको चुच्चे नक्साभित्र समेटिएको दार्चुलाको कालापानी क्षेत्रमा भ्रमण गरेका छन्। मोदीले बिहीबार नेपालको नक्सामा समेटिएको गुञ्जी र कुटीलगायत क्षेत्रमा भ्रमण गरेका हुन्।

भारतीय अतिक्रमणमा रहेका नावी, गुञ्जी, कुटी नेपालले ०७७ मा जारी गरेको चुच्चे नक्साभित्र समेटिएका गाउँ हुन्। मोदीले गुञ्जीमा भेटघाट कार्यक्रम राखेका थिए।

मोदीसँग उत्तराखण्ड राज्यका मुख्यमन्त्री पुष्करसिंह धामी पनि कालापानी क्षेत्र पुगेका थिए। स्थानीय पहिरनमा सजिएका मोदीले सौका समुदायसँग संवादसमेत गरे। मोदीको भ्रमण भएको ठाउँमा नेपालीलाई प्रवेशमा रोक लगाइएको थियो। नेपालीलाई सीतापुलभन्दा माथि जान रोक छ। नेपाल सरकारले ७ जेठ ०७७ मा भारतले अतिक्रमण गरेको कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्र समेटेर चुच्चे नक्सा जारी गरेको थियो।

नेपाली सुरक्षाकर्मी भने व्याँस गाउँपालिका- १ को छाँगरूमा बसेका छन्। छाँगरू कालापानीभन्दा १० किलोमिटर तलै पर्छ। नेपाल सरकारले चुच्चे नक्सा जारी गरेपछि व्याँसमा सशस्त्र प्रहरीको ४४ नम्बर गण राखेको छ। नेपाली सुरक्षाकर्मीसमेत

» पृष्ठ ११ मा क्रमशः



संक्षेपमा उपत्यका

नगरकोट : भक्तपुर नपा-१, नगरकोटमा बा.६९प ९१० नम्बरको स्कुटरको ठक्करबाट पैदलयात्री ६८ वर्षीया भुलिमाया धुगुछूको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनको इवामुरा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । स्कुटरचालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

जावलाखेल : अनलाइनमाफत ठगी कार्यमा संलग्न आरोपमा ललितपुर मनपा-१९ का २९ वर्षीया सनिषा मल्ललाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीका अनुसार उनले सामाजिक सञ्जालमा भेट भएका पीडितलाई आफू इटालीको नागरिक भन्थिन् । प्रेमको नाटक गर्दै आइफोन, लेडिज ब्याग, सुन तथा गरगहना गिफ्ट पठाएको र भन्सारबापतको कर तिर्नुपर्ने भन्दै पीडितसँग रकम असुल्थिन् । यसक्रममा उनले १७ लाख १५ हजार रुपैयाँ असुलेको प्रहरीको भनाइ छ ।

सुनाकोठी : १४ वर्षीया बालिकालाई बलात्कर गरेको अभियोगमा ललितपुर मनपा-२७, सुनाकोठी बस्ने काभ्रे पनौतीका २८ वर्षीय दीपक लामालाई प्रहरीले पक्राउ गरेको छ । लामाले बालिकालाई २० देखि २३ असोजसम्म पटक-पटक बलात्कार गरेको आरोप छ । प्रहरी वृत्त चापागाउँबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

सूर्यविनायक : सूर्यविनायक नपा-८ की पार्वती तामाङको खाजाघरमा जुवातास खेलिरहेको अवस्थामा सिन्धुपाल्चोक चौतारा नपा-१० की ३५ वर्षीया माला तामाङसहित ६ जुवाडेलाई बुधबार बेलुकी प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाका आधारमा प्रहरी वृत्त जगातीबाट खटिएको प्रहरीले उनीहरूलाई ३८ हजार रुपैयाँ र एक बुक ताससहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-०७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीहरुको विवरण	
१)	१) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंमा दर्ता नं. २९३००७/७८/०७९, अन्तर्गत मिति २०७९/०३/१२ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ८ स्थित **प्रिन्स ह्यचिङ्ग एण्ड पोल्ट्री प्रा.लि.** **संचालक तथा जमानीकर्ता: रुपेश महतो**	**२) रुपेश महतो** ठेगाना : महोतरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १४ बाबु : फेकन महतो बाजे : जदु महतो

धितोको विवरण

१) जदु महतोको नाति, फेकन महतोको छोरा, महोतरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १४ बस्ने रुपेश महतोको नाममा मालपोत कार्यालय बर्दिवास, महोतरीको लगतमा दर्ता कायम रहेको महोतरी जिल्ला, बहादुरगंज गा.वि.स. वडा नं. २५ (हाल बर्दिवास न.पा. वडा नं. १) स्थित कित्ता नं. ९०२ र ९०३ को क्षेत्रफल क्रमशः ०-०-१३-० र ०-१-६-० (बिघा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) प्रिन्स ह्यचिङ्ग एण्ड पोल्ट्री प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) रुपेश महतो ठेगाना : महोतरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १४ बाबु : फेकन महतो बाजे : जदु महतो	२) अंजित कुमार चौधरी स्थायी ठेगाना : धनुषा जिल्ला, दिगम्बपुर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : महोतरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १४ बाबु : रामकिसुन चौधरी बाजे : राम बरोस चौधरी	३) मधु सुदन उप्रेती (अध्यक्ष) स्थायी ठेगाना : चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ८ हालको ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३२ बाबु : विष्णु प्रसाद उप्रेती बाजे : प्रेम प्रसाद उप्रेती

ऋणीको विवरण	धितोको विवरण
३) मधु सुदन उप्रेती (क्रेडिट कार्ड कर्जा समेत) स्थायी ठेगाना : चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ८ हालको ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३२ बाबु : विष्णु प्रसाद उप्रेती बाजे : प्रेम प्रसाद उप्रेती	रुद्र प्रसाद उप्रेतीको नाती, प्रेम प्रसाद उप्रेतीको छोरा चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ११ बस्ने विष्णु प्रसाद उप्रेतीको नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगातमा दर्ता कायम रहेको चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ६ (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. १३७९ को क्षेत्रफल ३०४३.५ (वर्ग मिटर) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

जमानीकर्ताहरुको विवरण

४) सावना सुवेदी स्थायी ठेगाना : रोल्पा जिल्ला, गजुल गा.वि.स. वडा नं. ४ हालको ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३२ बाबु : भक्कु प्रसाद सुवेदी ससुरा : विष्णु प्रसाद उप्रेती पति : मधु सुदन उप्रेती	५) विष्णु प्रसाद उप्रेती स्थायी ठेगाना : चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ८ हालको ठेगाना : चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ११ बाबु : प्रेम प्रसाद उप्रेती बाजे : रुद्र प्रसाद उप्रेती	६) सिता देवी उप्रेती स्थायी ठेगाना : चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ८ हालको ठेगाना : चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ११ बाबु : नन्द प्रसाद लामिछाने ससुरा : प्रेम प्रसाद उप्रेती पति : विष्णु प्रसाद उप्रेती

ऋणीहरुको विवरण	जमानीकर्ताको विवरण
२) १) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २४४१५२/०७७/०७८ अन्तर्गत मिति २०७७/०६/१२ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १४, नरबिपोट स्थित **क्रिष्टिम कस्मेटीक्स प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: ठगा माया बस्नेत** स्थायी ठेगाना : मोरङ्ग जिल्ला, बेलबारी गा.वि.स. वडा नं. २ हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १४, नरबीपोट बाबु : लाल बहादुर बस्नेत ससुरा : कृष्ण बहादुर निरौला पति : केशब निरौला खत्री	**जोनिशा निरौला खत्री** ठेगाना : मोरङ्ग जिल्ला, उर्लावारी न.पा. वडा नं. ६ बाबु : केशब निरौला खत्री बाजे : कृष्ण बहादुर निरौला

२) ठगा माया बस्नेत स्थायी ठेगाना : मोरङ्ग जिल्ला, बेलबारी गा.वि.स. वडा नं. २ हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १४, नरबीपोट बाबु : लाल बहादुर बस्नेत ससुरा : कृष्ण बहादुर निरौला पति : केशब निरौला खत्री	१) जोनिशा निरौला खत्री ठेगाना : मोरङ्ग जिल्ला, उर्लावारी न.पा. वडा नं. ६ बाबु : केशब निरौला खत्री बाजे : कृष्ण बहादुर निरौला	२) प्रनिशा निरौला खत्री ठेगाना : मोरङ्ग जिल्ला, उर्लावारी न.पा. वडा नं. ६ बाबु : केशब निरौला खत्री बाजे : कृष्ण बहादुर निरौला

धितोको विवरण

१) लाल बहादुर बस्नेतकी छोरी, कृष्ण बहादुर निरौलाकी बुहारी, केशब निरौला खत्रीकी पत्नि, मोरङ्ग जिल्ला, बेलबारी गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १४, नरबीपोट बस्ने ठगा माया बस्नेतको नाममा मालपोत कार्यालय लगानखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ५ स्थित कित्ता नं. १५५५ को क्षेत्रफल १९०.७४ (व.मि.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) क्रिष्टिम कस्मेटिक प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण	जमानीकर्ताको विवरण
३) नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा प्रा.फ.र.नं. ४९१०/४०९, स्थानिय/आयात निर्यात अन्तर्गत मिति २०७३/०८/१२ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, चन्द्रपुर गा.वि.स. वडा. नं. १ स्थित **सुरज ट्रेडर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: बेचनी कुमारी गुप्ता** स्थायी ठेगाना : धनुषा जिल्ला, खजुरीचन्हा गा.वि.स. वडा. नं. ३ हालको ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ६ बाबु : राजेन्द्र प्रसाद साह वनिया ससुरा : चन्देश्वर साह पति : महेश प्रसाद गुप्ता	**महेश प्रसाद गुप्ता** स्थायी ठेगाना : पर्सा जिल्ला, विरुवागुठी गा.वि.स. वडा. नं. २ हालको ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ६ बाबु : चन्देश्वर साह बाजे : लक्ष्मी साह

धितोको विवरण

१) राजेन्द्र प्रसाद साह वनियाकी छोरी, चन्देश्वर साहकी बुहारी, महेश प्रसाद गुप्ताकी पत्नी, धनुषा जिल्ला, खजुरीचन्हा गा.वि.स. वडा. नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ६ बस्ने बेचनी कुमारी गुप्ताको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा. नं. ७ (हाल चन्द्रपुर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ९०८ र ९०९ को क्षेत्रफल क्रमशः ०-०-१०-० र ०-०-१०-० (विगाहा) को जग्गा र रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा. नं. १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ५०१५ को क्षेत्रफल ०-१-०-० (विगाहा) को जग्गा र रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा. नं. ६ (हाल चन्द्रपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ३३३७ को क्षेत्रफल ०-१-०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) सुरज ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

छात्रवृत्तिमा पढेकासँग विद्यालयले मागे शुल्क, महानगरले थाल्यो अनुगमन

नयाँ पत्रिका



काठमाडौं महानगरपालिकाले उपलब्ध गराएको छात्रवृत्तिमा पढेका विद्यार्थीसँग विद्यालयहरूले शुल्क मागेको गुनासो आएको छ । कक्षा ११ मा छात्रवृत्ति कोटाबाट भर्ना भएका उनीहरूबाट विद्यालयहरूले विभिन्न शीर्षकमा शुल्क माग गरेको आरोप छ ।

विद्यार्थीबाट गुनासो आएपछि महानगरपालिकाले छानबिन तथा अनुगमन थालेको छ । शिक्षा विभागका शिक्षा अधिकृत नेत्रनारायण पौडेल, मेयर बालेन्द्र साह (बालेन)को सचिवालयबाट सस्मित पोखरेल र सहरी योजना आयोगबाट सहायकविज्ञ शैलेन्द्र झाको टोलीले मंगलबारबाट छानबिन र अनुगमन सुरु गरेको हो ।

छात्रवृत्तिमा अध्ययन गरिरहेकामध्ये १० वटा विद्यालयले शुल्क लिएको उजुरी आएको महानगरको भनाइ छ । सोमबार, मंगलबार र बुधबार तीन दिनमा अनुगमन टोलीले गोल्डेन गेट, ग्लोबल, सिफल सेकेन्डरी स्कुल (डियरवाक), काठमाडौं मोडेल कलेज, एभरेस्ट फ्लोरिडा, सिसिआरसी गरी ६ वटा विद्यालयको अनुगमन गरेको छ । यीमध्ये एभरेस्ट फ्लोरिडाबाहेक अरू विद्यालयले कुनै न कुनै शीर्षकमा शुल्क माग गरेको देखियो ।

■ छात्रवृत्तिका विद्यार्थीसँग मासिक नौ हजारसम्म लिएको फेला

मेयरको सचिवालय सदस्य पोखरेलका अनुसार विद्यालयले विभिन्न शीर्षकमा नौ हजार पाँच सयसम्म शुल्क मागेको देखिएको छ । 'सिफल स्कुलले मासिक नौ हजार पाँच सय रुपैयाँसम्म मेयर साहको सचिवालय सदस्य **सस्मित पोखरेल** भन्छन्-

विद्यालयहरूले विभिन्न शीर्षकमा नौ हजार पाँच सयसम्म शुल्क मागेको देखिएको छ । सिफल स्कुलले मासिक नौ हजार पाँच सय रुपैयाँसम्म माग गरेको देखियो । पुस्तकालय, प्रयोगशाला, अतिरिक्त कक्षा, अतिरिक्त क्रियाकलाप, दर्ताजस्ता शीर्षकमा शुल्क लिएका छन् । अनुगमनपछि विद्यालयहरूले छात्रवृत्ति कोटामा भर्ना भएका विद्यार्थीसँग कुनै पनि शीर्षकमा शुल्क नउठाउने बताएका छन् ।

पोखरेलका अनुसार पुस्तकालय, प्रयोगशाला, अतिरिक्त कक्षा, अतिरिक्त क्रियाकलाप, दर्ताजस्ता शीर्षकमा शुल्क मागेको देखिन्छ । अनुगमनपछि विद्यालयहरूले छात्रवृत्ति कोटामा भर्ना भएका विद्यार्थीसँग कुनै पनि शीर्षकमा शुल्क नउठाउने बताएका छन् । महानगरपालिका विद्यालय शिक्षा व्यवस्थापन नियमावली, ०७४ को परिच्छेद १० मा कुल विद्यार्थीको कम्तीमा १० प्रतिशतमा नघटाई जेहेनदार, विपन्न, असहाय तथा गरिब, अपांग, महिला, दलित, जनजाति, द्वन्द्वपीडित र सहिद परिवारका विद्यार्थीलाई समावेशी आधारमा छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यही व्यवस्थाअनुसार महानगरपालिकाले कक्षा ११ मा भर्ना भएर छात्रवृत्ति कोटामा अध्ययन गर्न चाहने विद्यार्थीबीच परीक्षा लिएर म्याचिङ लिस्टबाट नाम सिफारिस गरेको हो । यसरी सिफारिस गरिएका विद्यार्थीले कक्षा ११/१२ मा कुनै पनि प्रकारको शैक्षिक शुल्क तिर्नुपर्दैन ।

■ शुल्क उठाउने विद्यालयलाई कारबाही गर्ने

छात्रवृत्तिमा सिफारिस भएका विद्यार्थीसँग शुल्क उठाउने विद्यालयहरूलाई कारबाही गर्ने महानगरपालिकाको तयारी छ । छात्रवृत्ति र शुल्कसँग सम्बन्धी गुनासो गर्नुपरे छानबिन तथा अनुगमन टोलीका अधिकारीहरूसँग (नेत्रनारायण पौडेल, ९८५११९९९४५, सस्मित पोखरेल, ९८४००७१५५५ र शैलेन्द्र झा ९८५११४६८९६) लाई फोन गर्न सकिने महानगरले जनाएको छ ।

छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीलाई अनलाइन प्रणालीबाट आवेदन माग गरेको थियो । यसबाट तीन हजार नौ सय १३ जना छात्र र दुई हजार एक सय चार छात्रा गरी ६ हजार १७ जनाले आवेदन दिएका थिए । २० साउनमा लिइएको प्रवेश परीक्षामा आवेदकमध्ये तीन हजार चार सय छात्र र एक हजार सात सय ७२ छात्रा गरी पाँच हजार एक सय ७२ विद्यार्थी सहभागी थिए । २९ साउनमा दुई हजार तीन सय २२ जना परीक्षार्थीको नाम छात्रवृत्तिका लागि म्याचिङ लिस्ट, भर्नाको पहिलो सूचीमा सार्वजनिक भएको थियो ।

डेंगु नियन्त्रण र विशेष सरसफाइमा महानगरले खटायो सयजना

काठमाडौं/ काठमाडौं महानगरपालिकालले प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत एक सयजनालाई डेंगु नियन्त्रणका लागि खटाएको छ । लार्भिसाइट छर्किने र सडकको विशेष सरसफाइका लागि उनीहरूलाई खटाइएको हो ।

उक्त टोलीले बिहीबार नयाँ बानेश्वर, कोटेश्वर, चाबहिल र बौद्ध क्षेत्रमा लार्भिसाइट छर्ने र सफाइ गरेको छ । यसबाहेक वातावरण व्यवस्थापन विभाग र महानगर प्रहरी बलले परिचालन गरेका मातहतका कर्मचारीले नियमित काम गरिरहनेछन् । जनशक्तिलाई चार समूहमा बाँडेर चार क्षेत्रमा परिचालन गरिनेछ ।

बिहीबार राष्ट्रिय सभामा आयोजित कार्यक्रममा एक सयजनालाई नै कामका बारेमा प्रशासन विभागका प्रमुख दीपक अधिकारीले जानकारी गराएका थिए । उनले परिचालित जनशक्तिबाट सफा सडकको अपेक्षा गरिएको बताए । त्यसक्रममा वातावरण व्यवस्थापन विभागका प्रमुख रविनमान श्रेष्ठले शुक्रबारदेखि टेकुमा भेला गरेर फरक-फरक दिनमा फरक-फरक ठाउँको सरसफाइमा खटाइने जानकारी दिए । सफाइका क्रममा पानी जमेका खाल्डा पुर्ने, कुनै भाँडामा पानी देखिए पोख्ने, लामखुट्टेका लार्भा भएका ठाउँमा लार्भिसाइट छर्नेलगायत काम गर्नुपर्नेछ ।

वातावरण व्यवस्थापन विभागका अनुसार पर्वलक्षित सफाइ सडककेन्द्रित हुनेछ । झार उखेल्ने, नाली सफा गर्ने, पखाल्ने, टिपनटापन गर्ने सफाइका मुख्य क्रियाकलाप हुन् । यसक्रममा ब्रुमर, जेट मेसिनसहितका उपकरण परिचालन हुनेछन् । प्रधानमन्त्री रोजगार कार्यक्रमका संयोजक रश्मि राईका अनुसार जनशक्तिले हाजिर भएर एक दिनमा आठ घन्टा काम गर्नुपर्नेछ । यसबापत उनीहरूले दैनिक ६ सय ६८ पारिश्रमिक पाउँछन् । उनीहरूका लागि एक सय दिनको काम सुनिश्चित गरिएको छ ।

■ महानगरको सुलभ फार्मेसी पुस पहिलो सातादेखि

निजी र सरकारीभन्दा ८० प्रतिशत कममा औषधि पाइने



शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले आगामी पुस पहिलो सातादेखि पाँच स्थानमा सुलभ फार्मेसी सञ्चालन गर्ने भएको छ । यी फार्मेसीमार्फत हाल औषधि बिक्री गरिरहेका निजी र सरकारीले भन्दा ८० प्रतिशत कममा दिने तयारी छ ।

महानगरले पहिलो चरणमा बबरमहल, महाराजगन्ज, कालीमाटी, वीर अस्पतालआसपास र क्षेत्रपाटी क्षेत्रमा सुलभ फार्मेसी खोल्ने भएको छ । फार्मेसी सञ्चालनका लागि कोठा डिजाइन गर्ने, औषधि सप्लायर्स कम्पनीहरूसँग समन्वय गर्ने, सफ्टवेयर निर्माण गर्नेलगायत तयारी भइरहेको महानगरपालिका स्वास्थ्य विभागका प्रमुख रामप्रसाद पौडेलले जानकारी दिए । उनका अनुसार अहिले बजारमा किनेको भन्दा निकै सस्तोमा औषधि पाइन्छ । औषधि सप्लायर्ससँग दररेट माग गरिएको छ । 'पुस पहिलो सातासम्म फार्मेसी सञ्चालन गरिसक्छौं, त्यसका लागि तयारी तीव्र पारिएको छ,' उनले भने, 'यसले महानगर तथा आसपासका सर्वसाधारणलाई समेत राहत मिल्नेछ ।'

महानगरभित्र अहिले सरकारी र निजी गरेर २७ सय फार्मेसी छन् भने उपत्यकाभरि चार हजार सात सय फार्मेसी छन् । यी फार्मेसीहरूले औषधिमा लुट मच्चाइरहेको सर्वसाधारणको भनाइ छ । महानगरले सञ्चालनमा ल्याएको फार्मेसीले आमउपभोक्ता औषधिमा कति ठगिएका छन् भन्ने तथ्य प्रमाणित गर्नेछ । 'अहिलेका फार्मेसीहरूले कति लुटिरहेका छन् भन्ने प्रमाणित हाम्रा पाँचवटा फार्मेसीले देखाउँछ,' स्वास्थ्य विभाग प्रमुख पौडेलले भने, 'जनस्वास्थ्य ऐनले प्रत्येक डाक्टरले जेनेरिक नामबाट औषधि प्रेस्क्रिप्सन गर्नुपर्छ । तर, डाक्टरहरूले पनि गल्ती गरिरहेका छन्, हाम्रो फार्मेसीले जनस्वास्थ्य ऐनअनुसार औषधि उपलब्ध गराउनेछ ।'



रामप्रसाद पौडेल
प्रमुख, स्वास्थ्य विभाग, काठमाडौं महानगर

पहिलो चरणमा बबरमहल, महाराजगन्ज, कालीमाटी, वीर अस्पतालआसपास र क्षेत्रपाटी क्षेत्रमा सुलभ फार्मेसी खोलिनेछन् । फार्मेसीका लागि कोठा डिजाइन, औषधि सप्लायर्स कम्पनीहरूसँग समन्वय, सफ्टवेयर निर्माणलगायत तयारी भइरहेको छ । सुलभ फार्मेसीमा अहिले बजारमा किनेको भन्दा निकै सस्तोमा औषधि पाइन्छ । पुसको पहिलो सातासम्म फार्मेसी सञ्चालन गरिसक्छौं ।

सुलभ फार्मेसीमा २१ सय ६४ प्रकारका औषधि पाइने

हाल सरकारी अस्पतालको फार्मेसीमा बिमा शुल्कमा मिलान हुने गरी औषधि किन्न जाँदा चाहिएको पाइँदैन । सस्ता औषधि मात्रै सरकारी अस्पतालहरूका फार्मेसीमा पाइन्छ भने महँगो औषधि निजीमै किन्न जानुपर्ने बाध्यता छ । तर, अब महानगरले सबै प्रकारका औषधि सस्तो र बिमाअनुसार उपलब्ध गराउनेछ । महानगरका फार्मेसीमा बिक्री गर्ने औषधिको बजार मूल्य फेहरिस्त टाँसिनेछ । दुई हजार एक सय ६४ प्रकारका औषधिबारे महानगरले अध्ययन पनि गरेको थियो । कति प्रकारका सस्ता र महँगा औषधि चाहिन्छ भन्ने अध्ययनपछि फार्मेसी खोल्ने तयारी गरिएको हो । कुनै पनि सरकारी निकायका फार्मेसीमा यति धेरै किसिमका औषधि पाइँदैन । निजी फार्मेसीहरूले समेत सबै प्रकारका औषधि राख्ने गरेको पाइँदैन । सरकार स्वास्थ्य संस्था तथा औषधि पसलहरूमा सरकारले निःशुल्क उपलब्ध गराउनुपर्ने ९८ प्रकारका औषधिसमेत पाइँदैन । तर, महानगरपालिकाले अधिकांश रोगसँग सम्बन्धित औषधि राख्नेछ । 'हामीले महानगरपालिकाभित्र राखिएको फार्मेसीबाट सबैलाई समान किसिमले औषधि उपलब्ध गराउँछौं, हामीकहाँ नपाइने औषधि सायद हुँदैन होला,' विभाग प्रमुख पौडेलले भने, 'सबैलाई समान मूल्य तोक्छौं, सर्वसुलभ मूल्यमा बिरामीले औषधि प्रयोग गर्न पाउनुपर्छ ।'

कुल लागत ६ करोड

महानगरले पहिलो चरणमा ६ करोड लागतमा फार्मेसी खोल्नेछ । पाँचवटा फार्मेसीका लागि आवश्यक औषधि किन्न पहिलो चरणमा यति रकमले पुग्नेछ भने आगामी पुसमा हुने नगरसभामा औषधि खरिद र फार्मेसीका लागि थप बजेट माग गरिनेछ । 'यसपटक हामीले ६ करोडबराबरको औषधि फार्मेसीमा राख्छौं, सबै प्रकारका औषधि फार्मेसीमा पाइनेछ,' विभाग प्रमुख पौडेलले भने, 'बाँकी औषधि र थप फार्मेसीका लागि आगामी नगरसभाबाट थप बजेट माग गर्नेछौं ।'

■ कर फर्स्योट आयोगमा ६ अर्ब भ्रष्टाचार मुद्दामा विशेषको पूर्णपाठ

'पदाधिकारीको व्यवहार अवाञ्छित र दोषपूर्ण'

■ विशेष अदालतको फैसलाअनुसार कर फर्स्योट आयोगका तत्कालीन अध्यक्ष लुम्बध्वज महतलाई ९ वर्ष एक महिना तथा सदस्यहरू उमेशप्रसाद ढकाल र चूडामणि शर्मालाई ९-९ वर्ष कैद सजाय भएको थियो

शिल्पा कर्ण / नयाँ पत्रिका

कर फर्स्योट आयोगमा भएको भ्रष्टाचार मुद्दामा फैसला गर्दै विशेष अदालतले तीनैजना पदाधिकारीको व्यवहार अवाञ्छित र दोषपूर्ण रहेको ठहर गरेको छ। विशेषको फैसलाअनुसार दुईवटा मुद्दामा गरी ६ अर्ब १५ करोड रुपैयाँ भ्रष्टाचार भएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कर फर्स्योट आयोगका अध्यक्ष लुम्बध्वज महत तथा सदस्यहरू उमेशप्रसाद ढकाल र चूडामणि शर्मा ढकाललाई प्रतिवादी बनाई दुईवटा मुद्दा दायर गरेको थियो। तीनै प्रतिवादीका कानुन व्यवसायीले कोबाट कति रकम लिएको भन्ने ठोस आधार र प्रमाण नभएका कारण तीनैजनाले सफाइ पाउने तर्क गरेका थिए।

तर, हालै सार्वजनिक फैसलाको पूर्णपाठमा पदाधिकारीको व्यवहार अवाञ्छित र दोषपूर्ण देखिएको छ। 'कर्तालले गरेको कार्यको प्रकृति, सम्भावित परिणाम र सो परिणाम ल्याउन चालेका कदमहरूको समग्रतामा नै मनसाय तत्त्वको खोजी गर्नुपर्ने हुन्छ। प्रतिवादीहरूले आफ्नो कार्यको सम्भावित परिणाम यस्तो हुन सक्छ भन्ने जानकारी वा ज्ञान राखेको देखिएन,' विशेषका अध्यक्ष श्रीकान्त पौडेल तथा सदस्यद्वय यमुना भट्टराई र शालिग्राम कोइरालाको इजलासले गरेको फैसलामा भनिएको छ, 'यसर्थ प्रतिवादीहरूले लिए खाएको प्रमाण पेस नभए तापनि माथि विवेचना भएबमोजिम निजहरूको मनसाय, बदनियत र कार्य पुष्टि भएकाले उक्त जिकिरसँग सहमत हुन सकिएन।'

फैसलाको पूर्णपाठमा 'कर फर्स्योट आयोगले करदातासँग सम्झौता गर्दा कर छुट दिनुपर्ने औचित्य, आधार र कारणसमेत नखुलाई के कति कर बक्यौता थियो, कति मिनाहा गरेको हो भन्नेसमेत उल्लेख नगरिएको तथा न्यून रकममा सम्झौता गरेको कारण पहिले करदाताले बुझाएको रकमसमेत बढी हुन गई बक्यौता असुलीको सट्टा राज्यकोषमा जम्मा भएको रकम उल्टै फिर्ता दिनुपरेको कारण राज्यलाई थप हानि नोक्सानी पुगेको,' भनिएको छ।

कर छुटको सम्झौता गर्दा कुन आधार लिइएको र कुन कानुनी आधारमा छुट पाएको हो सोसमेत उल्लेख नगरी छुट दिएको निष्कर्ष इजलासको छ। 'आपराधिक कार्यबाट नै प्रतिवादीहरूको बदनियत र मनसाय तत्त्व खोजिने र हेरिने विषय भएको र प्रतिवादीहरूले गरेको कार्यको प्रकृति, सम्भावित परिणाम र सो परिणाम ल्याउन निजहरूले चालेका कदमहरूको समग्रतामा दाबीको कसुर गर्ने प्रतिवादीहरूको मनसाय र बदनियत पुष्टि हुन आएको,' पूर्णपाठमा छ।



सदस्यहरू अध्यक्षको प्रभावमा परे



लुम्बध्वज महत | उमेशप्रसाद ढकाल | चूडामणि शर्मा ढकाल

विशेष अदालतले अध्यक्षको प्रभावमा परेर सदस्यहरूले कर छुटको सम्झौता गरेको उल्लेख गरेको छ। एनसेलका लेखा परीक्षकसमेत रहेका आयोगका अध्यक्ष महतले हस्ताक्षर नगरे पनि प्रभाव पारेको फैसलामा जनाइएको छ। एनसेल प्रालिको कर छुटका विषयमा विशेषले फैसलामा भनेको छ, 'करदाता स्वयंले केही विषयमा सहमति जनाई कर दाखिला गरेको र केही विषयमा अहसहमति जनाई प्रशासकीय पुनरावलोकन तथा राजस्व न्यायाधिकरणमा पुनरावेदन विचाराधीन रहेको अवस्थामा तथा एनसेल प्रालिको वित्तीय लेखा परीक्षक प्रतिवादी लुम्बध्वज महत स्वयं आयोगको अध्यक्ष भएको अवस्थामा त्यहाँ स्वार्थ हुनेमा अध्यक्षले सम्झौतामा दस्तखतसम्म नगरेको भरमा स्वार्थप्रेरित निर्णय हुँदैन भन्ने अवस्था देखिँदैन। आयोगका अन्य सदस्यहरू अध्यक्षको प्रभावमा परी निर्णय गरेको देखिन्छ। उक्त कम्पनी नेपालको सबैभन्दा बढी खुद मुनाफा आर्जन गर्ने कम्पनी भएको र जसको २०७२ असारसम्मको सञ्चित मुनाफा मात्र ७० अर्बको हाराहारीमा रहेकोमा करदाताले के कुन आधार र कारणबाट कर मिनाहा पाउने भन्ने कानुनी आधार प्रमाण देखिँदैन।'

करदाताले पेस गरेको निवेदन, आयोगसँग भएको सम्झौता र कर निर्धारणसम्बन्धी कागजात हेरेपछि वस्तुनिष्ठ आधार र कारणविने कर छुट दिएको ठहर इजलासको छ। कर छुटको सम्झौता गर्दा अध्यक्ष महत उपस्थित थिएनन्। तर, त्यसको कारण कति जनाइएको छैन। महत एनसेलका लेखापरीक्षक पनि थिए। आयोगको ऐनमा कर छुटका लागि निवेदन परेमा आयोगका अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यले स्वीकृति दिने वा नदिने निर्णय गर्ने व्यवस्था छ। 'सोबमोजिम अध्यक्षले स्वीकृति दिएको नदेखिएको तथा कर फर्स्योट गरी पाऊँ भनी करदाताले दिएको निवेदनमा आयोगका सदस्य उमेशप्रसाद ढकालले तोक लगाएको देखियो। तर, उमेशप्रसाद ढकाललाई कर फर्स्योट कार्य प्रणाली, २०७१ को दफा ६(क) बमोजिम अध्यक्षले स्वीकृति दिने निर्णय गरेको देखिएन। यसर्थ, प्रतिवादीहरूले बदनियतपूर्वक स्वार्थको द्वन्द्व भएको र कानुनबमोजिम क्षेत्राधिकार नभएको विषयमा सम्झौता गरी आरोप दाबीबमोजिम रु. ९२,६८,३४,०१६ सरकारी राजस्व हानि नोक्सानी गरेको पुष्टि हुन आयो,' फैसलामा छ।

शर्मासमेत प्रतिवादी रहेका दुईवटा मुद्दामा विशेषले एकैदिन फैसला गरेको थियो। दुईवटामध्ये पहिलो १ साउन २०७४ मा र अर्को ९ असार २०७८ मा मुद्दा दर्ता भएको थियो। यसमाथि विशेषले गत १८ जेठमा कसुर ठहर हुने फैसला गरेको थियो भने ५ असारमा सजाय निर्धारण भएको थियो।

फैसलाअनुसार आयोगका अध्यक्ष महतसमेत तीनैजना प्रतिवादीलाई कैद सजाय सुनाइएको थियो। महतलाई ९ वर्ष एक महिना र ढकाल तथा शर्मालाई ९-९ वर्ष कैद सजाय भएको हो। विशेषले तीनै प्रतिवादीबाट जनही २ अर्ब ५ करोड २३ लाख रुपैयाँभन्दा बढी बिगो भराउने फैसला गरेको थियो। साथै, तोकिएको बिगो रकमको दोब्बर जरिवाना जनही तिराउने फैसलामा उल्लेख छ। तीनैजना प्रतिवादीले बिगो रकमका साथै जनही ४ अर्ब १० करोड रुपैयाँभन्दा बढी जरिवाना तिर्नुपर्ने फैसला भएको थियो।

आन्तरिक राजस्व विभागका पूर्वमहानिर्देशक तथा कर फर्स्योट आयोगका सदस्य चूडामणि शर्मा ढकालमाथि अख्तियारले विभिन्न मितिमा तीनवटा भ्रष्टाचार मुद्दा दायर गरेकोमा दुईवटामा दोषी ठहर भएको थियो। गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा भने उनलाई विशेषले सफाइ दिएको हो।

महतले अध्यक्षता गरेको आयोगबाट कर फर्स्योटका लागि सम्झौता भएका करदातामध्ये केहीलाई बदनियतपूर्वक १० अर्ब २ करोड रुपैयाँभन्दा बढी कर छुट तथा मिनाहा गरेको अख्तियारको दाबी थियो। आयोगलाई दिइएको म्यान्डेटभन्दा बाहिर गई आफूलाई फाइदा हुने गरी करदाताहरूसँग सम्झौता गरेको कारण राज्यलाई आउनुपर्ने राजस्व नउठेको र नोक्सानी भएको दाबी सरकारी पक्षको थियो।

दोस्रोपटकको अनुसन्धानमा पनि तीनैजना संलग्न देखिएपछि अख्तियारले राजस्व चुहावटमै फेरि मुद्दा दायर गरेको थियो। अख्तियारले ९ असार २०७८ मा कर फर्स्योट सम्झौता गर्दा मनोमानी किसिमले गरेको पुष्टि भएको दाबीसहित फेरि तीनैजनाविरुद्ध १ अर्ब ३३ लाख रुपैयाँभन्दा बढी रकम बिगो मागदाबी गर्दै मुद्दा दायर गरेको थियो।

विशेषले फैसलाअघि ३ जेठमा विशेषज्ञ भिकाउने आदेश गरेको थियो। जसअनुसार महालेखापरीक्षकको कार्यालय र आन्तरिक राजस्व कार्यालयबाट विज्ञहरूले राय व्यक्त गरेका थिए। जसका आधारमा विशेषले फैसला गरेको हो। कर मिनाहा गरेका हरेक सम्झौताको अध्ययन गरी विशेषले अन्तिम आदेश जारी गरेको हो। कतिपय कम्पनीको निवेदनै नपरेको वर्षको र विषयको समेत आयोगले कर मिनाहा गरेको फैसलामा उल्लेख छ।

सवा ९ करोड भ्रष्टाचार गरेका खड्कालाई थप जरिवाना नहुने

पदबाट निवृत्त भएपछि मुद्दा चलेकाले थप सजाय गर्न नपर्ने विशेषको ठहर

नयाँ पत्रिका



एक वर्ष तीन महिना कैद सजाय र नौ करोड १९ लाख रूपैयाँभन्दा बढी रकम जरिवाना भोगेका नेपाल आयल निगमका पूर्वकार्यकारी निर्देशक गोपाल खड्कालाई थप सजाय नहुने भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले थप सजाय माग गरेको भए पनि विशेष अदालतको हालै सार्वजनिक पूर्णपाठमा जाँच अवधिमा उनी विशिष्ट पदमा नरहेका कारण थप सजाय नगरिएको उल्लेख छ।

विशेषका अध्यक्ष श्रीकान्त पौडेल तथा सदस्यद्वय शालिग्राम कोइराला र खुसीप्रसाद थारूको इजलासले उनीविरुद्ध उनी सेवानिवृत्त भएपछि मुद्दा दायर भएका कारण थप सजाय नगरिएको स्पष्ट गरेको छ। खड्कालाई विशेषले यसै वर्ष १५ असारमा दोषी ठहर गर्दै एक वर्ष तीन महिना कैद सजाय र स्रोत खुल्न नसकेको नौ करोड १९ लाख रूपैयाँभन्दा बढी रकम जरिवाना हुने फैसला गरेको थियो।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय गर्नसमेत अख्तियारले माग गरेको थियो। उक्त दफामा संवैधानिक अंग वा निकायका पदाधिकारी, राष्ट्रपतिबाट मनोनयन वा नियुक्त हुने पदाधिकारी, नेपाल सरकारका विशिष्ट श्रेणी वा सोसरहका पदाधिकारी, सार्वजनिक संस्थाका महाप्रबन्धक वा सोसरहका पदाधिकारीले भ्रष्टाचारजन्य कसुर गरेमा तीन वर्षसम्म कैद थप हुन सक्ने व्यवस्था छ।

तर, उक्त व्यवस्थाबमोजिम सजाय नगर्नुको कारणबारे विशेषले फैसलामा भनेको छ, '..विशिष्ट श्रेणीसरहको पदमा बहाल रहनुभन्दा अगाडिको सेवा अवधिको सम्पत्ति पनि गणना गरिएको र निज सेवाबाट अवकाश भएपछि आरोपपत्र दायर भएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिमको थप सजाय गर्नुपर्ने अवस्था देखिएन।'

खड्का २०३६ सालमा सरकारी सेवामा प्रवेश गरेका हुन्। उनले सडक विभाग, आयल निगमजस्ता संस्थामा रहेर काम गरिसकेका छन्। खड्काको वैध आय आठ करोड ६४ लाख रूपैयाँ हुनुपर्नेमा खर्च तथा लगानी नै २७ करोड ३० लाख देखिएको भन्दै बढी हुन आउने रकम खड्काले भ्रष्टाचार गरी आर्जन गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दाबी थियो। उनका २० वटा एकल स्वामित्वका बैंक खाता भेटिएका थिए भने एउटामा उनी र श्रीमती शर्मिलाको संयुक्त खाता थियो।

अख्तियारले २३ पुस ०७५ मा खड्काविरुद्ध गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको अभियोगमा मुद्दा दायर गरेको थियो। उनले गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति श्रीमती शर्मिला खड्का र अमिता लामा सोदेम्बाका नाममा राखेको दाबी अभियोगपत्रमा थियो। शर्मिला र अमितालाई जफत प्रयोजनका लागि प्रतिवादी कायम गरिएको थियो। उक्त मुद्दामा फैसला गर्दै विशेषले आंशिक ठहरको फैसला गरेको हो।

विशेषमा खड्काले दुई करोड ५० लाख रूपैयाँ दाखिला गरेको कारण बाँकी ६ करोड ६९ लाख रुपैयाँ जरिवानाबापतको रकम सदरस्याहा गर्न आदेश भएको छ। खड्काका नाममा बुढानीलकण्ठ र भक्तपुरमा रहेका जग्गाका साथै सिपाडोलस्थित घर र बुढानीलकण्ठको घर पनि जफत भएका छन्। फैसलामा उनको नाममा रहेको नामी कलेजको २६ हजार कित्ता सेयर र घर खरिदका लागि खड्काले दिएको भुक्तानी रकम पनि जफत हुने भएको छ। खड्काकी श्रीमती शर्मिलाका नाममा दुईवटा घर जग्गा रहेकोमा ती दुवै जफत हुने फैसलामा छ।

अख्तियारले खड्काविरुद्ध १८ करोड ६६ लाख रुपैयाँभन्दा बढीको गैरकानुनी सम्पत्ति रहेको देखाउँदै मुद्दा चलाएको थियो। निगमले पेट्रोलियम पदार्थ भण्डारणका लागि चितवन, सर्लाही, झापासहितका विभिन्न स्थानमा जग्गा खरिद गर्दासमेत भ्रष्टाचार भएको विषयमा पनि खड्काको नाम मुछिएको थियो। आयल निगमका तत्कालीन अध्यक्ष प्रेम राई र महाप्रबन्धक खड्काले ती जग्गा खरिदका लागि प्रक्रिया अघि बढाएका थिए। राई हाल अख्तियारको प्रमुख आयुक्त छन्।

संक्षेप

प्रधानसेनापति शर्मा र बेलायती समकक्षीबीच भेट

काठमाडौं / प्रधानसेनापति प्रभुराम शर्माले बेलायतका सेनाध्यक्ष जनरल सर प्याट्रिक स्यान्डर्ससँग बिहीबार भेटवार्ता गरेका छन्। लन्डनस्थित सैनिक मुख्यालयमा भएको भेटमा बेलायती सेनाध्यक्षले नेपाली सेनाको पेसागत क्षमता अभिवृद्धिमा सहयोग निरन्तर रहने आश्वासन दिए। भेटमा द्विपक्षीय सैनिक सम्बन्ध, आपसी सहयोग तथा चासोबारे छलफल भएको सैनिक सूचना तथा जनसम्पर्क निर्देशनालयले जनाएको छ। सो अवसरमा नेपाली सेनाका सैनिक तालिम महानिर्देशक उपरथी सन्तोषकुमार ढकाल, बेलायतका लागि सैनिक सहचारी सहायक रथी रत्नबहादुर गोदार र नेपालका लागि बेलायती सैनिक सहचारी कर्णेल पाउल स्मिथ पनि थिए।

असइ कार्कीलाई ६ वर्ष कैद

काठमाडौं / नक्सालस्थित नेपाल प्रहरीको पेट्रोल पम्पमा भ्रष्टाचार गर्ने प्रहरी सहायक निरीक्षक दिलीप कार्कीलाई विशेष अदालतले कैद तथा जरिवाना हुने सजाय सुनाएको छ। बिहीबार विशेष अदालतका न्यायाधीशहरू यमुना भट्टराई, शालिग्राम कोइराला र बलभद्र बास्तोलाको इजलासले कार्कीलाई ६ वर्ष कैद सजाय सुनाएको हो। प्रहरी कल्याण कोषबाट सञ्चालित पेट्रोल पम्पमा रहँदा कार्कीले एक करोड रुपैयाँभन्दा बढी भ्रष्टाचार गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दाबी थियो। सो मुद्दामा फैसला गर्दै विशेष अदालतले १५ असोजमा कसुर कायम गरेको थियो। दुई वर्षअघि दायर मुद्दामा बिहीबारका लागि सजाय निर्धारण पेसी तोकिएको थियो।

बाँके र सर्लाहीका सिडिओ, एसपी तानिए

काठमाडौं / गृह मन्त्रालयले बाँके र सर्लाहीका प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखलाई हटाएको छ। हालै ती जिल्लामा शान्ति सुरक्षाको अवस्था खस्किएपछि कारबाहीस्वरूप सिडिओ र एसपीलाई हटाइएको गृह मन्त्रालयले नजाएको छ। बाँकेमा विपिन आचार्य सिडिओ तथा सन्तोषसिंह राठौर प्रहरी प्रमुखका रूपमा कार्यरत थिए। उनीहरूलाई हटाएर सिडिओमा श्रवणकुमार तिमिल्सिना र प्रहरी प्रमुखमा सुवासचन्द्र बोहरालाई खटाइएको छ। त्यस्तै, सर्लाहीका सिडिओ इन्द्रदेव यादव र एसपी नरेशराज सुवेदीको पनि सरुवा गरिएको छ। सिडिओमा कोमलप्रसाद धमला र एसपी प्रवीण धितालललाई खटाइएको छ। कारबाहीमा परेका सिडिओ यादवलाई इलामको सिडिओमा खटाइएको छ। बाँके र सर्लाहीमा हालै हिन्दू-मुस्लिमबीच सद्भाव खलबलिँदा शान्ति सुरक्षाको अवस्था बिग्रिएको थियो। शान्ति सुरक्षामा चुकेपछि कारबाहीस्वरूप दुई जिल्लाका सिडिओ र एसपीलाई हटाइएको गृह मन्त्रालय स्रोत बताउँछ। प्रहरी प्रधान कार्यालयले रुपन्देही, सिराहा तथा धनुषाका एसपीको पनि कार्यसम्पादन राम्रो नभएका उजुरी धेरै आएकाले सरुवा गर्नेबारे छलफल भइरहेको एक उच्च प्रहरी अधिकारीले बताए। दोलखाका सिडिओ पनि फेरिएका छन्। त्यहाँ गृह मन्त्रालयमा कार्यरत टुवराज पोखरेललाई पठाइएको छ। यसअघि दोलखामा कोमलप्रसाद धमला कार्यरत थिए।

बस र मोटरसाइकल जुध्दा एकको मृत्यु

धादिङ / पृथ्वी राजमार्गअन्तर्गत धादिङको बेनीघाट रोराङ गाउँपालिका- ९ मझिमटारमा बस र मोटरसाइकल आपसमा ठक्कर खाँदा एकजनाको ज्यान गएको छ। दुर्घटनामा परी घाइते बनेका ३३ वर्षीय राजेश गिरीको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी उपरीक्षक गौतम मिश्रले बताए। उनका अनुसार काठमाडौंबाट बर्दियातर्फ जाँदै गरेको भे.१ख ४०४९ नम्बरको बस र विपरीत दिशाबाट आउँदै गरेको बागमती प्रदेश ०२०४० प ५०८० नम्बरको मोटरसाइकल आपसमा ठक्कर खाएका हुन्। दुर्घटनामा परी घाइते बनेका गिरीको राजमार्ग अस्पताल मलेखुमा सामान्य उपचारपछि थप उपचारका लागि काठमाडौं लगिएको थियो। गिरीको ललितपुरस्थित बी एन्ड बी अस्पतालमा बिहीबार बिहान ज्यान गएको हो। बसचालकलाई प्रहरीले नियन्त्रणमा लिएको मिश्रले बताए।

कैलाशमा 'गर्भवतीसँग पालिका प्रमुख कार्यक्रम'

मकवानपुर / कैलाश गाउँपालिकामा बर्थिङ सेन्टर तथा भिडियो एक्सरे सेवा सञ्चालनमा आएको छ। वडा नम्बर ७ मा रहेको स्वास्थ्य चौकीमा 'गर्भवतीसँग पालिका प्रमुख कार्यक्रम'अन्तर्गत कार्यक्रमको सुरुवात गरिएको गाउँपालिका अध्यक्ष लोकबहादुर मोक्तानले जानकारी दिए। पहिलो दिनमै ४० महिलाले परीक्षण गराएका छन्। चेपाङ र तामाङ समुदायको बाहुल्य रहेको पालिकामा नियमित गर्भवती परीक्षण गराउनै समस्या हुने भएकाले स्वास्थ्य चौकीमै विशेषज्ञका साथ भिडियो एक्सरे सेवा सुरु गरिएको अध्यक्ष मोक्तानले बताए। उनले गाउँपालिकाको वार्षिक कार्यक्रमअन्तर्गत 'गर्भवतीसँग पालिका प्रमुख कार्यक्रम' सुरु गरेको बताए। हेटौंडा अस्पतालका डा. विदुर भण्डारीसँगको सहकार्यमा महिनाको दुईपटक गाउँपालिकामा स्वास्थ्य सेवा दिने उनको भनाइ छ।

संसद्मा उठ्यो भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको कालापानी भ्रमणको मुद्दा

नयाँ पत्रिका



रवि लामिछाने
सभापति, रास्वपा

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाली भूभाग कालापानी भ्रमण गरेको विषय संसद्मा उठेको छ। मोदीले नेपालको दार्चुलाअन्तर्गत पर्ने कालापानी क्षेत्रको कुटी, नाभी, गुन्जी गाउँको अवलोकन गरेपछि प्रतिनिधिसभाको बिहीबार बसेको बैठकमा सांसदहरूले सरकारको ध्यानाकर्षण गराएका हुन्।

रास्वपा सभापति रवि लामिछानेले मोदीको भ्रमणबारे सदनलाई जानकारी गराउन माग गरे। 'छिमेकी राष्ट्र भारतका प्रधानमन्त्री नरेन्द्र मोदी हाम्रो भूभागमा आउनुभएको रहेछ। चुच्चे नक्साभित्र पर्ने नेपाली गाउँ कुटी, नाभी र गुन्जीमा भारतका प्रधानमन्त्रीले भ्रमण गर्नुभयो। तर, न सरकारले स्वागत गरेको छ, न देशलाई जानकारी गराएको छ,' उनले भने।

प्रमुख जिल्ला अधिकारीसँग कुरा गर्दा मोदीको भ्रमणबारे जानकारी पाएको, तर त्यहाँ आफूहरू जान नपाउने प्रतिक्रिया दिएको उल्लेख गर्दै लामिछानेले सोधे, 'छिमेकी देशमा प्रधानमन्त्रीको आफ्नो भूमिमा यति ठूलो भ्रमणबारे सरकारले जनता र सदनलाई जानकारी दिनुपर्दैन ? छिमेकी राष्ट्रको सरकार प्रमुख हाम्रो भूमिमा आउँदा कुनै स्वागत वा औपचारिक कार्यक्रम हुनुपर्दैन ? कुनै औपचारिकता हुँदैन ?'

मोदीको भ्रमणबारे परराष्ट्र मन्त्रालयले वास्तविकता के हो भनेर सदनलाई जानकारी गराउन उनले सरकारको ध्यानाकर्षण गराए। 'हामीले भोग गरेको, प्राप्त गरेको भूभाग भएकाले त्यहाँ आउनुभएको छिमेकी राष्ट्रको प्रधानमन्त्रीलाई हामीले औपचारिक पूरा गर्नुपर्ने हो, यसको जवाफ सरकारबाट सदनलाई यथाशीघ्र होस्,' उनले भने।

सांसद विनिता कठायतले उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीसहित भारतका प्रधानमन्त्री कालापानी पुगेको भन्दै भ्रमण केका लागि भनेर प्रश्न गरिन्। 'अचानक यस्तो भ्रमण केका लागि हुँदै छ ? नेपाली भूभागमा अचानक विना कुनै जानकारी यसप्रकारको भ्रमणलाई के भनेर बुझ्ने ? के-कति कारणले भएको पत्ता लगाउन परराष्ट्रमन्त्रीको ध्यानाकर्षण गराउँछु,' उनले भनिन्।

सांसदहरूले इजरायलमा रहेको नेपालीलाई स्वदेश फर्काउन, चाडपर्वको मुखमा बजारमा बढेको महँगी र कालोबजारी नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराएका थिए।

बैठकमा कानुन, न्याय तथा मानव अधिकार समिति सभापति विमला सुवेदीले सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकमा दफावार छलफल गरी समितिले तयार पारेको प्रतिवेदन पेस गरेकी थिइन्। यसैगरी, शिक्षामन्त्री अशोक राईको प्रस्तावमा प्रतिनिधिसभाले विद्यालय शिक्षा विधेयक दफावार छलफलका लागि विषयगत समितिमा पठाएको थियो।

रिगलको कैद माफीको मुद्दामा दसैंपछि मात्र सुनुवाइ हुने

नयाँ पत्रिका



योगराज ढकाल रिगलको कैद माफीविरुद्धको सुनुवाइ दसैंपछि मात्र हुने भएको छ। बिहीबार पेसीको मिति तोकिए पनि प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले आफूले हेर्न नमिल्ने भन्दै इजलास छाडेपछि यो मुद्दाको अर्को पेसी तोकिएको हो।

यसअघि नै एक न्यायाधीशको इजलासबाट यो मुद्दालाई पूर्णमा पेस गर्न भनी पेसीसमेत तोकेर आदेश भएको थियो। जसअनुसार प्रधानन्यायाधीश श्रेष्ठ र न्यायाधीशहरू आनन्दमोहन भट्टराई र कुमार रेग्मीको इजलासमा यो रिट पेस भएको हो। तर, आफूले यसअघि पनि यस्तै प्रकृतिको मुद्दा हेरिसकेको भन्दै प्रधानन्यायाधीश श्रेष्ठले 'रेक्युजल' गरेका हुन्। इजलासले १४ कात्तिकका लागि अर्को पेसी तोकेको छ।

गत १८ असोजमा न्यायाधीश मनोजकुमार शर्माको इजलासबाट आठबुँदे आदेश भएको थियो। जसमा महान्यायाधिवक्तालाई नै प्रत्यर्थीका तर्फबाट बहस गर्न भनी डाकिएको थियो भने स्थगित नहुने गरी एक साताभित्रै पूर्ण इजलासमा पेस गर्ने आदेश भएको थियो। साथै, गृह मन्त्रालयलाई निवेदकको परिवारलाई सुरक्षा दिनसमेत भनिएको थियो। विपक्षीहरूबाट ६ दिनभित्रै लिखित जवाफ माग गर्ने र माफी मिनाहा सम्बन्धका निर्णयको सक्कल कागजात राष्ट्रपति कार्यालय वा जुन कार्यालयमा छन्, त्यहाँबाट झिकाउन न्यायाधीश शर्माको इजलासबाट आदेश भएको थियो।

नेपालगन्जका रिगलले स्थानीय चेतन मानन्धरलाई २८ असार ०७२ मा खुँडा प्रहार गरी हत्या गरेका थिए। रिगलसमेत १५ जनाको समूहले उनको हत्या गरेको थियो। त्यसपछि ११ वैशाख ०७५ मा जिल्ला अदालत बाँकेले रिगललाई सर्वस्वसहित जन्मकैदको फैसला गरेको थियो। पुनरावेदन अदालत नेपालगन्जले पनि उक्त फैसला सर्वस्वसहितको हकमा बाहेक सदर गरेको थियो। २८ माघ ०७६ मा उच्चबाट भएको उक्त निर्णयलाई रिगलले सर्वोच्चमा चुनौती दिएका थिए। तर, गत ८ भदौमा आफ्नो पुनरावेदन जिकिरका लागि प्रमाण नपुग्ने भन्दै पुनरावेदन फिर्ता लिएका थिए। न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र मनोजकुमार शर्माको इजलासले १० भदौमा निवेदन फिर्ता हुने फैसला सुनाएको थियो। निवेदन फिर्ता भएको एक महिना पनि नपुग्दै रिगललाई ३ असोजमा राष्ट्रपतिले आममाफी दिने सरकारको निर्णय सदर गरेका थिए।

मन्त्रिपरिषद् बैठकबाट सरकारले व्यक्ति हत्याको अभियोगमा जन्मकैद सजाय पाएका रिगलको समेत कैद माफ गर्ने निर्णय गरेको थियो। माथिल्लो अदालतमा विचाराधीन मुद्दा फिर्ता वा कैद माफी गर्न नसकिने कानुनी व्यवस्थाका कारण उनले सर्वोच्चबाट मुद्दा फिर्ता लिएका हुन्। उक्त सजाय माफीविरुद्ध मानन्धरकी पत्नी भारती शेर्पा १४ असोजमा सर्वोच्च पुगेकी थिइन्। रिगलको कैद माफीविरुद्ध उनले रिट दायर गर्दै उक्त निर्णय खारेज गर्न माग गरेकी छिन्।

'विचाराधीन मुद्दामा माफीका लागि प्रक्रिया बढाउन नमिल्ने भन्ने उल्लेखित कानुनको विपरीत सजाय माफीको कारबाही अगाडि बढाएको विपक्षी गृह मन्त्रालयको कामकारबाही मिलेको छैन। विपक्षी गृह मन्त्रालयसमेतको कामकारबाहीले अख्तियारसमेतको दुरुपयोग भएको छ,' शेर्पाको रिटमा भनिएको छ।

■ जगडोलमा लुटेरामाथि गोली प्रहार

पक्राउ परेकामध्ये एक ज्यान मार्ने उद्योगमा फरार प्रतिवादी, अर्को सजाय भुक्तान गरेको प्रतिवादी

काठमाडौं / काठमाडौंको गोकर्णेश्वर नगरपालिका- ३ जगडोलमा गोली लागेर घाइते भएका सिन्धुलीका ३६ वर्षीय अमर घलान ज्यान मार्ने उद्योगमा सजाय भुक्तान गरेको प्रतिवादी रहेको खुलेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले गरेको गोली प्रहारबाट उनी घाइते भएका थिए। उनको खुट्टामा गोली लागेको थियो।

घटनास्थलबाट प्रहरीले एउटा पेस्तोलमा सात राउन्ड गोलीसहित सर्लाहीका ३६ वर्षीय सन्त लामा र सिन्धुपाल्चोकका ३० वर्षीय जितेन लामालाई पनि पक्राउ गरेको छ। सन्त पनि ज्यान मार्ने उद्योगका फरार प्रतिवादी रहेको अनुसन्धान कार्यालयका प्रवक्ता एसपी वीन्द्र रेग्मीले जानकारी दिए। 'लुटेरा समूह पछ्याउने क्रममा गोली चलेको हो। यसक्रममा एकजना घाइते भएका छन्। घटनास्थलबाट पेस्तोल र गोली पनि बरामद भएको छ। पक्राउ परेका तीनमध्ये एक ज्यान मार्ने उद्योगको फरार प्रतिवादी र अर्को सजाय भुक्तान गरेर बसेको प्रतिवादी रहेको खुलेको छ,' उनले भने।

अनुसन्धान कार्यालयका अनुसार प्रहरीले उनीहरूलाई एक महिनादेखि निगरानीमा राखेको थियो। उनीहरू जगडोल रहेको खुलेपछि प्रहरी पछ्याउँदै घटनास्थल पुगेको थियो। प्रहरीका अनुसार पछ्याएको थाहा पाएपछि उनीहरूले प्रहरीतर्फ लक्षित गर्दै गोली प्रहार गर्न खोजेका थिए। सोही क्रममा प्रहरीले उनीहरूलाई गोली प्रहार गरेको थियो। घाइते घलानको अहिले अत्तरखेलस्थित अस्पतालमा उपचार भइरहेको छ। 'प्रहरीले महिना दिनदेखि उनीहरूको निगरानी गरिरहेको थियो। यही क्रममा उनीहरू बिहीबार जगडोल रहेको खुल्यो। प्रहरी टोली पछ्याउँदै त्यहाँ पुगेपछि तर्सिएका उनीहरूले गोली प्रहार गर्न खोजे। यसैको प्रतिकार गर्दै प्रहरीले गोली प्रहारपछि एकजना घाइते हुन पुगे,' उनले भने।

मन्त्रालयकै ढाँचामा अभ्यास गर्दै एमालेका विभाग

केन्द्रीय विभागहरूले गर्ने सम्पूर्ण कामको अनुगमन, समन्वय र निर्देशनको जिम्मेवारी उपाध्यक्षहरूलाई

● सरकार र सदनलाई जनपक्षीय बनाउने प्रयास छ

राजेन्द्र गौतम, प्रचार विभाग प्रमुख



पार्टीले धेरैजसो केन्द्रीय विभाग सरकारका मन्त्रालयलाई नै आधार मानेर बनाएकाले उनीहरूले नीतिगत र प्रत्यक्ष जनसरोकारका विषयमा केन्द्रित रहेर काम गरिरहेका छन्। अहिले पार्टी प्रतिपक्षमा रहेकाले समसामयिक र जनसरोकारका विषयमा सरकार र संसद्को ध्यानाकर्षण गराउने, आवश्यकताअनुसार पार्टीलाई सडक संघर्षमा जान सुझाव दिनेलगायत काम भइरहेका छन्



● समन्वयको अनुभूति भएको छैन

महेश बर्तौला, सचेतक, एमाले



पार्टीका विभागहरूले आफ्नो हिसाबले काम गरिरहँदा पार्टीका सांसदहरूसँगको समन्वयमा भएको छैन, र संस्थागत हिसाबले जोडिने अवस्था बनेको छैन। सचेतकका हिसाबले भन्नुपर्दा त्यस्तो समन्वयको अनुभूति मलाई अहिलेसम्म भएको छैन।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

प्रमुख विपक्षी दल एमालेका केन्द्रीय विभागहरूले सरकारका मन्त्रालयकै ढाँचामा काम गर्ने अभ्यास गरिरहेका छन्। ३२ केन्द्रीय विभागलाई असारभित्र कार्ययोजना बनाउन लगाएर एमाले केन्द्रीय सचिवालयले उनीहरूलाई मन्त्रालयकै ढाँचामा क्रियाशील गराउने अभ्यास थालेको हो।

अधिकांश विभागले आ-आफ्ना क्षेत्रमा गर्नुपर्ने नीतिगत र कानुनी सुधारबारे पार्टीको केन्द्रीय सचिवालयलाई सुझाव दिने गरी अध्ययन कार्यदल बनाएर काम गरेका छन्। त्यसैअनुसार ती विभागले मन्त्रालयमा माग राखेर ध्यानाकर्षण र दबाब दिने, जनसरोकार र समसामायिक विषयविज्ञ तथा सरोकारवालासँग अन्तर्क्रिया गर्नेलगायतका काम गरिरहेका छन्।

३२ विभागमध्ये पछिल्ला दिनमा संगठन, परराष्ट्र, उपभोक्ता हित तथा सुशासन, स्वास्थ्य तथा जनसंख्या, प्रचार तथा प्रकाशन, अर्थ तथा योजना, उद्योग तथा आपूर्ति, सामाजिक सुरक्षालगायतका एक दर्जन विभाग बढी क्रियाशील छन्। कतिपय विभागले गरेका अध्ययनलाई सदन र सडक दुवैतिर उठाउने पार्टीको योजना छ। उपभोक्ता हित संरक्षण विभागले 'बढ्दो महँगी र उपभोक्ता हितको सवाल'मा अन्तर्क्रियामार्फत उठाएको विषय पार्टीले सदन र सडक दुवैतिर उठाउने गरी आन्तरिक गृहकार्यसमेत गरेको छ। दसैँजस्तो राष्ट्रिय चाड नजिकिरहँदा महँगी र कालाबजारीको समस्या जटिल बनेको भन्दै एमालेले ती विषयलाई दुवैतिर उठाउने गरी विभागलाई बढी क्रियाशील गराएको हो।

सोमबार विभागले आयोजना गरेको कार्यक्रममा एमाले अध्यक्ष केपी ओलीले उपभोक्ताको हित संरक्षण गर्ने कर्तव्य प्रमुख रूपमा सरकारको भए पनि वर्तमान सरकार उपभोक्ताप्रति गैरजिम्मेवार रहेको आरोप लगाएका थिए। चाडबाडको समयमा उपभोक्ता कृत्रिम अभाव र मूल्यवृद्धिको मारमा बढी पर्ने गरेको प्रसंग उठाउँदै ओलीले त्यसलाई सशक्त रूपमा उठाउन निर्देशनसमेत दिएका थिए।

विभागले कार्यक्रममार्फत निकालेको निष्कर्ष प्रधानमन्त्रीलाई भेटेरै ध्यानाकर्षण गराउने उनको भनाइ थियो। 'उपभोक्ता कृत्रिम अभाव र मूल्यवृद्धिका कारण मर्कामा नपरून्, चाडवाड खुसीसाथ मनाउन सकून्,' यस्तो वातावरणका लागि सरकार र प्रधानमन्त्रीसँग म कुरा गर्छु,' उनको भनाइ थियो।

ओलीले पार्टीका तर्फबाट उपभोक्ता जागरणको काम अभियानका रूपमा जनतामा लैजान र उपभोक्ता हितको क्षेत्रमा काम गर्ने संघसंस्था र अभियन्तालाई उत्पादक, व्यवसायी र उपभोक्ताका समस्या पार्टीमा जानकारी गराउन आग्रह गरेका थिए। साथै, ती विषय संसद्मा उठाइने तथा सरकारको ध्यानाकर्षण गराइने पनि उनले जानकारी गराएका थिए। उद्यमी, उपभोक्ता, व्यवसायीहरूको प्रतिनिधिमूलक प्रमुखहरूलाई बोलाएर एमालेले कार्यक्रम गरेको थियो। यसबीच उपभोक्ता हित संरक्षण विभागले पेट्रोलियम पदार्थमा भइरहेको मूल्यवृद्धि घटाउने उपायबारे सम्बन्धित मन्त्रीलाई भेटेर अलग्गै ज्ञापनसमेत बुझाएको छ। विभागले दुई महिनाकै बीचमा आधा दर्जन काम गरेको छ।

स्थायी समिति सदस्य तथा प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतमले पार्टीले धेरैजसो केन्द्रीय विभाग सरकारका मन्त्रालयलाई नै आधार मानेर बनाएकाले उनीहरूले नीतिगत र प्रत्यक्ष जनसरोकारका विषयमा केन्द्रित रहेर काम गरिरहेको बताए। 'हाम्रा धेरैजसो विभाग मन्त्रालयलाई आधार मानेर बनेकाले उनीहरूले मुख्यतः पार्टीको सचिवालयलाई सम्बन्धित क्षेत्रमा नीतिगत सुझाव दिने गर्छन्। अहिले प्रतिपक्षमा भएकाले समसामायिक र जनसरोकारका विषय उठान गरी सरकारसँग माग राख्ने, संसद्को ध्यानाकर्षण गराउने, दबाब दिने, आवश्यकताअनुसार पार्टीलाई सडक संघर्षमा जान सुझाव दिनेलगायत काम गर्छन्' गौतमले भने, 'विभागले बनाएको कार्ययोजनाअनुसार कार्यान्वयन भए-नभएको अनुगमन गर्ने, विभाग प्रमुखसहितको बैठक राखेर कार्ययोजना कार्यान्वयनमा उपाध्यक्षहरूलाई सहजीकरण गर्ने जिम्मेवारी दिइएको छ।'

उपभोक्ता हितले जस्तै एमालेका अन्य विभागहरूले पनि समसामायिक विषय उठान गर्दै कार्यक्रम गरिरहेका छन्। प्रचार विभागले प्रचार शैलीलाई आधुनिक र प्रविधिमैत्री बनाउने गरी पालिका हुँदै वडा तहसम्म प्रचार सञ्जाल विस्तार गर्ने कार्ययोजना बनाएर सबै प्रदेश र जिल्लामा काम अगाडि बढाएको छ। विभागले समायानुकूल सञ्चार नीति परितर्वन आवश्यक देखिएको भन्दै नीति सुधारका लागि अलग्गै अध्ययन कार्यदल बनाएर काम गराइरहेको छ।

केन्द्रीय संगठन विभागले असार मसान्तसम्म सदस्यता नवीकरण र अद्यावधिक काम सकेर साढे पाँच लाख सदस्यहरूको विवरण सचिवालयललाई बुझाएको छ। आगामी माघभित्र टोल तहसम्मको पार्टी र जनसंगठनका अधिवेशन र पुनर्गठन गर्ने गरी तलसम्म सर्कुलर गरेको छ।

स्वास्थ्य तथा जनसंख्या विभागले स्वास्थ्य विमा र उपचारमा देखिएको समस्याबारे स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतलाई भेटेर ज्ञापनपत्र बुझाई ध्यानाकर्षण गरेको छ। विभाग प्रमुख कृष्णगोपाल श्रेष्ठले चिकित्सा क्षेत्रका समस्या र समाधानका उपायबारे पार्टी अध्यक्षको उपस्थितिमा चिकित्सक अन्तर्क्रिया पनि सम्पन्न गरिएको जानकारी दिए। त्यस्तै, उद्योग, वाणिज्य तथा आपूर्ति विभागले आर्थिक मन्दी र समाधानका विषयमा केन्द्रित रहेर सेमिनार चलाएको छ। खानेपानी तथा सरसफाइ विभागले कार्ययोजना बनाएर काम सुरु गरेको छ।

परराष्ट्र मामिला विभागले समसामायिक अन्तर्राष्ट्रिय विषयमा प्रस्तुति, अन्तर्राष्ट्रिय परिस्थिति र नेपालको परराष्ट्र नीतिबारे दुईवटा फरक-फरक अन्तर्क्रिया गरेको छ। सामाजिक सुरक्षा तथा समाजकल्याण विभागले नेपालमा मानव बेचबिखन तथा ओसारपसार र बालबालिकाको अवस्था विषयक विचार गोष्ठी गरेको छ। साथै, एमालेका देशैभरिका सबै पार्टी कार्यालयलाई अपांगतामैत्री बनाउने गरी भौतिक संरचना बनाउन पहल अगाडि बढाएको छ। भौतिक संरचना अपांगतामैत्री र लैंगिकमैत्री बनाउने स्तनपान कक्षसहितको पार्टी कार्यालयलाई रूपान्तरण गर्ने गरी विभागले काम सुरु गरेको हो। कृषि तथा पशुपक्षी विभागले पनि कार्ययोजना बनाएर काम सुरु गरेको छ।

यी हुन् एमालेका ३२ केन्द्रीय विभाग

अर्थ तथा योजना विभाग, उद्योग वाणिज्य तथा आपूर्ति विभाग, उपभोक्ता हित संरक्षण तथा सुशासन विभाग, ऊर्जा जलस्रोत तथा सिँचाइ विभाग, कृषि तथा पशुपक्षी विभाग, कानुन विभाग, केन्द्रीय पुस्तकालय तथा अभिलेख विभाग, खानेपानी तथा सरसफाइ विभाग, निर्वाचन विभाग, पर्यटन तथा नागरिक उड्डयन विभाग, परराष्ट्र मामिला विभाग, प्रचार तथा प्रकाशन विभाग, पार्टी स्कुल विभाग, भूमि व्यवस्था विभाग, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग, युवा तथा खेलकुद विभाग, राष्ट्रिय हित तथा सुरक्षा विभाग, वन तथा वातावरण विभाग, विज्ञान तथा प्रविधि विभाग, विपत् व्यवस्थापन तथा स्वयंसेवक विभाग, शिक्षा तथा मानवस्रोत विभाग, श्रम तथा रोजगार विभाग, संगठन विभाग, संसदीय विभाग, संघीय मामिला तथा सामान्य प्रशासन विभाग, सामाजिक सुरक्षा तथा समाजकल्याण विभाग, सामाजिक सेवा विभाग, सहकारी तथा गरिबी निवारण विभाग, सहरी विकास विभाग, संस्कृति विभाग, स्थानीय तह विभाग, स्वास्थ्य तथा जनसंख्या विभाग रहेका छन्।

यस्ता छन् उपाध्यक्षका जिम्मेवारी

एमालेले केन्द्रीय विभागले गर्ने सम्पूर्ण कामको अनुगमन, समन्वय र निर्देशनको जिम्मेवारी उपाध्यक्षहरूलाई दिएको छ। १९ जेठमा बसेको सचिवालय बैठकले उपाध्यक्षहरूलाई नीतिगत विषय हेर्ने गरी कामको जिम्मेवारी दिएको हो। जसअनुसार योजना तथा नीतिसँगसम्बन्धी विभागको वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, पूर्वाधार र विकाससँग जोडिएको विभागमा सुरेन्द्र पाण्डे छन्। कृषि तथा उद्यमशीलतासम्बन्धी विभागमा रामबहादुर थापा, सामाजिक विकाससम्बन्धी विभाग अष्टलक्ष्मी शाक्य, मानवस्रोतसँग सम्बन्धी विभाग युवराज ज्ञवाली, सुशासन र सेवा प्रवाहसँग सम्बन्धी विभागका सुवासचन्द्र नेम्वाङ (हालै दिवंगत) र संगठन तथा प्रशिक्षणसँग सम्बन्धी विभागहरूको संयोजन विष्णु पौडेलले गर्ने गरी १९ जेठको बैठकले जिम्मेवारी तोकेको छ। उपाध्यक्षमार्फत ओलीले विभागीय कामको रिपोर्टिङ लिन सामूहिक रूपमा अलग्गै भेटेर कुराकानी पनि गर्ने गरेका छन्।

विभागको नीतिगत काममा पार्टीकै सांसद बेखबर

एमालेका केन्द्रीय विभागहरूले समसामायिक, जनसरोकारका साथै नीतिगत र कानुनी विषयका क्षेत्रमा गरिरहेका कामका विषयमा भने पार्टीकै सांसदहरू अनभिज्ञ हुने गरेका छन्। विभागले संसदीय दलसँग आफूले गरिरहेका कामबारे समन्वय गर्ने कामसमेत नगरेकाले पनि सांसदहरूले दलको नेता या शीर्ष नेताहरूको निर्देशन र परामर्शमा मात्रै संसद् र संसदीय समितिहरूमा विषय उठान गर्ने गरेको सचेतक महेश बर्तौलाले बताए।

'पार्टीका विभागले आफ्नो हिसाबले काम गरिरहँदा पार्टीका सांसदहरूसँग स्वाभाविक रूपमा त्यसबारे समन्वयमा रहनुपर्ने, संस्थागत हिसाबले जोडिनुपर्ने हो, तर त्यस्तो भएको छैन,' सचेतक बर्तौलाले भने, 'विभागमा रहनुभएका कतिपय सांसदहरूले ज्ञान र स्रोतका हिसाबले विभागको कामलाई उपयोग गरेर संसद्मा प्रस्तुति पनि राख्नुभएको होला, तर सचेतकका हिसाबले भन्नुपर्दा त्यस्तो समन्वयको अनुभूतिचाहिँ अहिलेसम्म भएको छैन।'

उनले विधेयक र जनसरोकारका विषय र मुद्दामा पनि विभागले दिएका सुझाव र कामका आधारमा नभएर पार्टीका 'सिनियर' नेताहरूको विचार, सुझाव र निर्देशनअनुसार पार्टीका सांसदहरूले काम गरिरहेको पनि जानकारी दिए। 'सिनियर नेताहरू नै माननीय भएकाले पनि विभागले सुझाव दिन आवश्यक ठानेर पनि त्यस्तो ग्याप भएको हुन सक्छ,' बर्तौलाले अनुभव सुनाए, 'बजेट तथा नीति कार्यक्रमका सन्दर्भमा पनि हामीले पार्टीको अर्थ तथा योजना विभागको सुझावका आधारमा होइन, संसदीय दलको तर्फबाट पूर्वअर्थमन्त्री, विज्ञहरूले दिएको ओरियन्टेसनका आधारमा आफ्ना धारणा संसद्मा राख्ने गरेका छौं। पार्टीको औपचारिक संयन्त्र संस्थागत हिसाबले जोडिएको छैन।'

उनले अहिले धेरैको चासो रहेको र हालै संसद्मा दर्ता भएको शिक्षा विधेयकका सवालमा पनि पार्टीको शिक्षा विभागका तर्फबाट नीतिगत र कानुनी रूपमा सुधार गर्नुपर्ने विषयमा कुनै सुझाव नआएको जानकारी दिए।

एमाले सुदूरपश्चिम पदाधिकारीमा सहमति

धनगढी/ एमाले सुदूरपश्चिम प्रदेशको अध्यक्षसहित पदाधिकारीमा सहमति जुटेको छ। प्रदेश अध्यक्षमा अछामका कृष्णप्रसाद जैसी सर्वसम्मत भएका छन्। त्यस्तै उपाध्यक्ष, सचिव र दुईजना उपसचिवमा पनि सहमति भएको छ। अध्यक्ष पदका उम्मेदवार कमलप्रसाद तिमिल्सिना, वचनबहादुर सिंह र भरत साउदले उम्मेदवारी फिर्ता लिएपछि जैसी सर्वसम्मत भएका हुन्। यसअघि उनी प्रदेश सचिवालय सदस्य थिए।

उपाध्यक्षमा बाजुराका कालीबहादुर शाही बुधबार नै निर्विरोध भइसकेका थिए। उपाध्यक्षका उम्मेदवार हरिसिंह साउद, बलदेव रेग्मी, रणबहादुर महरा, हजारीसिंह साउद र गजेन्द्रबहादुर शाहीले मंगलबार नै उम्मेदवारी फिर्ता लिएका थिए।

अध्यक्षमा भीम रावल पक्षका उम्मेदवार साउदको टिमलाई उपसचिव दिन संस्थापन पक्षका नेताहरू तयार भएपछि पाँचै पदाधिकारीमा सहमति भएको हो। सचिवमा उम्मेदवारी दिएका राजेश खाती, रतनबहादुर रेग्मी र जीवन बमले उम्मेदवारी फिर्ता लिएपछि कैलालीका रणबहादुर चन्द निर्विरोध भएका छन्। उपसचिव (खुला)मा कञ्चनपुरका नरबहादुर विक र महिलामा भागरथी विष्ट निर्विरोध भएको निर्वाचन कमिटीले जनाएको छ। दुवैजना अध्यक्षमा उम्मेदवारी फिर्ता लिएका साउद प्यानलका हुन्। खुला उपसचिवमा अशोकुमार चन्द, रामदत्त जोशी, हरदेव जोशी, पल्लवराज भट्ट, सुरेन्द्रबहादुर पाल र आनन्दलाल विश्वकर्माले उम्मेदवारी फिर्ता लिए। त्यस्तै, उपसचिव महिलामा कन्दकला राना र अर्चना गहतराजले उम्मेदवारी फिर्ता लिए।

नौ वर्षदेखि थन्कियो लुम्बिनी प्रादेशिक अस्पतालको एम्बुलेन्स

दाङमा **दीपक बोहरा**

दाङको तुलसीपुरस्थित राप्ती प्रादेशिक अस्पताल नौ वर्षदेखि एम्बुलेन्सविहीन छ। प्रत्येक सरकारी अस्पतालमा एम्बुलेन्स हुनुपर्ने भए पनि उक्त अस्पतालमा ०७२ देखि एम्बुलेन्स छैन। अस्पतालमा एम्बुलेन्स नभएकाले बिरामी ल्याउन तथा रेफर गरिएका बिरामीलाई विभिन्न अस्पतालमा पठाउन निजी एम्बुलेन्स प्रयोग गर्नुपर्ने बाध्यता छ।

अस्पतालको एम्बुलेन्स नहुँदा बिरामीका परिवार निजी एम्बुलेन्समा महँगो शुल्क तिर्न बाध्य हुँदै आएका छन्। अर्कोतर्फ आवश्यक परेका वेला एम्बुलेन्स पाउन पनि समस्या हुने गरेको छ। अस्पतालको रा.१भ ११३ नम्बरको एम्बुलेन्स बिग्रिएपछि अहिले निजी एम्बुलेन्समा सिफारिस गर्ने गरेको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ड डा. पदमराज अधिकारीले बताए।

पटक-पटक बिग्रिने र बनाउँदा पाँच-सात लाख खर्च हुने भएकाले पनि उक्त एम्बुलेन्सलाई



थन्क्याएर राख्नुपरेको उनको भनाइ छ। 'पटक-पटक बिग्रिरहन्छ, एम्बुलेन्सको मूल्यभन्दा बढी मर्मतमै खर्च हुने देखियो,' डा. अधिकारीले भने, 'त्यसैले थन्क्याएर राख्नुपर्ने अवस्था आएको छ।' अस्पतालका स्टोर प्रमुख रेशमीराज अधिकारीले ०६६ मा सो एम्बुलेन्स खरिद गरिएको र अहिले बिग्रिएकाले थन्क्याएर राख्नुपरेको बताए।

Arjunchaupari Rural Municipality
Office of Rural Municipal Executive
Arjunchaupari, Syangja

Invitation for Bids

Date of publication: 13th October, 2023

Arjunchaupari Rural Municipality, Office of Rural Municipal Executive invites electronic bids of various construction works on 13th October, 2023. Eligible bidders may obtain further information and inspect the bidding document at the office website **https://arjunchauparimun.gov.np/** or may visit PPMO website **www.bolpatra.gov.np**. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064 (with their amendments).

Chief Administrative Officer

Government of Nepal
Ministry of Forest and Environment
Building a Resilient Churia Region in Nepal (BRCRN)
Babarmahal, Kathmandu

Request for Expression of Interest (REOI)

Date: 13 October 2023

For Mobilization of PMU and Field Based Consultants for BRCRN Project through Firm.

1. Government of Nepal (GoN) ***has received*** a ***grant*** from ***Green Climate Fund toward the cost of*** **Building a Resilient Churia Region in Nepal** and intends to apply a portion of this ***Grant*** to eligible payments under the Contract for which this Expression of Interest is invited for **National consulting service**.
2. The ***BRCRN, Babarmahal, Kathmandu*** now invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services: ***for mobilization Consultants for BRCRN Project and perform the scope of works as provided in ToR.***
3. Interested eligible consultants may obtain further information and EOI document free of cost at the address ***BRCRN, Babarmahal, Kathmandu*** during office hours on or before ***5 November 2023*** **or** visit e-GP system www.bolpatra.gov.np/egp or visit the client's website ***brcrn.gov.np***.
4. Consultants may associate with other consultants to enhance their qualifications.
5. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 hours on 6 November 2023.***
6. In case the last date of submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
7. EOI will be assessed based on ***Qualification & Experience of Experts (40%), Experience of Firm (50%) and Capacity (10%)*** of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
8. The minimum score to pass the EOI is ***70.***

प्रदेशको उद्योग मन्त्रालयले थाल्यो खाद्य उद्योगहरूको अनुगमन

धनगढीमा **तेजराज भट्ट**

चाडपर्वका वेला अखाद्य वस्तुको बिक्री-वितरण रोक्न सुदूरपश्चिम प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले खाद्य उद्योगको अनुगमन थालेको छ। विभागीय मन्त्री, मन्त्रालयका कर्मचारी र सरोकारवाला निकायका प्रतिनिधिसहितको टोलीले बिहीबार धनगढी उपमहानगरपालिका र गोदावरी नगरपालिका क्षेत्रमा रहेका चारवटा खाद्य उद्योगको अनुगमन गरेको छ।

धनगढीको राजश्री फुड इन्डस्ट्रिज प्राली, ठाकुर खाद्य इन्डस्ट्रिज तथा गोदावरी फ्लोर मिल र गोदावरीको सुदूर फुड इन्डस्ट्रिजमा अनुगमन गरिएको मन्त्रालयले जनाएको छ। मन्त्रालयअन्तर्गत उद्योग, वाणिज्य तथा उपभोक्ता हित निर्देशनालयका निर्देशक खेम चौधरीले ठाकुर खाद्य इन्डस्ट्रिजमा अन्य कम्पनीले उत्पादन गरेको चामल पनि भेटिएको जानकारी दिए। त्यहाँ केही चामल अखाद्यजस्तो देखिएको उल्लेख गर्दै उनले त्यसलाई तत्काल नचलाउन निर्देशन दिइएको बताए। 'विभिन्न कम्पनीले उत्पादन गरेका विभिन्न ब्रान्डका चामल ठाकुर खाद्य इन्डस्ट्रिजमा भेटिएका छन्, त्यसरी राख्न पाउँछ कि पाउँदैन भोलि दर्ता प्रमाणपत्र ल्याउनु भनेका छौं,' निर्देशक चौधरीले भने, 'केही सामान शंकास्पद पनि देखियो, यसबारे भोलि छलफल गर्छौं।' उत्पादित चामलको बोरामा पुरानो छाप नदेखिने गरी ठाकुर खाद्यले नयाँ छाप हानेको पनि देखिएको अनुगमन टोलीले जनाएको छ। अन्य उद्योगमा भने त्यस्तो कैफियता फेला नपरेको निर्देशक चौधरीले जानकारी दिए।

चाडपर्वको समयमा अखाद्य वस्तुको बिक्री-वितरण बढी हुने भएकाले बजारमा खाद्य स्वच्छता कायम गर्न मन्त्रालयले खाद्य उद्योगको अनुगमन थालेको उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रमेशसिंह धामीले बताए। उनले खाद्य उद्योगहरूको अनुगमनलाई निरन्तरता दिइने बताए। अनुगमनले उद्योगीका समस्या तथा गुनासा बुझ्न पनि प्रदेश सरकारलाई मद्दत पुग्ने मन्त्री धामीले बताए। उद्योगीका समस्या समाधान गर्न प्रदेश सरकारले सहयोग गर्ने, तर गलत गरेको भेटिए कारबाहीको दायरामा ल्याइने उनले बताए।

अनुगमन टोलीमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, धनगढी उपमहानगरपालिकालगायत निकायका प्रतिनिधिको सहभागिता थियो। 'चाडबाडमा अखाद्य वस्तुको बिक्री-वितरण अरू वेलाभन्दा बढी हुन्छ, खाद्य स्वच्छता कायम गर्न खाद्य उद्योगको अनुगमन थालिएको हो,' निर्देशक चौधरीले भने।

संक्षेप

पूर्वमेयर पौडेलको निधन

वीरगन्ज/ एमाले मधेश प्रदेश सचिव डा. कृष्ण पौडेलको निधन भएको छ। उनी बिहीबार साँझ ७ बजे सिमरास्थित आफ्नो घरमा मृत अवस्था भेटिएका हुन्। जितपुर सिमरा उपमहानगरपालिकाका पूर्वमेयरसमेत रहेका पौडेलको मृत्युबारे केही खुल्न सकेको छैन। उनको मृत्युका विषयमा अनुसन्धान गरिरहेको बारा प्रहरीले जनाएको छ। पौडेल केही समयदेखि डिप्रेसनमा रहेको परिवारिक स्रोतले जनाएको छ। एमाले मधेश प्रदेश सचिव पौडेलको निधनपछि मधेश प्रदेश अधिवेशनको बिहीबारको निर्धारित कार्यक्रम स्थगित भएको छ। शुक्रबार बिहान ८ बजेदेखि अधिवेशनमा नयाँ नेतृत्व चयनका लागि उम्मेदवारी मनोनयन हुने मधेश प्रदेश सचिवालय सदस्य विचारी यादवले जानकारी दिए।

भारतीय पर्यटकको मृत्यु

लमजुङ/ संसारकै अग्लो चार हजार नौ सय १९ मिटर उचाइमा रहेको तिलिचो ताल पुगेर फर्किएका एक भारतीय पर्यटकको बाटोमै मृत्यु भएको छ। मृत्यु हुनेमा भारतको केरल घर भएका ३५ वर्षीय मोहम्मद रजिम चेत्तियन क्यान्डी छन्। जिल्ला प्रहरी कार्यालय मनाङले लेक लागेर उनको मृत्यु भएको हुन सक्ने जनाएको छ। एक्याप मनाङका प्रमुख ढकबहादुर भुजेलका अनुसार घटनास्थल करिब चार हजार दुई सय मिटर उचाइमा पर्छ। ती भारतीय नागरिक २० असोजमा एक्यापको मनाङस्थित कार्यालयमा दिउँसो पौने २ बजे प्रवेश गरेको रेकर्ड छ। भुजेलले मंगलबार राति तिलिचो बेसक्याम्पमा आएर बसेको र बुधबार बिहान हिँड्दाहिँड्दै बाटोमै मृत्यु भएको हुन सक्ने बताए। उनले बुधबार बिहान सवा १० बजेतिर खबर आएको बताए। 'स्थानीयसँग बुझ्दा, घटना अवस्था हेर्दा तिलिचोबाट झरेर बिहान तिलिचो बेसक्याम्पबाट श्रीखर्क हुँदै खाङसार झर्दै गरेको देखिन्छ।

'चन्दु च्याम्पियन' १४ जुलाईमा



कार्तिक आर्यन स्टारर फिल्म 'चन्दु च्याम्पियन' १४ जुलाई २०२४ मा रिलिज हुने भएको छ। मुम्बईस्थित फिल्म सिटीमा अहिले यसको छायांकन चलिरहेको छ। भारतलाई पाराओलम्पिकमा पहिलो स्वर्ण जिताउने मुरलीकान्त पेटकरको जीवनीमा आधारित यस फिल्मलाई कबिर खानले निर्देशन गरेका हुन्।

अन्जु पन्तको 'हरामी' सार्वजनिक



अन्जु पन्त र चिरञ्जीवी भण्डारीको स्वर रहेको गीत 'हरामी'को भिडियो सार्वजनिक भएको छ। गीतमा प्रतिमा गुरुङको शब्द, भीम बिसीको संगीत र उदयराज पौडेलको संगीत संयोजन छ। भिडियोको निर्देशन शिव विकले गरेका हुन्।

आँखाको दृष्टि जोगाउन के गर्ने ?

डाक्टरको
सुझाव



सञ्जीव भट्टाराई
नेत्ररोग विशेषज्ञ
त्रिवि शिक्षण अस्पताल



पछिल्लो समय नेपालमा बालबालिका, वृद्धवृद्धादेखि वयस्कमा दृष्टि कम हुने समस्या देखिने गरेको छ। आँखामा चोटपटक लिएर पनि आउने गरेका छन्। त्यस्तै, सुगर, प्रेसरले गर्दा आँखामा पारेको समस्या पनि देखिएको छ। आँखाको रेटिनालाई असर गरेको हुन्छ। आँखा पाक्ने, रातो हुने समस्या लिएर पनि अस्पताल आएका हुन्छन्। हरेक उमेरसमूहका मानिस आँखाको समस्या लिएर अस्पताल आउने गरेका छन्। आँखाको बाहिरी तहदेखि भित्री तहको समस्या पनि देखिएको छ।

दृष्टिमा असर

मोतियाविन्दुका समस्या, जलविन्दुका समस्या, आँखामा चोटपटक लागेर, आँखा रातो, आँखाको दृष्टि कमजोर भएर आँखामा समस्या हुन्छ। साथै, आँखालाई सुगर, प्रेसर, क्षयरोग, कुष्ठरोग, भाइरसको इन्फेक्सन, दादुरा, थाइराइड बढ्ने समस्या, यौनजन्य रोग, बाथरोग तथा हाडजोर्नीका रोगले पनि असर गरेको हुन्छ। यसले आँखाको भित्री तहमा असर गरिरहेको हुन्छ।

जटिल समस्या

आँखाको भित्री भागमा चोटपटक लाग्दा दृष्टि गुम्न सक्छ। हाई ब्लडप्रेसरले आँखाको रेटिनालाई असर गर्छ। जसले गर्दा दृष्टि गुम्ने हुन सक्छ। जलविन्दु हुँदा, आँखाको चोटपटक लाग्दा पनि दृष्टि गुम्न सक्छ। आँखा रातो भएर नानीलाई घाउ बनायो भने दृष्टि गुम्न सक्छ।

भिटामिन एको कमीले आँखाको नानी सुक्दै जाँदा दृष्टि गुम्न सक्छ। यो समस्या बच्चामा देखिन सक्छ। चोटपटक लाग्दा हेलचेक्र्याइँ गर्दा पनि दृष्टिमा समस्या देखिन्छ।


जन्मजात नै मोतीविन्दु पनि हुन सक्छ। जन्मजात मोतीविन्दु, जलविन्दु, आँखाको नानीका रोग पनि हुन्छन्। धेरैजसो उमेर ढल्किँदै गएपछि मोतीविन्दु हुन्छ। समयमा आँखाको उपचार नहुँदा बिस्तारै भित्री भागसम्म फैलिँदै जान्छ। आँखाको नानी र रेटिनालाई असर गर्नेबित्तिकै समस्या देखिन्छ। तसर्थ, आँखामा कुनै समस्या देखिनासाथ उपचार गर्न जरुरी छ।

कसरी बच्ने ?

- बच्चा जन्मिएको ४२ दिनभित्र आँखाको चेकजाँच गर्नुपर्छ। जसले गर्दा जन्मैँदा नै आँखाको समस्या छ भने थाहा हुन्छ र समयमै उपचार गर्न सकिन्छ।
- स्कुल जानुभन्दा अघि बच्चाको आँखा चेक गर्नुपर्छ। उसको दृष्टि ठीक छ कि छैन भन्ने थाहा हुन्छ। देख्न सक्ने, लेख्न सक्ने छ कि छैन भन्ने थाहा हुन्छ। यस्तो वेला चिकित्सकले चस्मा लगाउनुपर्ने सुझाव पनि दिन सक्छन्।
- मोबाइल, ल्यापटप हेर्ने बानीले पनि आँखा कमजोर बनाउँछ। त्यसैले बच्चालाई यस्ता डिभाइसमा झुम्मिन दिनुहुँदैन।
- बच्चालाई ६-६ महिनामा भिटामिन 'ए' क्याप्सुल खुवाउनुपर्छ। भिटामिन ए प्राप्त हुने खानेकुरा खुवाउनुपर्छ। फलफूल, सागसब्जी, गाँजर, स्याउ, अन्डालगायत माछामासु खुवाउनुपर्छ। यसले शरीर मात्रै होइन, आँखाको दृष्टिमा सहयोग पुग्छ।
- बालबालिकालाई आँखामा हुने चोटपटकबाट बचाउनुपर्छ।
- बिहान-बेलुका चिसो पानीले धुनुपर्छ। आँखामा धेरै पानी छ्याप्नुहुँदैन।
- आफूखुसी औषधि प्रयोग गर्नुहुँदैन। आँखा सामान्य चिलायो, असजिलो भयो भने फार्मेसी गएर औषधि हाल्ने चलन छ। यसले पनि आँखालाई असर गर्न सक्छ। नेत्रचिकित्सकको सल्लाहअनुसार मात्रै औषधिको प्रयोग गर्नुपर्छ।
- पढ्दा ४०-५० सेन्टिमिटरको दूरीमा बसेर हेर्नुपर्छ।
- घाममा हिँड्दा चस्मा अनिवार्य लगाउनुपर्छ। पढ्दा वा काम गर्दा सीधा भएर बस्नुपर्छ।

दसैँ सपिङ

बच्चालाई कस्ता कपडा किनिदिने ?



नवीन लुइँटेल
फेसन डिजाइनर
सेन्ट्रल फेसन हब



दसैँ लाग्नासाथ बच्चाहरू सपिङ जाने दिन कुरेर बस्छन्। बजारमा विभिन्न डिजाइनका कपडा पाइन्छन्। तर, तपाईंले बच्चालाई सुहाउँदो, स्टाइलिस र सिजनल कपडा किनिदिनु राम्रो हुन्छ।

साइज : बालबालिकाहरू चाँडै बढ्छन्। त्यसैले उनीहरूलाई फिटिङ कपडाभन्दा पनि हल्का ओभरसाइज कपडा किनिदिनु राम्रो हुन्छ। जसकारण, उक्त कपडा उनीहरूले लामो समयसम्म लगाउन पाउँछन्।

आरामदायी फ्याब्रिक : नरम र हावा छिर्ने खालका कपडा बच्चाका लागि राम्रो हुन्छ। कटन, सफ्ट डेनिम कपडा यसका लागि राम्रो विकल्प हो। पोलिस्टर कम प्रयोग भएका फ्याब्रिक छान्नु राम्रो हुन्छ। तन्किने वा असहज हुने खालका फ्याब्रिक नरोज्नुस्।

सिजनल : काठमाडौंलगायत पहाडी क्षेत्रमा दसैँलगत्तै जाडो सुरु हुने भएकाले न्यानो खाले कपडा किनिदिनु राम्रो हुन्छ। फुल बाहुला भएका सर्ट, ज्याकेट, जिन्स पेन्ट किनिदिनु राम्रो हुन्छ। तराई क्षेत्रमा केही समय गर्मी कायमै रहने भएकाले हाफ बाहुला भएका कपडा पनि किन्न सकिन्छ।

परम्परागत पहिरन : दसैँ मौलिक पर्व हो। त्यसैले नेपाली मौलिक कपडा किनिदिनु राम्रो हुन्छ। छोराका लागि दौरा-सुरुवाल, कुर्था, छोरीका लागि लेहेंगा, गुन्यु-चोलीलगायत कपडा राम्रो सुहाउँछ।

साना बच्चाका लागि : पाँच वर्षभन्दा कम उमेरका बच्चाका लागि कार्टुन र बुट्टेदार कपडा राम्रो हुन्छ। यस्ता कपडाले बच्चामा खुसी ल्याउँछ। उनीहरूलाई कार्टुन चित्र निकै मन पर्छ। जुनसुकै कपडा किन्दा पनि क्वालिटीलाई ध्यान दिनुपर्छ। धेरै कपडा किन्नेभन्दा पनि गुणस्तरीय कपडा छान्नेतर्फ ध्यान दिनुपर्छ।

छालाको चमक बढाउन क्लोरोफिल वाटर

मानिसहरू स्वस्थ जीवनशैली अवलम्बन गर्नका लागि फरक-फरक ड्रिंक आफ्नो खानाको रुटिनमा समावेश गर्छन्। कसैले कागतीपानी त कसैले धनियाँ पानी रुटिनमा समावेश गरेका हुन्छन्। हिजोआज क्लोरोफिल वाटर पिउनेको संख्या पनि बढ्दो छ। यसका धेरै फाइदा छन्।

क्लोरोफिल एक किसिमको स्वस्थ पानी हो, जसले तपाईंको शरीरलाई धेरै पोषक तत्त्व दिन्छ।



क्योरोफिल वाटर छालाका लागि निकै फाइदाजनक मानिन्छ। यसमा रहेको भिटामिन र एन्टिअक्सिडेन्टले छालालाई हाइड्रेट राख्छ। यसले छालामा नेचुरल ग्लो कायम राख्छ।

क्लोरोफिल वाटरले रेड ब्लडसेलको प्रडक्सनलाई बढाउँछ। जसकारण, टिस्युहरूसम्म अक्सिजन सही मात्रामा पुग्छ र तपाईंको छाला चम्किलो राख्न सहयोग गर्छ।

यसमा रहेको एन्टिअक्सिडेन्ट र भिटामिनले मेटाबोलिजमलाई बुस्ट गर्छ। जसकारण, तौल घटाउन सहयोग मिल्छ। त्यस्तै पाचन शक्ति पनि बढ्छ।

रोगप्रतिरोधी क्षमता बढाउन पनि क्लोरोफिल वाटर सहयोगी हुन्छ। यसमा रहेको एन्टिअक्सिडेन्ट र भिटामिनले फ्री रेडिकल्सको प्रभावबाट बचाउँछ।

राम्रो लेखक बन्न जेके रोलिङका सुझाव

'हयारी पोट्टर' सिरिजका कारण जेके रोलिङको ख्याति विश्वभर फैलियो। सन् १९९७ देखि २००७ सम्म यस पुस्तकका ७ वटा सिरिजि निस्किए। विश्वभर त्यसको ६० करोडभन्दा धेरै प्रति बिक्यो। यसलाई ८४ भन्दा धेरै भाषामा अनुवाद गरियो। यसमा आधारित रहेर बनेका फिल्म र भिडियो गेम पनि उत्तिकै चले। सन् २०१२ मा उनले वयस्कलाई लक्षित गर्दै 'क्याजुअल भ्याकेन्सी' उपन्यास लेखिन्। राम्रो लेखक बन्नका लागि उनले दिएका पाँच सुझाव यस्ता छन् :

चाहेका कुरा लेख्नुस्

म त्यही कुरा लेख्छु, जे लेख्न मन लाग्छ। जुन कुरा लेख्दा आनन्द आउँछ, त्यही लेख्छु। लेखनलाई आफ्नो जीवनशैली बनाउन जरुरी छ। यसपछि मानिसले नयाँ-नयाँ कुरा कल्पना गर्दै त्यसलाई सुन्दर ढंगले लेख्न सक्छ। आफ्ना चाहना, भावना, साथीभाइ, परिवार, समाजलगायत विषय पनि तपाईंको सुरुवाती लेखनीका स्रोत सामग्री हुन सक्छन्। एक्लै बसेर लेख्नुस्, लेखन दुनियाँकै एक्लो पेसामध्ये एक हो। पक्कै पनि नोटबुक वा ल्यापटप अगाडि राखेर घोत्लिइरहँदा तपाईंलाई अप्ठेरो महसुस हुन सक्छ। तर, आफ्ना सोचसँग हिँड्न अप्ठेरो मान्नुपर्ने कारण छैन। दिमागसँग खेल्नु लेखकको जीवनको महत्त्वपूर्ण पक्ष हो।

पर्याप्त पढ्नुस्

जब तपाईं ध्यानपूर्वक अध्ययन गर्नुहुन्न, तबसम्म राम्रो लेखक बन्न सक्नुहुन्न। पढ्न थालेपछि मात्रै राम्रो पुस्तक कसरी तयार हुन्छ भन्ने थाहा हुन्छ। आफूलाई मन परेका लेखकका पुस्तक पढ्नुस् र त्यसबाट आफ्नो धारणा बनाउनुस्।

पुनर्लेखन गर्नुस्

कस्तो पुस्तक लेख्दै हुनुहुन्छ ? कसका लागि लेख्दै हुनुहुन्छ ? यस विषयमा सोच्नु महत्त्वपूर्ण छ। पुनर्लेखन पनि उत्तिकै महत्त्वपूर्ण छ। आफूले लेखेका कुरा पढ्नुस् र त्यसलाई काटछाँट गर्नुस्। तपाईंले स्वतन्त्र भएर लेख्नुपर्छ, त्यसपछि निर्मम भएर शब्दहरू छाँट्नुपर्छ।



कोठामा अक्सिजनको मात्रा बढाउन..

तपाईंले कोठामा इन्डोर प्लान्ट्स रोपेर अक्सिजनको मात्रा बढाउन सक्नुहुन्छ। यस्तो हुँदा कोठा प्राकृतिक देखिन्छ। बिरुवाको स्याहार गर्दा तपाईंको मुड पनि फ्रेस रहन्छ।

स्पाइडर प्लान्ट्स : स्पाइडर प्लान्ट्स धेरैले रोप्ने इन्डोर प्लान्ट्स हो। यसले रातको समयमा अक्सिजन रिलिज गर्छ। यसको स्याहार गर्न पनि सजिलो छ।

मनीप्लान्ट : यसले पनि रातमा अक्सिजन फाल्छ। त्यस्तै, यसलाई सौभाग्य र समृद्धिको प्रतीक पनि मानिन्छ। यसका ठूला, गोलाकार हरिया पत्ताहरू अक्सिजनका कारखानाजस्तै हुन्।

स्नेक प्लान्ट : यसले पनि रातमा अक्सिजन फाल्छ। त्यही कारण सुत्ने कोठामा राख्दा राम्रो हुन्छ। यसले तनावरहित र ऊर्जावान् बनाउन सहयोग गर्छ। यसलाई पहिले पानीमा बिरुवा उमारेपछि मात्र माटोमा सार्नुपर्छ। यसलाई हल्का घामको आवश्यकता पर्छ।

पिस लिली : पिस लिली 'एयरप्युरिफाई' प्लान्ट हो। यसले शान्ति र सौन्दर्य दुवै प्रदान गर्छ। यसको फूल सेतो रङको हुन्छ। यसलाई गमलामा रोपेर तपाईंको बैठक कोठामा सजाउन सकिन्छ।

लोकगीत प्रत्यक्ष सुन्नुमै छ मज्जा



चाडपर्वको माहोल बन्दै जाँदा गाउँघर तथा सहरबजारमा चहलपहल सुरु हुन्छ। बिदेसिएकाहरू घर फर्कन्छन्। सामाजिक गतिविधि बढ्दै जान्छन्। दसैँमा लामो बिदा हुने भएकाले सांस्कृतिक कार्यक्रम तथा कन्सर्ट पनि अन्य समयको तुलनामा ज्यादा हुने गर्छ। त्यही कारण लोकगीतका पारखीले यस समयलाई विशेष रूपमा लिने गरेको चर्चित दोहोरीगायक प्रेम विवश घर्ती बताउँछन्। 'गाउँघरका पीडा, व्यथा, प्रेम र संवदेना लोकदोहोरीमार्फत अभिव्यक्त हुने भएकाले पनि यो मौलिक संगीत धेरै नेपालीको रोजाइमा पर्ने गर्छ। हुन त आजकल मोबाइलमै धेरैले गीत सुन्ने र हेर्ने गरेका छन्। सामाजिक सञ्जालमा जोडिएर अनलाइनमै दोहोरी पनि खेल्छन्,' घर्ती भन्छन्, 'तर पनि प्रत्यक्ष लोकगीत सुन्नुको मज्जा नै बेग्लै छ। अन्य समयभन्दा चाडपर्वमा यसको माहोल बन्ने गर्छ, किनकि चाडपर्वमा बिदा हुने भएकाले धेरै मानिस यस्ता कार्यक्रममा सहभागी हुन्छन्।'

गायक-गायिकाले मौलिक लयमा तत्कालै शब्द हालेर लोकदोहोरी फुराउने र फर्काउने हुनाले सुन्नेलाई पनि मज्जा आउने उनी बताउँछन्। 'बाँसुरी, मादल, सारंगीलगायत हाम्रा मौलिक बाजाहरूको धुनले मानिसलाई फ्रेस बनाउँछ,' झन्डै दुई दशकदेखि लोकदोहोरीमा सक्रिय गायक घर्तीले भने, 'त्यही कारण दोहोरीको माग स्वदेश तथा विदेशमा बढ्दो छ।' दर्जनौँ लोकगीतमा स्वर दिइसकेका उनले दोस्रो राष्ट्रिय ब्रान्ड म्युजिक अवार्ड २०७८, दोस्रो विशाल लुम्बिनी लोकदोहोरी म्युजिक अवार्ड, सर्वोत्कृष्ट पर्वगीत गायक २०७९ लगायत विभिन्न अवार्ड जितिसकेका छन्।

रोमाञ्चक यात्राका ६ गन्तव्य

दसैँमा धेरैले घुमघामको योजना बनाएका हुन्छन्। लामो बिदा हुने भएकाले मानिसहरू लामै यात्रामा निस्कन चाहन्छन्। यदि तपाईंले घुमघामको योजना बनाइरहनुभएको छ, तर गन्तव्य तय भइसकेको छैन भने यी गन्तव्य तपाईंका लागि उपयुक्त हुन सक्छन् :



सञ्जीव गुरुङ, पथप्रदर्शक
ट्रिप हिमालय ट्रेक्स एन्ड एक्सपिडिसन

■ भोटेकोशी च्याफ्टिङ

भोटेकोशी च्याफ्टिङ एउटा रोमाञ्चक अनुभव हो। नेसनल जियोग्राफी च्यानलले यसलाई साहसिक जलयात्राका उत्कृष्ट १० गन्तव्यको सूचीमा राखेको छ। सिन्धुपाल्चोकको सुकुटे बिचबाट भोटेकोशीमा च्याफ्टिङ गरेर दोलालघाट निस्कन सकिन्छ। झन्डै दुई घन्टा ३० मिनेट अवधिको यो जलयात्राका क्रममा आसपासको प्राकृतिक सुन्दरता नियाल्न पाइन्छ।



■ पिके डाँडा

सोलुखुम्बु र ओखलढुंगाको सिमानामा पर्ने पिके डाँडाबाट मौसम खुलेको समय सर्वोच्च शिखर सगरमाथासहित सातवटा हिमालको अवलोकन गर्न सकिन्छ। सूर्योदय र हिमाल हेर्नका लागि यो डाँडामा ठूलो संख्यामा पर्यटक पुग्ने गरेका छन्। ओखलढुंगा र सोलु दुवै स्थान हुँदै यहाँ पुग्न सकिन्छ।



■ मर्दी ट्रेक (हिमाल)

झन्डै एक सातादेखि १० दिनसम्मको यो यात्रा निकै रोमाञ्चक छ। यात्रा अवधिमा माछापुच्छ्रे, मार्दी, अन्नपूर्ण दक्षिण, हिमचुली, अन्नपूर्ण प्रथम, गंगापूर्ण, गन्धर्व चुलीलगायत आधा दर्जनभन्दा धेरै हिमाल नियाल्न सकिन्छ। पोखराबाट २२ किलोमिटर दूरीमा रहेको माछापुच्छ्रे गाउँपालिकाको घलेल हुँदै कालिमाटी तथा सिदिङसम्म जिपयात्रामार्फत पुग्न सकिन्छ। त्यसपछि जंगलको बाटो हुँदै उकालो चढेर मर्दी हिमालको बेसक्याम्प पुग्न सकिन्छ। मर्दी हिमालको बेसक्याम्प ४ हजार ४ सय ५० मिटरमा छ।



■ खप्तड

खप्तड क्षेत्रमा खप्तड बाबाको कुटि, त्रिवेणी नदी, खप्पर दह, शिव मन्दिर, सहस्र लिंग, गणेशस्थान, नागढुंगा, केदारढुंगाजस्ता धार्मिक स्थल छन्। काठमाडौंबाट यहाँको यात्राका लागि १० दिनको समय छुट्याउँदा उपयुक्त हुन्छ। यस क्षेत्रमा विशाल फाँटहरूमा रंगीचगी फूल फुल्छन्।



■ थोरङ्ला पास

समुद्री सतहबाट ५ हजार ४ सय १६ मिटर उचाइमा रहेको थोरङ्ला पास यात्रा निकै रोमाञ्चक छ। यो यात्राका लागि एक साताको समय उपयुक्त हुन सक्छ।



■ रारा

मुगु जिल्लामा समुद्री सतहदेखि तीन हजार मिटर उचाइमा रहेको रारा ताल धेरैको रोजाइमा पर्ने गन्तव्य हो। जंगल र आसपासका मनोरम दृश्य यहाँको आकर्षण हो। यहाँको यात्राका लागि एक हप्ताको समय छुट्याउनुपर्छ।



नेपालमा 'स्ट्रङ म्यान'को खोजी

नेपालीले राजनीतिक र सामाजिक रूपमा लोकतान्त्रिक तर आर्थिक रूपमा निरंकुश 'स्ट्रङ म्यान'को नेतृत्व खोजी गरेका छन्



● घनश्याम ओझा (पिएचडी)

अग्रलेख

पछिल्लो समय नेपालको राजनीतिमा 'स्ट्रङ म्यान'को आवश्यकतासम्बन्धी भाष्य निर्माण भइरहेको छ। अंग्रेजी शब्द 'स्ट्रङ म्यान'को नेपाली शब्दकोशमा 'बलियो मान्छे' भन्ने अर्थ बुझिन्छ। गाउँदेखि सहर, चिया पसलदेखि विद्यालय कलेज, बस स्टेसनदेखि एरपोर्टसम्म, बाटो, होटेल जताततै आमनेपालीले चर्चा गर्ने 'स्ट्रङ म्यान' भौतिक रूपमा भन्दा पनि राजनीतिक रूपमा बलियो भन्ने सहज अनुमान लगाउन सकिन्छ। नेपालको विद्यमान राजनीतिक, सामाजिक र आर्थिक अवस्थाले 'स्ट्रङ म्यान'को आवश्यकता खोजेको हो कि होइन ? बहस त होला, तर जताततै सुनिने र हालसम्म नदेखिएको 'स्ट्रङ म्यान'को भाष्य भने जबर्जस्त रूपमा उठिसकेको सबैले अनुभूति गरेको हुनुपर्छ। स्ट्रङ म्यानको भाष्य निर्माणको अन्तर्य हाम्रा अहिलेका राजनीतिक नेतृत्वको विकल्पको खोजी पनि हो कि भन्ने अनुमान गर्न सकिन्छ। हुन त विश्व इतिहासमा ठुल्ठूला राजनीतिक र आर्थिक संकटको समयमा स्ट्रङ म्यानहरूको उदय भएको पाइन्छ। जसका विषयमा यस आलेखमा अलिक पछि चर्चा गरिनेछ। नेपालमै पनि प्रजातान्त्रिक नेताहरू बिपी कोइराला, मदन भण्डारीलगायत एकतन्त्रीय राणाशासनको सुरुवात गर्ने जंगबहादुर राणादेखि एकदलीय निरंकुश पञ्चायती व्यवस्थाको बीजारोपण गर्ने राजा महेन्द्रलाई पनि नेपाली जनताले स्ट्रङ म्यानकै दर्जामा राखेको पाइन्छ। तथापि को, कति र कस्तो स्ट्रङ रह्यो इतिहास र नेपाली जनताले मूल्यांकन गरेकै होलान्। यस आलेखमा भने हाल नेपाली जनताले खोजेको 'स्ट्रङ म्यान'को विनिर्माण गर्ने कोसिस गरिनेछ।

सुरु गरौँ, आमनेपाली आज किन स्ट्रङ म्यानको खोजीमा पुगे त ? भन्ने प्रसंगबाट। विभिन्न अध्ययन अनुसन्धानअनुसार शीतयुद्धपश्चात् जति पनि प्रजातान्त्रिक मुलुक राजनीतिक संकटमा फसे, त्यसको मुख्य कारक तिनै मुलुकको नेतृत्व लिएका प्रजातान्त्रिक नेताहरूको क्रियाकलापलाई जिम्मेवार ठहऱ्याइएको छ। भेनेजुएला, बोलिभिया, इक्वेडर, पेरु, चिली, हंगेरी, रसिया, पाकिस्तानलगायत कतिपय मुलुकमा प्रजातान्त्रिक नेतृत्व आफ्नो पदबाट बलात च्युत हुनेदेखि लिएर कतिपय प्रजातान्त्रिक मुलुक हेर्दाहेर्दै निरंकुशतन्त्रमा परिणत भएकोसम्म पाइन्छ। सुरक्षा निकाय, न्यायालय, कर्मचारीजस्ता राज्यका महत्त्वपूर्ण निकायप्रति जनताको विश्वास शून्यप्रायः हुनेदेखि बेरोजगारी, गरिबी, असुरक्षा, भ्रष्टाचार, नातावाद/कृपावादजस्ता मिल्दाजुल्दा विषय नै यी मुलुकको संकटका कारण भेटिन्छन्।

वास्तवमा कुनै प्रजातान्त्रिक मुलुक किन र कसरी राजनीतिक संकट हुँदै निरंकुशतामा परिणत हुन्छ ? भनेर अमेरिकाको येल विश्वविद्यालयका प्राध्यापक प्रोफेसर युआन लिंजले आफ्नो प्राध्यापनको लामो समयसम्म धेरै गहिरो अध्ययन गरे। उनले आफ्नो निष्कर्षसहित सन् १९७८ मा 'प्रजातान्त्रिक शासनहरूको असफलता' नामको पुस्तकसमेत प्रकाशित गरे। पुस्तकमा उनले कुनै पनि प्रजातान्त्रिक मुलुक गहिरो राजनीतिक संकट हुँदै निरंकुशतामा परिणत हुनुमा मुख्य भूमिका त्यही मुलुकको प्रजातान्त्रिक नेतृत्वकै हुने बताए। उनले प्रजातान्त्रिक मुलुक असफलता वा निरंकुशताको खतरामा जाने चारवटा संकेत बताएका छन्।

ती चारवटा संकेतमध्ये उनले कुनै पनि प्रजातान्त्रिक नेतृत्वले प्रजातान्त्रिक नियम/पद्धतिको विकास नगर्नुलाई खतराको मुख्य संकेत भनेका छन्। उनका अनुसार कुनै पनि प्रजातान्त्रिक नेतृत्वले प्रजातन्त्रलाई बलियो र जीवन्त राख्न न्यायालय, निर्वाचन आयोग, सुरक्षालगायत सुशासन कायम गर्न स्थापित निकाय स्वतन्त्र र अराजनीतिक राख्नुपर्छ। यदि यस्ता निकाय स्वतन्त्र रहेनन् भने प्रजातन्त्रमाथि खतराको घन्टी सुरु हुन्छ भन्ने उनले उल्लेख गरेका छन्। अन्य संकेतमा भने नागरिक समाजप्रतिको अनादर, स्वतन्त्र सञ्चारमाथि धाबा, हिंसालाई प्रश्रयलगायतलाई बताएका छन्। प्रजातान्त्रिक नेतृत्वको गलत निर्णय र व्यवहारले प्रजातन्त्रमा संकट आउने र मुलुकमा राजनीतिक, आर्थिक संकट उत्पन्न भएर निरंकुशता आउन सक्ने उल्लेख गरेका छन्।

अब हेरौँ हाम्रा प्रजातान्त्रिक नेतृत्वबाट हाम्रो प्रजातन्त्रमा खतराको संकेत आयो कि आएन भनेर। सन् १९९० मा प्रजातन्त्र पुनर्स्थापनापश्चात् स्वतन्त्र रहनुपर्ने र सुशासन कायम गर्नुपर्ने सम्पूर्ण निकायमा भएका नियुक्तिलाई मात्रै हेर्ने हो भने यी निकायको राजनीतिक नेतृत्वबाट जानेर वा नजानेर हुर्मत लिएको देखिन्छ। न्यायालयदेखि सुरक्षा निकाय, भ्रष्टाचारलगायत अख्तियारको दुरुपयोग भएको छानबिन गरी सुशासन कायम गर्ने निकाय, शैक्षिक संस्थानलगायत सम्पूर्ण निकाय राजनीतिक दलहरूको भागबन्डामा परे। अझ कतिपय सार्वजनिक पद त राजनीतिक दल तथा तिनका नेताले बिक्री गरेको भन्नेसम्म सार्वजनिक बहस तथा छलफलमा सुनियो। कुनै अमुक राजनीतिक दलको निगाहमा नियुक्त भएको व्यक्तिले गर्ने निर्णय र प्रदान गर्ने न्याय कसरी निष्पक्ष होला ? यस्ता कैयौँ उदाहरण छन्, जहाँ सुशासन कायम गर्नुपर्ने र स्वतन्त्र न्याय प्रदान गर्नुपर्ने निकायबाट पक्षपातपूर्ण व्यवहार र निर्णय भएका छन्, जसको परिणाम आज आमजनता यी सम्पूर्ण महत्त्वपूर्ण प्रजातान्त्रिक संस्था र निकायप्रति रत्तिभर विश्वास नगर्ने अवस्थामा पुगेका छन्। यो संरचनागत बेथितिलाई बेरोजगारी,



गरिबी, महंगीजस्ता विषयले तीव्रता दिएका छन्। जसका कारण आमनेपाली प्रजातन्त्र र राजनीतिप्रति विकर्षित तथा प्रजातान्त्रिक नेतृत्वप्रति आक्रोशित देखिन्छन्। यही अवस्थामा नेपालमा भविष्य छैन भन्ने निष्कर्षमा पुगेका उच्च र मध्यमवर्गीय युवा लाखौँ खर्चेर अस्ट्रेलिया, अमेरिका, बेलायतजस्ता विकसित मुलुकतिर दौडेका छन् भने निम्नमध्यम र निम्नवर्गीय हजारौँ युवा आफ्नो भविष्य खोज्न खाडी मुलुक छिरेका छन्। यो पुस्ता नै हो, आजको राजनीतिक नेतृत्वप्रति चरम निराश र आक्रोशित भएको। किनकि, यो पुस्ताले आजको मुलुकको सम्पूर्ण बेथितिको मुख्य कारक हाम्रा राजनीतिक नेतृत्व र उक्त नेतृत्वसँग जोडिएका अन्य राजनीतिक नेतालाई नै ठान्छ। त्यसैले यो पुस्ता एउटा 'स्ट्रङ म्यान'को खोजीमा रहेको सहजै अनुमान गर्न सकिन्छ।

> हाम्रा न्यायालयदेखि सुरक्षा निकाय, भ्रष्टाचारलगायत अख्तियारको दुरुपयोग भए-नभएको छानबिन गरी सुशासन कायम गर्ने निकाय, शैक्षिक संस्थानलगायत सम्पूर्ण निकाय राजनीतिक दलहरूको भागबन्डामा परेकाले त्यसलाई सच्याएर सुशासन कायम गर्न सक्ने 'स्ट्रङ म्यान' आजको आवश्यकता हो

कस्ता कस्ता स्ट्रङ म्यान : अब छोटो चर्चा गरौँ, विगतमा विश्व राजनीतिमा कस्ता-कस्ता स्ट्रङ म्यानहरूको उदय भयो ? बेनिटो मुसोलिनी रोमका राजा भिक्टर इम्मानुएल तेस्रोको अनुरोधमा मिलानमा अक्टोबर ३०, १९२२ मा स्ट्रङ म्यानका रूपमा आएका थिए। त्यसवेलाको रोम राजनीतिक, सामाजिक र आर्थिक रूपमा अस्तव्यस्त थियो। तत्कालीन राजाले परिस्थितिलाई सम्हाल्न नसकेपछि अब स्ट्रङ म्यानले मात्र रोम बचाउन सक्छ भनेर मुसोलिनीलाई प्रधानमन्त्रीका रूपमा ल्याएका थिए। चाखलाग्दो विषय त रोममा कुनै समय जनताका आदर्श र आदरणीय मानिएका ठूला प्रजातान्त्रिक नेतृत्वहरूले समेत मुसोलिनीलाई स्ट्रङ म्यानका रूपमा प्रशंसा गरे। मुसोलिनीले प्रधानमन्त्री हुनासाथ 'सेक्रेट पोलिस' स्थापना गरेर सम्पूर्ण राजनीतिक प्रतिद्वन्द्वी, न्यायालय, सुरक्षाजस्ता स्वतन्त्र निकायलाई सखाप पारे। अन्ततः उनी एउटा तानाशाहका रूपमा स्थापित भए। इतिहासका अर्का स्ट्रङ म्यान हिटलर पनि जनवरी १९३३ मा जर्मनीमा तात्कालीन राष्ट्रपति पल भन हिन्डेनबर्गको अनुरोधमा चान्सलरका रूपमा नियुक्त भएका थिए। त्यसवेलाको जर्मनीको राजनीतिक अवस्था पनि असाध्यै चुनौतीपूर्ण थियो। विश्व आर्थिक मन्दीको कारण बेरोजगारी र गरिबी बढिरहेको थियो। यस्तो चुनौती सामना गर्नकै लागि तात्कालीन राष्ट्रपतिले उनलाई स्ट्रङ म्यान ठानेर चान्सलरमा नियुक्त गरेका थिए। तर, चान्सलर नियुक्त भएको तीन वर्षभित्र उनका विरोधी दल, दलका नेता र संस्था कोही बाँकी रहेनन् र उनी पनि एउटा तानाशाहका रूपमा उदय भए। भर्खरैको इतिहासमा हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्वान १९९८ मा लोकतान्त्रिक प्रजातान्त्रिक नेताका रूपमा प्रधानमन्त्री चुनिए र २००२ सम्म पदमा रहे। तर, २०१० देखि उनै ओर्बान एक प्रजातान्त्रिक निरंकुश शासकका रूपमा पुनः उदय भए।

त्यस्तै, अमेरिकाका ३२औँ राष्ट्रपति रुजवेल्ट (जो १९३३ देखि १९४५ सम्म राष्ट्रपति रहे) लाई पनि स्ट्रङ म्यानका रूपमा चिनिन्छ। किनकि, २०औँ शताब्दीका ठूला संकटका रूपमा चिनिने ठूलो विश्व आर्थिक मन्दी र दोस्रो विश्वयुद्धले संसारलाई चुनौती दिइरहेको अवस्थामा त्यसवेलाको शक्तिशाली राष्ट्र अमेरिकाको नेतृत्व रुजवेल्टको हातमा थियो। आन्तरिक र बाह्य राजनीति तथा आर्थिक अवस्था अत्यन्तै चुनौतीपूर्ण भए पनि रुजवेल्टले अमेरिकालाई लोकतान्त्रिक मुलुककै रूपमा कायम राखे र असफल हुनबाट बचाए। उनको सफलताको मुख्य भूमिका तात्कालीन कोलम्बिया विश्वविद्यालयका तीनजना प्रोफेसरलाई जान्छ। ती प्रोफेसर रुजवेल्टका मुख्य सल्लाहकार टोलीको नेतृत्व गर्थे, जसलाई इतिहासमा 'ब्रेन ट्रस्ट'का रूपमा पनि चिनिन्छ। उनीहरूले रुजवेल्टलाई बलिया लोकतान्त्रिक संस्था निर्माण गर्न र दीर्घकालीन महत्त्व राख्ने सुधारका काम गर्न प्रेरित गरे र रुजवेल्टले पनि त्यसैअनुसार कार्य अघि बढाए।

कठिन राजनीति र आर्थिक अवस्थामा सन् १९४० देखि १९४५ सम्म र पुनः १९५१ देखि १९५५ सम्म बेलायतका प्रधानमन्त्री भएका विन्स्टन चर्चिललाई पनि विश्व राजनीतिक इतिहासमा स्ट्रङ म्यानका रूपमा चिनिन्छ। उनले पनि दोस्रो विश्वयुद्धको कठिन घडी र विश्व आर्थिक मन्दीको चपेटाबाट बेलायतलाई जोगाए। उनलाई लोकतान्त्रिक प्रजातन्त्र जोगाएर राखेकामा ठूलो श्रेय जान्छ। दक्षिण अफ्रिकाका नेल्सन मन्डेला, जो कालाजातिका पहिलो राष्ट्रपतिका रूपमा सन् १९९४ मा निर्वाचित भए र १९९९ सम्म पदमा बसे। सन् १९९९ पछि मन्डेलाले आफ्नो दल 'अफ्रिकी नेसनल कंग्रेस' र सम्पूर्ण राजनीतिबाट अलग भएको घोषणा गर्दै शक्ति र सत्ताभन्दा माथि उठेर एउटा आदर्श राजनीतिज्ञको उदाहरण विश्वसामु प्रस्तुत गरे। यसैगरी, सिंगापुरका प्रथम निर्वाचित प्रधानमन्त्री ली क्वान यु, जो सन् १९५९ देखि १९९० सम्म शासनसत्तामा रहे, उनलाई पनि इतिहासमा स्ट्रङ म्यानकै रूपमा चिनिन्छ। भर्खरै बेलायती साम्राज्यबाट मुक्त अस्तव्यस्त, गरिब पूर्वी एसियाको टापु देश सिंगापुरलाई छोटो समयमै आर्थिक रूपले एक सम्पन्न मुलुकका रूपमा स्थापित गराउने श्रेय उनैलाई जान्छ।

हामीले खोजेको स्ट्रङ म्यान : नेपालीले अहिले खोजिरहेको स्ट्रङ म्यान कस्तो होला ? भन्ने कुतूहल सबैमा छ, तर यसको स्पष्ट उत्तर कसैसँग छैन। कुरैकुरामा उनीहरू भन्छन्- यस्तो मान्छे नेतृत्वमा आओस्, जसले सम्पूर्ण भ्रष्टाचारीलाई पाता फर्काएर जेलमा कोचोस्, मुलुकमा रोजगारी सिर्जना गरोस्, उद्योगधन्दा स्थापना गरोस्, सबैलाई न्याय दिन सकोस् र मुलुकमा अमनचैन कायम गर्न सकोस्। सत्य कुरा बोल्न र गर्न कोहीसँग नडराउने, नझुक्ने बलियो मान्छे।। समष्टिमा भन्नुपर्दा, नेपालीले राजनीतिक र सामाजिक रूपमा लोकतान्त्रिक तर आर्थिक रूपमा निरंकुश नेतृत्वको खोजी गरेका छन्। अब एकछिन सोचौँ त, यस्तो व्यक्ति को हुन सक्ला ?

@jayshambho

३ प्रश्न

राजनीतिक विश्लेषक **चन्द्र किशोर**लाई



कोसी प्रदेशको राजनीतिक संकटलाई कसरी हेर्नुभएको छ ?

कोसीमा सुरुदेखि नै राजनीतिक दलहरूले विवेक प्रदर्शन गर्न नसक्दा संघीयतासम्बन्धी प्रश्न कायमै रह्यो। प्रदेशमा छोटो समयमा पटकपटक मुख्यमन्त्री फेरिए। लामो संघीय अभ्यासपछि देखिनुपर्ने राजनीतिक अभ्यास अहिलेको छोटो अवधिमै देखियो। कोसीमा परम्परागत जातीय, धार्मिक या सांस्कृतिक पहिचानलाई आधार मान्ने कि प्राकृतिक पहिचानलाई भन्ने विषयमा विवादै रह्यो। मधेसमा दलहरूबाट सामूहिक विवेक प्रदर्शन भएकाले विवाद उठेन। तर, कोसीमा त्यस्तो विवेक देखिएन। यो नै कोसीको द्वन्द्वको मुख्य कारण हो। अहिले कोसीको राजनीतिक जटिलताले प्राप्त उपलब्धिमाथि नै प्रश्न उठाउने खतरा बढेको छ। कोसीलाई राजनीतिको प्रयोग भूमि बनाउने प्रयास भइरहेको छ। यदि, कुनै प्रदेशमा गभर्नर शासनको सुरुवात भयो भने त्यो कोसी प्रदेशबाटै हुने सम्भावना देखिन्छ।

माओवादीलाई नेतृत्व दिँदा समस्या समाधान होला त ?

सम्बन्धित दलहरूमा मुख्यमन्त्रीका आकांक्षी धेरै छन्। यस्तोमा यो वा त्यो दलबाट अमूक नेता मुख्यमन्त्री बने पनि त्यो प्रदेशका लागि केही हुनेछैन। केवल 'आया राम गया राम'को अवस्था मात्र हुनेछ। एमालेलगायत सबै दलले उच्चतम विवेक प्रयोग गरे भने प्रदेशको राजनीतिलाई ट्र्याकमा ल्याउन असम्भव नै भने छैन।

एमाले र कांग्रेसको शेखर समूह मिलेर सरकार बन्न कति सम्भव देख्नुहुन्छ ?

एकअर्काको नजिक बन्नुसम्म त ठिकै हो। तर, संसदीय राजनीतिमा एउटा दल र अर्को दलको एउटा गुट वा समूह मिलेर सरकार नै बनाउने भन्ने सम्भावना चाहिँ हुँदैन।

प्रेरक प्रसंग

सेनापतिको आत्मविश्वास

हजारौँ वर्षपहिले चीनमा एक चतुर र आत्मविश्वासी सेनापति थिए। एक दिन लामो युद्ध अभियानको अन्त्यमा जनरलले सिपाहीहरूको सानो बटालियनका साथ एउटा गढमा रोकिने निर्णय गरे। साथमा उनले आफ्नो मुख्य सैन्य बललाई भने अन्यत्रै आराम गर्न पठाए।

यसैबीच, उनका एक शत्रुले यसबारे सुइँको पाए। दंग पर्दै आफ्नो निकै ठूलो संख्याको सेनालाई शत्रु सेनापति बसेको गढतिर अघि बढ्ने आदेश दिए। मध्यरातमा, मस्त निदाइरहेका चिनियाँ जनरललाई उनका एक सहयोगी सिपाहीले ब्युँझाए। उनले सूचना दिए- दुस्मन सैनिक पूर्ण तयारीसाथ नजिक आउँदै छन्। उज्यालो हुनुअघि उनीहरू यहाँ आइपुग्नेछन्। हाम्रो गढमा हामीसँग सिपाहीको संख्या निकै सानो छ। हामीले उनीहरूको सामना गर्न कठिन छ।

यो समाचार सुनेर जनरल रोकिए, केही सोचे र आत्मविश्वाससाथ आदेश दिए- तिमी तल जाऊ, गढका सबै प्रवेशद्वार खोलिदेऊ र तिमीहरू दुस्मनको हात नआउने गरी लुक। सिपाहीले तत्काल जनरलको आदेश पूरा गरे। जनरलले पनि आफूसँग भएका सबै हतियार लुकाए। फौजी पोसाक लगाए। र, मेन्डोलिन बजाउन सुरु गरे।

नभन्दै बिहानीपख शत्रुसेना पूर्ण तयारीसाथ गढमा प्रवेश गरे। उनीहरूका अगाडि सेनापति थिए। चिनियाँ सेनापतिलाई त्यति निस्फिक्रीसाथ मेन्डोलिन बजाइरहेको देखेपछि सेनापतिले आफ्ना सिपाहीलाई तत्काल रोकिन आदेश दिए। उनले मनमनै सोचे- यति धूर्त चिनियाँ सेनापति यसरी ढुक्क देखिनुको पछाडि पक्कै पनि केही षड्यन्त्र छ। नत्र, आफ्ना शत्रुलाई यति नजिक आएको देखेर पनि कोही यति बेपर्वाह कसरी देखिन सक्छ ? यहाँ हामीले यिनीमाथि आक्रमण गऱ्यौँ भने हामी पक्कै पनि जिउँदो निस्कन सक्नेछैनौँ।

शत्रु सेनापतिले त्यहाँबाट पछि हट्नुमै आफ्नो बुद्धिमानी देखे। उनले आफ्ना सिपाहीलाई पछि हट्ने आदेश दिए र त्यहाँबाट चुपचाप फर्किए। यो देखेपछि चिनियाँ सेनापति मुसुक्क मुस्कुराए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कुलमानसिंह घिसिङलाई पत्र

तपाईं प्राधिकरणका हाकिम भएपछि लोडसेडिङ हटेको थियो। जनता तपाईंसित औधी खुसी पनि थिए। तर, आजकाल झ्याप्पझ्याप्प बत्ती जाने र कहिले त घन्टौँसम्म नआउने रोगले फेरि पिरोल्न थालेको छ। लोडसेडिङ हटेपछि बिजुलीबाट खाना पकाउने पनि व्यवस्था मिलाउने कुरा गर्नुभएको थियो। तसर्थ जनदबाबले तपाईं दोस्रोपल्ट पुनः हाकिम बन्नुभयो। तपाईंको पहिलो कार्यकाल जति सार्थक भयो, दोस्रो कार्यकाल त्यति सबल हुन सकेन।

बिहान र बेलुकाको समयमा बत्ती जाँदा बिजुलीमा खाना पकाउने त कुरै छोडौँ, ग्यासमा खाना पकाउन पनि अन्धकारमा नसकिने भयो। भक्तपुरको कटुन्जेदेखि चुनदेवी, घलाँते हुँदै सूर्यविनायक, जगाती, सिपाडोल साइडमा बत्ती गएरै हैरान भयो। यसको समाधान कहिले र कसरी हुन्छ ?

● **ज्यो. रत्ननिधि रेग्मी** 'शुक्राचार्य', महाकवि देवकोटा आश्रम
shukracharya@yahoo.com.au

स्वदेशी शिक्षाको दुरवस्थाको प्रभाव

साढे दुई महिनामा २७ हजार विद्यार्थीले विदेशमा अध्ययनका लागि एनओसी लिएको र झन्डै ११ अर्ब रुपैयाँ बाहिरएको समाचार पढ्दा केही लेख्न मन लाग्यो। नेपाली विश्वविद्यालयमा पढाइभन्दा राजनीति बढी हुन्छ। जसले गर्दा पढ्न चाहने विद्यार्थीलाई पनि यसले गम्भीर असर पारिरहेको हुन्छ। फेरि चार वर्षमा सकिनुपर्ने कोर्स सक्न पाँच वर्षभन्दा बढी समय लाग्छ। भनेको समयमा परीक्षा हुँदैन। परीक्षा भए समयमै नतिजा आउँदैन। अनि को बस्छ त यहाँ ?

● **गौरिका विक**
क्षेत्रपाटी, काठमाडौं

अख्तियारलाई बलियो बनाऊ

सरकारले अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी नयाँ एने ल्याउन लागेको समाचार पढियो। हाम्रा राजनीतिक दल र नेताहरू अख्तियारलाई सकभर कमजोर बनाउन चाहन्छन्। तर, ऐन बनाउँदा सकभर अख्तियारलाई कमजोर होइन, बलियो बनाउने प्रभावकारी प्रावधान समावेश गरियोस्। अख्तियार बलियो भयो भने मात्र यो देशमा सुशासन कायम हुन सक्छ। त्यसैले, अख्तियारले भनेजस्ता प्रावधान ऐनमा समावेश गरियो भने त्यस्तो कानुन प्रभावकारी हुन सक्छ। त्यसैले, राजनीतिक दलहरूको ध्यान यसतर्फ तत्काल जाओस्।

● **गोविन्द गुरुङ**
सीतापाइला, काठमाडौं

सवारी मापदण्डको नियमन खोइ ?

केही समयपहिले सार्वजनिक सवारीसाधनमा अनेक साहित्य लेखेकालाई ट्राफिक प्रहरीले मेटेको देख्न पाइन्थ्यो। मनपरी बत्ती जडान गरी गरिएको सजावट पनि हटाउन लगाएको समाचार आएको छ। अहिले सुस्ताएर हो वा छुट दिएर, फेरि पनि सार्वजनिक सवारीसाधनमा पहिलेकै अवस्था देखिन्छ। धेरथोर निजी सवारीमा पनि यस्तो देख्न पाइन्छ। फरक के भने निजीकाले लेखे पनि अंग्रेजीमा लेखेको पाइन्छ। तर, भित्र लेखे पनि बाहिर लेख्नु भने किमार्थ उचित होइन। किनकि त्यो साहित्य पढ्ने धुनमा अर्को सवारीको साधनको ध्यान मोडिन सक्छ। त्यसबाहेक कतिपय सार्वजनिक सवारीसाधन अनेक स्टिकर वा झल्लरजस्ता कपडाले रंगीविरंगी बनाइएका हुन्छन्। कतिका नम्बर प्लेट प्रस्ट हुँदैनन्।

ट्राफिक प्रहरीले सडकमा नियमित चेकजाँचसँगै आकस्मिक 'सिभिल ड्रेस'मा वा पैदल गस्ती गरेर पनि यस्ता कानुनविपरीतका जुनसुकै सवारीसाधनलाई नियन्त्रणमा लिएर कारबाही गर्नुपर्ने हो। अहिले कतिपय मोटरसाइकलका युवा चालक दुवै 'साइड लाइट' एकैपटक बालेर आकस्मिक अवस्थाका सवारीजसरी हिँडेका देखिन्छन्। ठूलो आवाजमा 'हर्न' बजाएर कुदाउँछन्। यसर्थ, चेकजाँचमा कागजपत्र मात्र होइन, लाइट, हर्न या अनेक स्वरूप बिगारे-नबिगारेको पनि जाँच गरी दोषी भेटिए सजाय हुने व्यवस्था होस्।

● **श्रीकृष्ण राजवंशी**, सुनकोसी-३, सिन्धुली
shreekrish2002@gmail.com

प्यालेस्टिनी जनतामाथि बर्सिरहेको कहर

प्यालेस्टिनी जनता अहिले अँध्यारो कोठामा बमवर्षक जहाजको कर्कश आवाज छल्न आफ्ना कान छोप्दै अवश्यम्भावी बम हमला कुरिरहेका छन्



देश/विदेश

● विजय प्रसाद

यो आलेख प्रकाशित हुँदा कतिजना प्यालेस्टिनी जनता मारिँदै होलान्, त्यो यसै भन्न सकिँदैन। पेट्रोल वा विद्युत् नभएका कारण प्यालेस्टिनीको घाइते शरीर वा लासलाई अस्पताल वा कब्रस्तान पुऱ्याउन पनि हम्मे-हम्मे परिरहेको होला। प्यालेस्टिनी जनता अहिले अँध्यारो कोठामा बमवर्षक जहाजको कर्कश आवाज छल्न दुवै हातले कान छोप्दै अवश्यम्भावी बम हमला कुरिरहेका छन्। र, उद्धारकर्ता भग्नावशेष छेउमा पुगेर खोतल्दै गर्दा लासको पहिचान हुन सक्दैन र परिजन मारिएकाको लुगा वा सामान हेरेर रुन्छन्। गाजामा बसोवास गर्ने प्यालेस्टिनी जनताको जीवनमा यही कहालीलाग्दो कहर बर्सिरहेको छ। हरेकपटकको इजरायली हमलाले गाजाको बचेखुचेको पूर्वाधारलाई धुलोपिठो बनाइदिन्छ र जनताको जीवन नारकीय बन्छ। गाजाको स्वास्थ्य मन्त्रालयले मृत्यु र घाइते भएका नागरिकको अभिलेख राख्ने गरेको छ, तर यसलाई इजरायल र उसका पश्चिमा मतियार खारेज गर्छन्।

भग्नावशेष गाजा : गाजा एक भग्नावशेष क्षेत्र हो, जहाँ करिब २० लाख मानिस बसोवास गर्छन्। सन् २०१४ मा इजरायलले गरेको नृशंस बम आक्रमणपछि राष्ट्रसंघले 'मानिस साँच्चै कंक्रिट-ईँटाको मलबामुनि परेका छन्, जहाँ बालबालिका अल्पोष्णताका कारण ज्यान गुमाइरहेका छन्' भन्दै प्रतिवेदन जारी गरेको थियो। सन् २००४ मा इजरायलको राष्ट्रिय सुरक्षा निर्देशक जिओरा इलेन्डले गाजालाई एक 'विशाल यातना शिविर'को संज्ञा दिएका थिए। यो शिविर सन् १९४८ मा खडा गरिएको थियो, जहाँ नयाँ इजरायली राज्यको जातीय सफाया नीतिअन्तर्गत हटाइएका प्यालेस्टिनीका शरणार्थी शिविर थिए। सन् २००५ मा इजरायली उपनिवेशक र सेनाले औपचारिक रूपमा गाजा क्षेत्र छाडे पनि गाजापट्टीलाई जमिन र समुद्र दुवैतर्फबाट थुनेर इजरायलले अहिले पनि अतिक्रमण जारी राखेको छ। इजरायलले आफ्नो यही थुन्ने शक्तिलाई आधार बनाएर वेलावेलामा जनताको हत्या गर्छ।

पोलिटिसाइड : जनवरी २००६ मा प्यालेस्टिनी जनताले गाजामा हमासलाई निर्वाचित गरेर आफ्नै सरकार बनाउने प्रयास गरेको थियो, त्यसवेला हमासको विजयलाई इजरायली र पश्चिमाले स्विकारेका थिएनन् र नतिजा खारेज गर्न सशस्त्र हमला गरेका थिए। स्मरण रहोस्, गाजामा सन् १९८७ मा पहिलोपटक भएको 'इन्टिफाडा' (आन्दोलन) का क्रममा हमासको उदय भएको थियो। गाजामा जनतालाई कहिल्यै राजनीतिक अख्तियारी अभ्यास गर्न दिइएन। इजरायलले गाजाको राजनीतिक जीवनलाई यसरी कुण्ठित पाऱ्यो कि सशस्त्र द्वन्द्व स्थायी हुने अवस्था निम्तियो। जब प्यालेस्टिनीले सन् २०१९ मा अहिंसात्मक महान् यात्रा आयोजना गरे, तब इजरायली सेनाले बल प्रयोग गर्दै दुई सय प्यालेस्टिनीको हत्या गऱ्यो। जब अहिंसात्मक आन्दोलनलाई हिंसाबाट कुल्चिइन्छ, तब जनतालाई अहिंसात्मक हुनू र हतियार नउठाउनू भनेर सम्झाउन गाह्रो हुन्छ। प्यालेस्टिनी राजनीतिक प्रक्रियालाई नष्ट पार्ने इजरायली नीतिलाई इजरायलका समाजशास्त्री बरुच किमरलिङले 'पोलिटिसाइड' अर्थात् राजनीतिको हत्याको संज्ञा दिएका छन्। प्यालेस्टिनीका लागि यो अवस्थामा सशस्त्र संघर्ष मात्रै अन्तिम विकल्प बन्न पुग्यो। वास्तवमा अन्तर्राष्ट्रिय कानुनअनुसार अतिक्रमणकारी शक्तिविरुद्ध गरिने सशस्त्र संघर्ष अवैध हुँदैन। सन् १९४९ को जेनेभा महासन्धिको अतिरिक्त संहिता १, सन् १९७४ को राष्ट्रसंघीय महासभाको संकल्प तीन हजार ३१४ र सन् १९८२ को संकल्प ३७/४३ ले आत्म-निर्णयको अधिकारलाई सुरक्षित गरेको छ। सन् १९८२ को संकल्पमा 'स्वतन्त्रता, भौगोलिक



तस्बिर : एनाडोलु, एजेन्सी

अखण्डता, राष्ट्रिय एकता र औपनिवेशिक एवं विदेशी प्रभुत्व र विदेशी कब्जाबाट मुक्तिका लागि सशस्त्र संघर्षलगायत उपलब्ध सबै माध्यमबाट हुने जनताको संघर्षको वैधानिकतालाई पुनः पुष्टि गर्छ' उल्लेख गरिएको छ। अवैधानिक अतिक्रमणविरुद्ध गरिने सशस्त्र संघर्षलाई जायज ठहऱ्याउने योभन्दा ठूलो कानुनी मार्ग अन्य हुन सक्दैन। हमासले इजरायलमाथि गरेको हमलाका पछाडि इजरायली सत्ताको राजनीतिक रवैया जिम्मेवार छ। कतारको मध्यस्थतामा कैयौँपटक वार्ताका प्रयास नभएका होइनन्, तर यी प्रयास इजरायली हवाई हमलाले रोकिन्थे।

युद्ध अपराध : इजरायल गाजामा धाबा बोल्दा तब पश्चिमा मुलुकले एकै स्वरमा 'इजरायलसँग प्रतिरक्षाको अधिकार' छ भन्ने गरेका छन्। 'इजरायलसँग प्रतिरक्षाको अधिकार' छ भन्ने वाक्य कानुनी रूपमा त्रुटिपूर्ण छ। सन् १९६७ मा इजरायलले १९४८ मा बनेको इजरायलले 'हरित रेखा' मिचेर पूर्वी जेरुसलेम, गाजा र वेस्ट बैंकमा कब्जा जमाएको थियो। तत्कालीन राष्ट्रसंघीय सुरक्षा परिषद्को संकल्प २४२ ले 'हालैका द्वन्द्वमा कब्जा गरिएका भूमिबाट (इजरायली) सशस्त्र समूह हटाउन' माग गरेको थियो। यहाँनेर 'कब्जा गरिएको' भन्ने शब्दावली त्यसै लेखिएको होइन। सन् १९०७ को हेग नियमनको धारा ४२ अनुसार 'कुनै पनि भूमि त्यसवेला कब्जा गरिएको ठहर्छ, जब सो भूमि शत्रु सेनाको अख्तियारीमा रहन्छ।' गाजाको विषयलाई सन् २००५ यता इजरायली अधिकारीले 'आत्मरक्षा'को भाषा नभई सामूहिक दण्डको भाषा बोलेका छन्। इजरायलका प्रधानमन्त्री र रक्षामन्त्रीले गाजापट्टीमा शृंखलाबद्ध बम हमला गरिरहँदा आफूहरूले विद्युत्, खाद्यान्न, इन्धनलगायत अत्यावश्यक वस्तुमा रोक लगाएको जनाएका छन्। यो जेनेभा महासन्धिअनुसार एक युद्ध अपराध हो।

उसो त इजरायलविरुद्ध सन् २०२१ मा अन्तर्राष्ट्रिय फौजदारी अदालतमा युद्ध अपराध गरेको भन्दै मुद्दा हालिएको छ, तर अदालतले अहिलेसम्म प्रमाण संकलनको कामसमेत सुरु गर्न सकेको छैन। विडम्बना ! यता प्यालेस्टाइनका भग्नावशेषका अँध्यारा कुनामा बालबालिका अझै पनि दुवै हातले कान छोपेर बम कुरिरहेका छन्।

(प्रसाद मार्क्सवादी इतिहासकार एवं ट्राइकन्टिनेन्टल : इन्स्टिट्युट अफ सोसल रिसर्चका निर्देशक हुन्)
पिपुल्स डिस्प्याचबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

व्यवस्थामा थोरै र जनताको अवस्थामा व्यापक सुधार गर्नु छ



जनताको अवस्था बदलिएन भन्ने कुरा गलत हो । मेची-महाकाली अभियानका क्रममा हामीले देख्यौं, गाउँगाउँमा बाटाहरू पुगेका छन् । कतिपय ठाउँमा क्वालिटीको समस्या होला । तर, आम रूपमा बाटाहरू राम्रो पाइयो । गाउँगाउँमा दुई लेनका बाटा छन् ।

मुलुक रूपान्तरणका एजेन्डा राष्ट्रलाई सुनाउन र आमजनताका सुझाव लिन भन्दै यतिखेर एकीकृत समाजवादी मेची-महाकाली जागरण अभियानमा छ । रोजगारी, समृद्धि र सुशासनको नारासहित गत १४ असोजमा झापाको काँकडभिट्टाबाट सुरु भएको अभियान आगामी २९ असोजसम्म जारी रहनेछ । सबै नेपालीलाई कसरी रोजगारी दिने, समृद्धि र समाजवादको आधार कसरी तयार पार्ने भन्ने एजेन्डा जनतालाई सुनाउने एकीकृत समाजवादीले दाबी गरेको छ । उसले कृषि, उद्योग, पर्यटन, पूर्वाधार, शिक्षा, स्वास्थ्य, सुशासन र विदेश नीतिसहित १० एजेन्डामा जनतालाई जागरण गराउने उद्देश्य लिएको छ । समाजवादी जागरण अभियान, सरकार, सत्तारुढ गठबन्धन, समाजवादी मोर्चा र एमालेसँगको सम्बन्धलगायत विषयमा पूर्वप्रधानमन्त्रीसमेत रहेका एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग नयाँ पत्रिकाकर्मी ***प्रेम गौतम***ले गरेको कुराकानी ।

■ **माधवकुमार नेपाल**
अध्यक्ष, एकीकृत समाजवादी तथा पूर्वप्रधानमन्त्री

पूर्वबाट सुरु भएको मेची-महाकाली समाजवादी जागरण अभियान सुदूरपश्चिम आइपुगेको छ । अभियानप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

पहिलो, हामीले के पायौं भने हाम्रो पार्टी जनतामा स्थापित छ । हाम्रो पार्टीप्रति जनताको प्रतिक्रिया सकारात्मक छ । जनता हाम्रो पार्टीप्रति आशा र अपेक्षा गरेर बसेका छन् । अभियानबाट हाम्रो पार्टीको भविष्य निकै राम्रो पाइएको छ । अभियानका क्रममा विभिन्न पार्टी परित्याग गरेर हाम्रो पार्टीमा हजारौंको संख्यामा मानिस प्रवेश गरेका छन् । सभामा जनताको उत्साहजनक सहभागिता रहँदै आएको छ । यो अत्यन्तै उत्साहजनक छ । कसैकसैले हाम्रो पार्टीको भविष्य छैन भनेर एक प्रकारले गिज्याउने गरेका थिए । हाम्रै पार्टीमा पनि कतिपयमा भविष्य छैन कि क्या हो भनेर अन्योल वा निराश भएको स्थिति थियो । यसलाई चिर्न पनि यो अभियानले ठूलो भूमिका खेलेको छ ।

दोस्रो, यो पार्टीको विचार के हो प्रस्ट भएन भनेर प्रचार गर्नेहरूलाई हामीले स्पष्ट पारेका छौं । यो पार्टीको नाम नै नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादी हो । समाजवादको बारेमा हामी स्पष्ट छौं । केही मानिसले फैलाएको भ्रम चिर्न सफल भएका छौं ।

राजनीतिक दलहरूप्रति जनता त निराश छन् नि होइन ?

केही मान्छेको काम भ्रम फैलाउने मात्रै हुन्छ । भ्रममा पर्ने बानी परेका मानिस पनि खालि भ्रमित मात्रै हुन्छन् । निराशावादी मान्छे जहिल्यै निराश मात्रै हुन्छ । नबुझेकालाई बुझाउन सकिन्छ, निदाएकालाई ब्युँझाउन सकिन्छ । निदाएको नाटक गर्नेलाई ब्युँझाउन सकिँदैन । खुब बुझेको बहाना गर्नेलाई बुझाउन सकिँदैन । नेपालमा मात्रै होइन, संसारमै दुई खालका मानिस हुन्छन्- एउटा तटस्थ र आशावादी । अर्को पूर्वाग्रही र निराशावादी । तटस्थ र आशावादी मानिसलाई सहजै बुझाउन सकिन्छ । निराशावादीसम्मलाई पनि आशावादी बनाउन सकिन्छ । तर, चरम पूर्वाग्रहीलाई केही गर्न सकिँदैन । यो अभियानले जनतामा र केही हदसम्म हाम्रा कार्यकर्तामा रहेको द्विविधालाई चिर्ने काम गरेको छ । पार्टी स्थापना हुँदा नै हामीले लक्ष्य, उद्देश्य, समाजका प्रधान अन्तरविरोध, गौण अन्तरविरोध, मुख्य शक्ति र सहायक शक्तिबारे स्पष्ट पारेका छौं । समाजवादबारे हाम्रो अवधारणा सार्वजनिक गरिसकेका छौं । सर्वहारावर्गीय पार्टी भएकाले वर्ग दृष्टिकोणबारे हामीमा कुनै द्विविधा छैन ।

सवाल के भने हामी बुझ्नका लागि खुला दिमागले तयार छौं कि छैनौं ? राम्ररी अध्ययन गर्छौं कि गर्दैनौं ? केन्द्रीय कमिटीको पहिलो बैठकदेखि छैटौं बैठकसम्मका प्रतिवेदन, राष्ट्रिय प्रतिनिधि परिषद्को प्रतिवेदनले नै विस्तृत रूपमा यावत् सवालमा हाम्रो धारणालाई प्रस्ट पारेको छ । तिनै कुराको प्रस्तावनामा उभिएर अहिले हामीले १० वटा विषय अघि सारेर समाजवादी जागरण अभियान सञ्चालन गरेका हौं ।


एकीकृत समाजवादीको मुख्य प्राथमिकता के हो ?

कृषि नेपालको अर्थतन्त्रको आधारशिला हो भन्ने प्रस्ट सोच हामीले अगाडि सारेका छौं । सुरुदेखि नै मैले जोड दिँदै आएको छु, 'एग्रिकल्चर इज फाउन्डेसन अफ नेप्लिज इकोनोमी' । जलविद्युत् र पर्यटन नेपालको अर्थतन्त्रका इन्जिन हुन् । यो जति तीव्र गतिमा हिँड्छ, त्यति नै यसले गति पैदा गर्छ र अर्थतन्त्रको विकासलाई नयाँ उचाइमा पुऱ्याउँछ । त्यसैगरी सबैसँग जोडिएको विषय हो, उद्योग । शिक्षा र स्वास्थ्यमा हामीले विशेष ध्यान दिनुपर्नेछ । यी सबै कुरा गर्न हामीले सामरिक ढंगले योजना बनाउनुपर्छ । अहिले गर्ने र भोलि गर्ने काम छुट्याउनुपर्छ । योजना र कामको प्राथमिकता निर्धारण गर्नुपर्छ । प्रत्येक काम सुरु हुनुभन्दा पहिला साधन र स्रोत कहाँ उपयोग गर्ने भन्ने कुरा हेर्नुपर्छ । कुनै पनि काम सुरु गरिसकेपछि गुणस्तरीय रूपमा छिटो सम्पन्न गर्नेमा ध्यान दिनुपर्छ । यो सबै गर्ने सवालमा गहिरो अध्ययन, अनुसन्धान गर्नुपर्छ । खोज गर्नुपर्छ र यथार्थमा पुग्नुपर्छ ।

शिक्षा र स्वास्थ्यकै लागि बिदेसिनुपर्ने अवस्था अन्त्य गर्न सकिँदैन र ?

शिक्षा र स्वास्थ्यको महत्त्व हामीले बुझ्नैनौं भने दक्ष जनशक्ति तयार गर्न सक्दैनौं । मिहिनेती जनशक्ति तयार गर्न सक्दैनौं । युवापंक्ति योग्य र सक्षम भएन भने त्यो समाजको ठूलो समस्या हुन्छ । सर्वसुलभ र गुणस्तरीय शिक्षा र स्वास्थ्यमा हाम्रो ध्यान केन्द्रित हुनुपर्छ । शिक्षाकै माध्यमबाट रोजगारी सिर्जना गर्न सकिन्छ । कृषिलाई प्रविधिसँग जोडेर पनि रोजगारी दिन सकिन्छ । देशभित्रै रोजगारी दिने कुरालाई महत्त्व दिन सकेनौं भने हाम्रा युवा प्रत्येक दिन विदेश पलायन हुने क्रम रोकिनेवाला छैन । विदेशमा दुःखकष्ट गर्नुपरेको छ । ज्यानसमेत जाने अवस्था छ । गाउँमा युवाहरू नहुने अवस्था आइसकेको छ । युवाको समस्या सबैभन्दा ठूलो समस्या हो । बेरोजगारीको समस्या सबैभन्दा महत्त्वपूर्ण समस्या हो । रोजगारीकै आभावमा गरिबी छ । उत्पादन बढाएर रोजगारी सिर्जना गर्न सकिन्छ ।

> हामीलाई कसैको विरोध गर्नु छैन । कसैको विरोध गर्नका लागि हामीले यो पार्टी बनाएका होइनौं । हामीले समाजलाई परिवर्तन गर्नका लागि, रूपान्तरण गर्नका लागि पार्टी बनाएका हौं । अब कोही नकारात्मक सोच राखेर गालीगलोज गरेर आनन्द मान्छन् भने उनीहरूलाई धिक्कार छ भन्नुबाहेक केही हुँदैन । नाम काढीकाढी, कुनै पार्टी विशेषको विरोध गर्ने कुरालाई कसैले राम्रो ठान्दैन । हामी हाम्रा एजेन्डा अगाडि सारेर जनतामाझ आएका छौं ।



बेरोजगार उन्मूलन गर्ने नारा पनि दिनुभएको छ । १० वर्षमा यो काम सम्भव छ ?

१० वर्ष अहिले नै किटान गरेर भन्न मिल्दैन । यो वैज्ञानिक खोजको कुरा हो । गहिरो अध्ययनको कुरा हो । हामीले हातमा जिम्मेवारी प्राप्त गरेपछिको निरन्तरताको कुरा पनि हो । गर्न त हामीले गर्छौं । गौरवका साथ भन्नुपर्छ, व्यवस्था पनि हामीले परिवर्तन गरेका छौं । जनताको अवस्था पनि परिवर्तन गरेका छौं । व्यवस्थालाई अझै सुधार गर्नुपर्नेछ । अवस्थामा व्यापक सुधार गर्नुपर्ने आवश्यकता छ ।

देशमा पटक-पटक व्यवस्था बदलियो, तर जनताको अवस्था बदलिएन किन ?

जनताको अवस्था बदलिएन भन्ने कुरा गलत हो । मेची-महाकाली अभियानका क्रममा हामीले देख्यौं, गाउँगाउँमा बाटाहरू पुगेका छन् । कतिपय ठाउँमा क्वालिटीको समस्या होला । तर, आम रूपमा बाटाहरू राम्रो पाइयो । गाउँगाउँमा दुई लेनका बाटा छन् । जुन जिल्लामा म बाटोको चरम अभाव देख्थें, त्यहाँ अहिले बाटोको सञ्जाल फैलिएको देखेर मन खुसी नै भएको छ । त्यसकारण केही पनि भएन भनेर निराशावादको प्रचार किमार्थ गर्नु हुँदैन । जनताको जीवनस्तरमा पहिलेभन्दा अहिले परिवर्तन भएको छैन ? गाउँगाउँमा पहिलाको र अहिलेको अवस्था हेर्दा केही परिवर्तन भएको छैन ? त्यसकारण कुन भाष्य स्थापित गर्ने हो, हामी यो व्यवस्था काम लाग्दैन भन्ने निष्कर्षमा पुग्ने हो ? हामीले ल्याएको व्यवस्था हो यो । संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउने कि कमजोर बनाउने ? हामी बलियो बनाउने गरी अगाडि बढ्नुपर्छ । यसलाई कमजोर बनाउन खोज्ने प्रतिगामी तत्त्वको सपनालाई चकनाचुर पार्नुपर्छ । त्यसका लागि हामीले अग्रगामी भूमिका खेल्नुपर्छ । हामीले बहुदलीय व्यवस्था ल्याएका थियौं, राजतन्त्र हुँदाहुँदै पनि । राजतन्त्र जबसम्म हाम्रा सामु शत्रुको रूपमा खडा भएन, तबसम्म त्यो बहुदलीय व्यवस्थाको माध्यमबाट हामीले जनताको विश्वास जितेका थियौं । ०५१ सालको सरकार बनाएका थियौं । सरकारबाट सानदार काम गरेका थियौं । संघीय लोकतान्त्रिक गणतन्त्र पनि हामीले ल्याएका हौं ।

सरकार फेरियो, प्रधानमन्त्री फेरिए । तर, देश र जनताले के पाए ?

चुनौतीका बीचमा ०६६/०६७ मा म आफैं प्रधानमन्त्री भएँ । म प्रधानमन्त्री भएका बेला ल्याइएका एकसेएक कार्यक्रम तपाईंहरूले हेर्नुस् । जनता आवास कार्यक्रम ऐतिहासिक महत्त्वको कार्यक्रम होइन ? मध्यपहाडी राजमार्ग, स्मार्ट सिटीको काम महत्त्वपूर्ण होइन ? काठमाडौंसँग तराई जोड्ने दूरगामी महत्त्वको काम होइन ? निजगढमा विमानस्थल बनाउनुपर्छ भन्ने कुरा दूरगामी महत्त्वको होइन ? हुलाकी राजमार्गको काम दूरगामी महत्त्वको होइन ? युवा परिषद्को स्थापना पनि मेरै पालामा भएको हो । देशका विभिन्न भागमा पोलिटेक्निकल इन्स्टिच्युटहरू मेरै पालामा स्थापना भएका हुन् । मध्यपश्चिम, सुदूरपश्चिम विश्वविद्यालय मेरै पालामा स्थापना भएका हुन् । शिक्षा र स्वास्थ्य सेवाको क्षेत्रमा धेरै काम भएका छन् । एक घर, एक रोजगारी, एक गाउँ एक सहकारी, अन्तरजातीय विवाहलाई प्रोत्साहन गरेर छुवाछुत अन्त्य गर्ने ठोस काम मेरै सरकारको पालामा भएको हो । कुनै पनि सरकारले काम गरेनन् भन्ने भाष्य नै गलत हो । गर्नेहरू पनि छन्, नगर्नेहरू पनि छन् । सबैले गलत गरे भन्नुअघि अध्ययन गर्ने बानी बसाल्नुपर्छ ।

कम्युनिस्ट पार्टीले करिब दुईतिहाइ मत ल्याउँदा पनि अपेक्षित काम गर्न सकेन । त्यसको जिम्माचाहिं लिनुपर्दैन ?

हो, ०७४ सालको चुनावमा हामीले मौका पाएका थियौं । त्यो मौकाको सदुपयोग गरेको भए साँच्चै धेरै काम गर्न सकिन्थ्यो । हामीले मिलेर, एकताबद्ध भएर, राम्रो योजना बनाएर, समाजवादको लक्ष्यलाई ध्यानमा राखेर काम गर्न सकेको भए धेरै गर्न सकिन्थ्यो ।

अहिले पनि कम्युनिस्ट पार्टीकै नेताको नेतृत्वमा सरकार छ । यो सरकारले केही आशा जगाउन सक्छ ?

अहिले पनि धेरै जल्दाबल्दा समस्या छन् । सरकारले आशा जगाउने ढंगले काम पनि सुरु गरेको छ । तर, अझै धेरै काम गर्नुपर्नेछ । अहिले गठबन्धनको सरकार छ । वास्तवमा हाम्रै मिहिनेत र प्रयत्नबाट गठबन्धन सरकार बनेको हो । यो सरकारलाई बलियो बनाउनु, सही बाटोमा डोऱ्याउनु हाम्रो जिम्मेवारी हो । सरकारले कमजोरी गरेको छ भने मित्रतापूर्ण ढंगले सदन र सरकारमा बसेर भन्ने हो । सडकबाट आवाज उठाएर पनि भन्ने हो । हामी सडक, सदन र सरकार तीनवटै मोर्चामा छौं ।

प्रचण्ड सरकार बनेको १० महिना भयो, अंक दिनुपऱ्यो भने कति दिनुहुन्छ ?

बडो गाह्रो प्रश्न सोध्नुभयो । मार्क दिँदा फेल हुने त दिनै भएन । किनभने, सरकारले भ्रष्टाचारविरुद्ध अभियान छेडेको छ । छानबिन, अनुसन्धान गरिरहेको छ । तर, कर्मचारी प्रशासनभित्र अझै पनि ससानो काममा पनि ठूलो भ्रष्टाचार छ । विनापैसाको काम नहुने प्रवृत्ति व्याप्त छ । यसलाई कसरी नियन्त्रण गर्ने भन्नेतर्फ प्रधानमन्त्रीको ध्यान जानुपर्छ । यसतर्फ समय दिनुपर्छ, सोच र योजना बनाउनुपर्छ । गलत काम गर्नेलाई गिरफ्तार गर्ने र

> कर्मचारी प्रशासनभित्र अझै पनि ससानो काममा पनि ठूलो भ्रष्टाचार छ । विनापैसाको काम नहुने प्रवृत्ति व्याप्त छ । यसलाई कसरी नियन्त्रण गर्ने भन्नेतर्फ प्रधानमन्त्रीको ध्यान जानुपर्छ । यसतर्फ समय दिनुपर्छ, सोच र योजना बनाउनुपर्छ । गलत काम गर्नेलाई गिरफ्तार गर्ने र दण्डित गर्ने परिपाटी बसाल्नुपर्छ । राज्यका संयन्त्रलाई तदनुरूप नै अगाडि बढाउनुपर्छ । राज्यको संयन्त्रमा असल, इमानदार पनि छन् । खराब र असल छुट्याउन सक्नुपर्छ । यो काममा प्रधानमन्त्री र सरकारी निकायले भूमिका खेल्नुपर्ने हुन्छ । नभए जोसुकै भए पनि गर्न सक्दैनन् ।

दण्डित गर्ने परिपाटी बसाल्नुपर्छ । राज्यका संयन्त्रलाई तदनुरुप नै अगाडि बढाउनुपर्छ । राज्यको संयन्त्रमा असल, इमानदार पनि छन् । खराब र असल छुट्याउन सक्नुपर्छ । यो काममा प्रधानमन्त्री र सरकारी निकायले भूमिका खेल्नुपर्ने हुन्छ । नभए जोसुकै भए पनि गर्न सक्दैनन् । पहिला गर्ने चाहना हुनुपऱ्यो । चाहनाले मात्रै पुग्दैन, योजना हुनुपर्छ र त्यसलाई लागू गर्नुपर्छ । सोच राख्नुस्, व्यावहारिक योजना ठोस रूपमा अगाडि सार्नुस् र कार्यान्वयनमा लानुस् । काम ठिक ढंगले भएको छ कि छैन, अनुगमन र मूल्यांकन गर्नुस् । राम्रो गरेको छ भने खुसी हुनुस्, कमजोरी भएको छ भने सुधार गर्नुस् । यी जम्मै सिरिजमा जानुपर्ने आवश्यकता छ ।

यो सरकारले अनेक चुनौतीबीच काम गर्दै छ । काम गर्ने सिलसिलामा कतिपय कुरा मिलेको छैन । एउटा मन्त्रालयले एक ढंगले सोच्छ, अर्को मन्त्रालयले अर्को ढंगले सोच्छ । कसले राम्रो गरेको छ, कसले गलत गरेको छ भन्ने अनुगमन हुनुपर्छ । केही विषयमा नीतिगत रूपमै छलफल गर्नुपर्ने आवश्यकता पनि छ ।

कांग्रेस र समाजवादी मोर्चा मिलेर सरकार चलाउँदा राम्रो भएन, मोर्चाले सरकार चलाउँदा कांग्रेसले बाहिर बसेर समर्थन गर्ने र कांग्रेसले चलाउँदा मोर्चाले बाहिरै बसेर समर्थन गर्ने भन्ने बहस कांग्रेस नेताहरूले सुरु गरेका छन् । तपाईंको धारणा के छ ?

त्यस्तो प्रस्ताव हामीलाई आएको छैन । बाहिर त के-के आउँछ, के-के ! मान्छेका अनेक सोच हुन्छन् । अनेक व्यक्तिका अनेक धारणा हुन्छन् । मनमा कुरा खेलिरहेका हुन्छन् । नयाँ-नयाँ परिकल्पना गरिरहेका हुन्छन् । प्रत्येक परिकल्पनाको पछाडि हामी जानु हुँदैन । कांग्रेस पार्टीको संस्थागत धारणा के हो भने यो गठबन्धनलाई हामीले जति बलियो बनायौं, त्यति नै यो टिकाउ हुन्छ । त्यति नै यसले जनतालाई सकारात्मक सन्देश दिन्छ । कमजोरी छन् भने गठबन्धनमै बसेर छलफल गर्नुपर्छ । किनभने, कुनै एउटा घटकलाई जिम्मा दिएर मात्रै समस्याको समाधान हुँदैन ।

तपाईंले भनेजस्तै गर्ने हो भने सरकारको नीतिसँग सहमत भएन भने के गर्ने ? उसको कामसँग सहमति भएन भने के गर्ने ? चरम भ्रष्टाचार गर्न थाल्यो भने के गर्ने ? उसले गलत नीति लियो भने के गर्ने ? देशविरोधी, जनविरोधी काम गर्न थाल्यो भने के गर्ने ? जे भए पनि गठबन्धन एउटा मान्यतामा उभिनुपर्छ । म त्यस्तो प्रधानमन्त्रीमध्ये एक हुँ, जसले २२ वटा पार्टीलाई एकसाथ मिलाएर लगेको हो । २२ वटा पार्टीलाई २२ महिनासम्मै एकताबद्ध बनाएर लगेको हो । त्यसमा नेपाली कांग्रेसको महत्त्वपूर्ण भूमिका थियो । नेपाली कांग्रेसले पनि गठबन्धन सरकारको समय-समयमा अगुवाइ गरेको छ । कांग्रेस र माओवादी, कांग्रेस र हाम्रै पार्टी मिलेर पनि सरकार चलाएको इतिहास छ । यो गठबन्धन सरकार चलाउने पहिलो अनुभव होइन । कहीं कमजोरी भएको छ भने गठबन्धन दलको बैठकमा ल्याए हुन्छ । त्रुटि भएका छन् भने सच्याएर अगाडि बढ्नुपर्छ ।

देश र जनताको हितको रक्षा मुख्य कुरा हो । लोकतन्त्रको मूल्य-मान्यताभित्र रहेर हामीले काम गर्नुपर्छ । खासगरी अर्थतन्त्रको अहिलेको संकटको मारमा परेका उद्यमी, व्यवसायी र आमजनताको समस्यालाई सम्बोधन गर्नुपर्नेछ । महँगीको मारमा रहेका जनताको समस्यालाई समाधान कसरी गर्ने भन्नेमा हाम्रो ध्यान केन्द्रित हुनुपर्नेछ ।

समाजवादी जागरण अभियानमा तपाईंहरूको प्रस्तुति यसअघिको भन्दा फरक देखियो । यसअघि एमाले अध्यक्षप्रति तीव्र आलोचना गर्नुहुन्थ्यो, यसपटक त्यस्तो देखिएन । एमालेसँग सम्बन्ध सुधार हुन लागेको हो ?

हामीलाई कसैको विरोध गर्नु छैन । कसैको विरोध गर्नका लागि हामीले यो पार्टी बनाएका होइनौं । हामीले समाजलाई परिवर्तन गर्नका लागि, रूपान्तरण गर्नका लागि पार्टी बनाएका हौं । यो पार्टी उद्देश्यको खातिर अगाडि बढेको हुनाले सद्बुद्धि सबैमा आओस् भन्ने चाहना हुन्छ । सकारात्मक सोचमा सबै चलून् भन्ने हुन्छ । अब कोही नकारात्मक सोच राखेर गालीगलोज गरेर आनन्द मान्छन् भने उनीहरूलाई धिक्कार छ भन्नुबाहेक केही हुँदैन । नाम काढीकाढी, कुनै पार्टी विशेषको विरोध गर्ने कुरालाई कसैले राम्रो ठान्दैन । हामी हाम्रा एजेन्डा अगाडि सारेर जनतामाझ आएका छौं । सडकबाट जनतासँग गाँसिन मेचीदेखि महाकालीसम्मको यात्रामा छौं । सडकबाट जनताको पीडा, वेदना बुझ्न, जनतामा हाम्रो सन्देश, विचार, समाजवाद र समृद्धिको अवधारण र नेपालको भविष्य केमा छ भन्ने कुरा बताइरहेका छौं । राष्ट्रियता, देशभक्तिपूर्ण हाम्रा धारणा अघि सारेका छौं । सम्पूर्ण देशभक्त शक्ति आउनुहोस्, एकताबद्ध होऔं । पार्टीहरू पनि आउनुहोस्, एकताबद्ध होऔं भनिरहेका छौं । सारा देशभक्त, लोकतान्त्रिक र वामपन्थी शक्तिलाई एकताबद्ध बनाउने जिम्मेवारी हाम्रो काँधमा भएको बुझेर नै यो अभियान सञ्चालन गरेका हौं । देशभरका जनता यो अभियानप्रति खुसी छन् । आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिमलगायत सबै समुदायले हामीप्रति ठूलो आशा र अपेक्षा गरेका छन् ।

पछिल्लो समय साम्प्रदायिक सद्भाव भड्काउने गतिविधि पनि भए, कतिपयले राजनीतिक रंग दिन खोजेको पनि देखियो । तपाईं के भन्नुहुन्छ ?

हिन्दू र मुसलमानको बीचमा, आदिवासी जनजाति र अन्य समुदायको बीचमा दूरी बढाउने खालको कोसिस भइरहेको छ । यसलाई हामीले परास्त गर्नुपर्छ । जसरी प्रतिगामीको चलखेल देखिएको छ, त्यसलाई पनि परास्त गर्नुपर्छ । जनतालाई सजग, होसियार पनि बनाउनुपर्छ । आन्दोलनको उपलब्धि जोगाउने, संविधानको रक्षा गर्ने अभियानलाई अगाडि बढाउनुपर्छ ।

समाजवादी मोर्चाको संयोजक पनि हुनुहुन्छ । सुदूरपश्चिममा रोकिएको सन्देश सभा कहिले हुन्छ ?

समाजवादको मान्यतामा सहमत भएका चार पार्टी मिलेर गत असार ४ गते समाजवादी मोर्चा बनेको हो । सरकारबाट काम गर्न, सदनबाट र सडकबाट आवाज उठाउन सकियोस् भनेर मोर्चा बनाएका हौं । ६ वटा प्रदेशमा सन्देश सभाहरू सम्पन्न गरिसकेका छौं । सुदूरपश्चिम प्रदेशमा हामीले सन्देश सभा गर्न भ्याएका छैनौं । भदौ १३ मा तय गरेका थियौं । तर, केही समस्याले रोकियो । २६ भदौमा पनि रोकियो । सुदूरपश्चिममा पनि सन्देश सभा छिटै गर्नेछौं ।

समाजवादी मोर्चाले दिन खोजेको खास सन्देशचाहिं के हो ?

पहिलो सन्देश भनेको समाजमा समानता हुनुपर्छ । समाजमा रहेका सबै प्रकारका असमानतालाई हटाउनुपर्छ । समाजमा न्याय हुनुपर्छ । अन्याय जति पनि छन्, त्यसविरुद्ध जुझ्नुपर्छ । न्यायको प्रत्याभूति गर्नुपर्छ । राज्य सञ्चालन गर्दा सुशासनको प्रत्याभूति जनताले पाउनुपर्छ । विकासको अभियान सञ्चालन गर्दै रोजगारीको प्रत्याभूति गर्नुपर्छ । र, जनतालाई समृद्धि प्रदान गर्न सक्नुपर्छ । हामी सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक रूपान्तरणको पक्षमा छौं ।

प्रधानमन्त्रीले चीनमा गरेको समझदारी व्यापार सन्तुलनको मुख्य अस्त्र बन्न सक्छ

दुई साताअघि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको साताव्यापी चीन भ्रमणमा दुई देशबीच १२ बुँदे समझदारी भयो । खासगरी, अन्तरदेशीय विद्युत् प्रसारणलाइन निर्माण, व्यापार सहजीकरण, नाका सञ्चालन एवं बिआरआई कार्यान्वयनका विषयमा दुई देशका कार्यकारीबीच समझदारी भएको थियो । नेपाल-चीन व्यापार सम्झौता पुनरावलोकन गर्ने गरी भएको समझदारीले व्यापार वृद्धि तथा सन्तुलन बनाउने विश्वास लिइएको छ । यसै सन्दर्भमा चीन (तिब्बत)सँगको व्यापार सन्तुलनका विषयमा केन्द्रित रहेर ल्हासाका लागि महावाणिज्यदूत **नवराज ढकाल**सँग नयाँ पत्रिकाकी **मञ्जु टेलर**ले गरेको कुराकानी :



अर्थ-वार्ता

● **नवराज ढकाल,** ल्हासाका लागि नेपाली महावाणिज्य दूत

नेपाल-तिब्बत व्यापारको इतिहास के हो ?

नेपाल र तत्कालीन तिब्बतको व्यापारिक सम्बन्ध र सामाजिक आर्थिक आदानप्रदान झन्डै हजार वर्षभन्दा लामो समयदेखि चल्दै आएको छ । सांस्कृतिक अथवा सामाजिक रूपमा वैवाहिक सम्बन्ध, बौद्ध भिक्षुहरूको यात्रासँगसँगै अंशुवर्माकालभन्दा पहिलेदेखि नै तिब्बतसँग नेपालको व्यापारिक सम्बन्ध थियो । तिब्बती राजा स्रङचङ गम्पोसँग भृकुटीको विवाहसँग पनि व्यापार वाणिज्यसम्बन्धी विषय जोडिएको छ । नेपालसँग आर्थिक सम्बन्ध बढ्दै जाँदा तिब्बती तत्कालीन आर्थिक सामाजिक सम्बन्धलाई मजबुत बनाउन वैवाहिक सम्बन्ध स्थापित गरेको बुझ्न सकिन्छ । यी सबै घटना हेर्दा नेपाल र तिब्बतबीचको व्यापारिक सम्बन्ध परापूर्वकालदेखि रहिआएको छ । अर्थात्, तिब्बतमा नेपालबाट विभिन्न वस्तु ल्याएर बेच्ने, पसल राखेर व्यवसाय सञ्चालन गर्ने, विशेषगरी हस्तकला र मूर्तिकलाका सामान कार्पेट, गलैँचालगायतका दैनिक उपभोग्य सामान ल्याएर बेच्ने गरेको इतिहास छ ।

तिब्बत र विशेषगरी ल्हासामा नेपालका व्यापारीको संख्या घट्दै गएको छ । यसको कारण के हो ? नेपाल-चीन-तिब्बत व्यापार घाटासँग यसको के सम्बन्ध छ ?

आधुनिक व्यापारको प्रचलन सुरु भएसँगै हाम्रो परम्परागत व्यापार कम हुँदै गएको छ । सुरुवातमा अन्य ठाउँको तुलनामा नेपालसँग सिमाना पनि जोडिएको र तिब्बत नजिक भएका कारण व्यापार बढी थियो । तर, सूचना प्रविधिको विकाससँगै राजमार्ग, रेलमार्ग सञ्जाल विस्तारका कारण चीनका अन्य भूभाग र अन्य देशबाटसमेत सामान ओसारपसार हुन थाल्यो । साथै, तिब्बतमा पनि पछिल्लो ५-६ दशकमा उद्योगलगायतका क्षेत्रमा द्रुत विकास भएको छ । जसले गर्दा तत्कालीन अवस्थाजस्तो नेपालमा मात्रै भर पर्नुपर्ने अवस्था रहेन । यसबाहेक, नेपाल र चीनबीचको व्यापार असन्तुलनका विभिन्न कारण छन् । नेपालबाट वस्तु निर्यात गर्न प्रशस्त उत्पादन तथा सामग्री नहुनुले व्यापार असन्तुलन भएको छ । त्यस्तै, सामान निर्यात गर्दा क्वारेन्टिनलगायतका निर्धारित मापदण्ड पूरा गर्न कठिनाइ हुनु, समयअनुसार व्यापारीले आफूलाई अद्यावधिक गर्न नसक्नु पनि कारण हुन् । यसबाहेक, सूचना प्रविधिको विकाससँगै अन्य मुलुकमा व्यापारका लागि जाने अथवा नेपाल नै फर्किने व्यापारी पनि छन् । अर्थात, चीन-तिब्बतको आफ्नै उत्पादन बढ्न थालेको र मुख्य भूमि (मेनल्यान्ड चाइना) बाट सामान आउन सहज हुँदै गएपछि 'कनेक्टिभिटी इन्ह्यान्स'का कारण नेपालबाट निर्यात घटेको देखिन्छ ।

३८ महिनापछि रसुवागढी केरुङ नाका सञ्चालनमा आएको छ । अर्कातिर, ल्हासा-काठमाडौं हवाई सेवा पुनः सञ्चालनमा ल्याउने प्रयास जारी छ । यस्ता गतिविधिले दुवै क्षेत्रको व्यापार वृद्धिमा कस्तो सहयोग पुग्ला ?

खासगरी, कोभिड महामारीपश्चात् नेपाल र चीनबीचका सबै सीमानाका र सीमानाकामा लाग्ने हाटबजारसमेत पूर्ण रूपमा बन्द भए । यही वर्षको अप्रिलदेखि चीनसँग जोडिएका नाकाबाट आयात-निर्यात हुने मुख्य ६ वटा नाका सञ्चालनमा आएका छन् ।

केरुङ-रसुवागढी, हिल्सा-पुरान र तातोपानी-झाङ्मु नाका खुलेसँगै यात्रु तथा मालसामान ढुवानीसमेत पूर्ण रूपमा सञ्चालनमा आइसकेको अवस्था छ । यी नाकासँगै आयात-निर्यात सहज हुँदै गएको छ । यसका साथै सम्माननीय प्रधानमन्त्रीको पछिल्लो उच्चस्तरीय भ्रमणको क्रममा भएको संयुक्त वक्तव्यमा समेत बाँकी द्विपक्षीय नाका नेचुङ-लिची (कोरला) तत्कालै खुल्ने र अन्य दुई नाका ओलाङचुङगोला-रियु र किमाथांका-रियु नाकाका साथै अन्य १४ वटा स्थानीय पास (भन्ज्याङ)समेत खोल्न आवश्यक तयारी गर्ने सहमति भएको छ । यी नाका खुलेसँगै ढुवानीको समस्या समाधान हुने अपेक्षा गर्न सकिन्छ ।

तिब्बतसँगको व्यापार घाटा कम गर्न अहिले महावाणिज्य दूतावासले के-कस्ता गतिविधि गरिरहेको छ ?

व्यापार घाटा कम गर्न दुई तहमा काम गर्नुपर्ने हुन्छ, एउटा मूलतः नीतिगत तहमा र अर्को कार्यस्थलमा । महावाणिज्य दूतावासले नेपाल र चीन सरकारले तय गरेका नीति कार्यान्वयनमा स्थानीय अधिकारीको समन्वयमा निर्णय कार्यान्वयनका लागि पहल गर्दै आएको छ ।

यसबाहेक, प्रधानमन्त्रीको पछिल्लो चीन भ्रमणका क्रममा भएको व्यापार तथा भुक्तानी सम्झौता पुनरावलोकन गर्ने सहमति अबको व्यापार घाटा कम गर्ने मुख्य अस्त्रको रूपमा लिन सकिन्छ । नेपाल र चीनबीच सन् १९८१ मा सम्पन्न भएको व्यापार तथा भुक्तानी सम्झौतालाई पुनरावलोकन गरी समयअनुकूल बनाउन कार्यदल गठन गर्ने सहमति भएको छ । यसले दुई देशबीच रहेको व्यापारसम्बन्धी विविध विषय, जस्तै- पछिल्ला दशकमा व्यापारिक पद्धतिमा आएको परिवर्तन, वस्तु तथा सेवाको बजार पहुँचमा आएको परिवर्तन, क्वारेन्टिन पद्धतिमा थपिएका आयामलाई समेटेर सम्झौता पुनरावलोकन गर्ने विषय महत्त्वपूर्ण छन् । यो द्विपक्षीय व्यापारको क्षेत्रमा ज्यादै महत्त्वपूर्ण छ । सन् २०१६ मा सम्पन्न भएको 'ट्रेड एन्ड ट्रान्जिट एग्रिमेन्ट'लाई पनि यो सम्झौताले सहयोग पुऱ्याउने देखिन्छ । यो सम्झौताको पुनरावलोकन गर्दा अन्तर्राष्ट्रिय व्यापारिक पद्धतिका समकालीन व्यवस्था र नेपाल-चीनबीचका मौजुदा व्यवस्था दुवैलाई ध्यानमा राखी 'विन-विन' रणनीति अख्तियार गर्दा नेपाललाई फाइदा हुन्छ ।

उदाहरणका लागि वर्तमान व्यापार तथा भुक्तानी सम्झौतामा वस्तु विनिमयको विषयसमेत उल्लेख गरिएको छ । चीन-नेपालबीच कुन-कुन वस्तु आयात-निर्यात गर्न सकिने भन्ने कुरा वस्तुको नाम नै किटान गरी उल्लेख गरिएको छ । अर्थात्, सम्झौता भएको समयमा यो निकै सान्दर्भिक थियो । तर, अहिले खुला बजार नीति अवलम्बन भइसकेको अवस्थामा वस्तु तोक्ने भन्ने विषय अर्थात् केही संख्यामा मात्र आयात-निर्यात गर्न सकिने भन्ने सम्झौता सान्दर्भिक रहेन । मूलतः व्यापार तथा भुक्तानी सम्झौता पुनरावलोकन गरी कार्यान्वयनमा ल्याउने कार्यदलले यी विषयमा केन्द्रित गर्न सकेमा व्यापार घाटा कम गर्न निकै सघाउ पुग्ने देखिन्छ ।

व्यापार घाटा कम गर्न नेपालबाट उत्पादन भएका वस्तुलाई चिनियाँ बजारमा सहुलियतपूर्वक प्रवेश पाउनुपर्छ । आइटीलगायतका सेवामा उलेख्य रूपमा विकास गरेर निर्यात गर्ने, क्वारेन्टिनलगायतका नन् ट्यारिफ बेरियर (गैरभन्सार अवरोध) कम गर्ने, मेडिकल टुरिजमलगायत सेवा व्यापारको विस्तार गर्ने र मल्टी लेभल कनेक्टिभिटी पूर्वाधार विकास गर्न सकेमा पनि नेपाललेे व्यापार घाटा कम गर्न सक्छ ।

यस्तै, जनस्तरमा चीनका विभिन्न सहरसँग नेपालका सहरको भगिनी सम्बन्ध स्थापित गरिहेको छ । जस्तै, ल्हासाको काठमाडौं, सिगात्सेको भरतपुर, जिरीको नाक्छु, लिन्जीको पोखरालगायतका सहरसँग भगिनी सम्बन्ध स्थापित भएको छ । सहर-सहरबीचको सम्बन्धका माध्यमबाट पनि निर्यात र पर्यटन बढाउन सकेमा आगामी दिनमा व्यापार घाटा कम हुने अपेक्षा गर्न सकिन्छ ।

नेपाल पक्षले नेपाल र चीनको 'स्केल अफ इकोनोमी'लाई ध्यानमा राखी निश्चित वस्तुमा व्यापार ग्राह्यता सम्झौता (प्रिफेन्सियल ट्रेड एग्रिमेन्ट) गर्ने, सबै वस्तु बजारमा पठाउन मिल्ने खुला व्यापार सम्झौता गर्ने वा नेपालमा वस्तु तथा सेवा उत्पादन गरी चीन निर्यात गर्न प्रोत्साहन दिने खालको सम्झौता गर्ने भन्ने विषयमा अध्ययन हुनुपर्छ । अथवा, ट्रेड एन्ड इन्भेस्टमेन्टको सम्झौता गर्ने भन्ने विषयमा पनि गहिरो अध्ययन गर्नुपर्छ । अनि कस्तो खालको प्रबन्धले व्यापारमा लाभ लिन सकिन्छ भन्ने निष्कर्ष निकालेर सम्झौता पुनरावलोकन गर्न सके हालको चीनसँगको व्यापार घाटा लामो समय रहँदैन । यसरी, सम्झौता नवीकरण गर्दा हाम्रो देशको हित र निर्यातजन्य वस्तुमा नेपाली उत्पादनलाई भन्सारसहित वा कोटारहित योजनामा बजार पहुँचको सुविधा लिन नेपाल पक्षले आवश्यक तयारी र पैरवी गर्नुपर्ने देखिन्छ ।

पाँच वर्षदेखि केरुङ-काठमाडौं रेलमार्ग बनाउने चर्चा भए पनि प्रगति हुन सकेको छैन । महावाणिज्य दूतावासबाट यसका लागि के-कस्तो पहल र जानकारी लिने काम भइरहेको छ ?

केरुङ-काठमाडौं रेलमार्ग परियोजना राष्ट्रिय महत्त्वको विषय हो । सरकारले नै यस विषयमा चीन सरकारसँग समन्वय गरिरहेको छ । दुई देशबीच व्यापार र पारवहनका लागि यो परियोजना महत्त्वपूर्ण छ । परियोजना निर्माणको विषयमा दुवै देशबीच पर्याप्त छलफल भएका छन् । प्रधानमन्त्रीको पछिल्लो भ्रमणमा पनि यो विषयमा छलफल भएको छ ।

भौगोलिक कठिनाइका कारण केरुङ-काठमाडौं रेलमार्ग निर्माणकार्य हामीले सोचेकोजस्तो तत्कालै निर्माण गरी सञ्चालनमा ल्याइहाल्ने परिस्थिति बनिहाल्दैन । यसका लागि केही समय लाग्ने हुन्छ । हाल यस परियोजना निर्माणका पूर्वतयारीका काम अर्थात् प्रिभिजिबिलिटी अध्ययन पूरा भएर फिजिबिलिटी अध्ययनको काम अगाडि बढिरहेको छ । परियोजना निर्माणबारे जानकारी पनि लिइरहेका छौं । साथै, नेपाल-चीनबीच व्यापार विस्तार गर्न आवश्यक व्यापारिक पूर्वाधार विकास गरी केनेक्टिभिटी इन्ह्यान्स गर्ने दुवै देशको सम्झदारी कार्यान्वयन गर्नमा पनि समन्वयको काम गरिरहेका छौं ।

खासगरी, भन्सार नाका सीमावर्ती क्षेत्रमा सडक मार्गको विस्तार र स्तरीकरणको काम भइरहेको छ । साथै, हवाई मार्गबाट चीनको ल्हासादेखि काठमाडौं र पोखरालाई समेत जोड्ने विषय अगाडि बढिरहेको छ । मुस्ताङको कोराला नाकाबाट वस्तु दुवैतर्फबाट ढुवानी गर्न सम्माननीय प्रधानमन्त्रीको चीन भ्रमणका वेला सम्झौता भएको छ । साथै, अन्य द्विपक्षीय नाका र १४ वटा स्थानीय पास सुचारु गर्न नेपाल-चीनले आवश्यक तयारी गरिरहेका छन् ।

यति मात्रै होइन, चीन सरकारले भन्सार र सुक्खा बन्दरगाह पूर्वाधार निर्माणमा समेत सहयोग गरिरहेको छ । तातोपानीको ल्हासामा सुक्खा बन्दरगाह सञ्चालनमा आइसकेको छ भने रसुवाको टिमुरेमा निर्माणाधीन छ । अन्य नाकामा पनि सुक्खा बन्दरगाह निर्माणको विषयमा नेपालका तर्फबाट छलफल थालिएको छ । यसबाहेक ट्रान्समिसन लाइन, इन्फो हाइवेलगायतका मल्टिमोडेल कनेक्टिभिटी इन्ह्यान्स गर्न पनि दुई देशबीच काम भइरहेका छन् ।

विदेशी लगानीकर्तालाई नेपालमा आकर्षण गराउन विदेशस्थित दूतावास र वाणिज्य दूतावासले वेला-वेलामा त्यहाँका व्यवसायीसँग अन्तरक्रिया गर्ने गरेका छन् । तिब्बतका व्यवसायीसँग पनि यस विषयमा अन्तरक्रिया र छलफल गर्नुभएको होला । उनीहरूको नेपालप्रतिको बुझाइ र भोगाइ कस्तो पाउनुभयो ?

ल्हासास्थित नेपाली महावाणिज्य दूतावासले नेपालमा लगानीको सम्भावनालगायतका विविधि विषयमा चिनियाँ लगानीकर्तालाई जानकारी दिँदै आएको छ । तिब्बतमा रहेर व्यापार व्यवसाय गरिरहेका चिनियाँ व्यवसायी र लगानीकर्तालाई नेपालमा सहज लगानीको वातावरण, नेपाली सामानको फराकिलो बजार र भन्सार छुट पाउने विषयलाई व्यवसायीसँगको छलफलमा जोड दिने गरेका छौं ।

यसबाहेक, अहिले चीनतर्फका अन्तर्राष्ट्रिय नाका खुला भइसकेको अवस्था र भारतसँग पनि आयात-निर्यातमा सहजता हुनु, तुलनात्मक रूपमा नेपालमा कम लागतमा प्रतिस्पर्धी वस्तु उत्पादन गर्न सक्ने, विदेशबाट कच्चा पदार्थ ल्याएर उत्पादन गरिएको वस्तु निर्यात गरिसकेपछि पुनः वस्तु ल्याउँदा लाग्ने भन्सार शुल्कसमेत फिर्ता हुने, नेपालबाट निर्यात गर्दा निर्यातको ५ प्रतिशत एक्सपोर्ट इन्सेन्टिभ दिने व्यवस्था, नेपालमा सञ्चालित उद्योगलाई केही करमा छुट दिने विषयलगायतका महत्त्वपूर्ण विषयबारे पनि छलफल गर्दै आएका छौं । पछिल्लो समय मध्यम खालका व्यवसायमा चिनियाँहरूको चासो बढ्न थालेको पाएका छौं ।

डेढ वर्षअघि राष्ट्र बैंकले गरेको एक सर्वेक्षणअनुसार नेपालमा सबैभन्दा बढी वैदेशिक लगानी गर्ने मुलुकहरूमा भारत अघि र चीन पछि देखिन्छन् । तुलनात्मक रूपमा तिब्बत र चीनको लगानी बढाउन के गर्नुपर्ला ?

१४४० किलोमिटर खुला सिमानामध्ये अधिकांश सिमानामा भौगोलिक विकटता छ । करिब ९५ प्रतिशत नै हिमाली क्षेत्र पर्ने हुनाले चीनसँग हाम्रो अन्तरक्रिया र अन्तरसंवाद कम हुनु स्वाभाविक पनि हो ।

यसबाहेक, सामाजिक, आर्थिक सम्बन्ध, भाषा, रहनसहन, खानपानलगायतका विषयले समेत प्रभाव पार्ने भएकाले यी विषयलाई ध्यान दिएर लगानीकर्तालाई विश्वास दिलाउन सकेमा लगानी बढाउन सकिन्छ । नेपाल र चीनको व्यापार सम्बन्ध हेर्दा मुख्य समस्या भाषाको कठिनाइ देखिन्छ ।

यसबाहेक, चीनको लगानी हाल विश्वव्यापी रूपमै बढेको छ । यो अवस्थामा चिनियाँ लगानी नेपाल भित्र्याउन लगानीको सहज वातावरण, लगानी ल्याउने र नाफा फिर्ता लैजाने प्रक्रिया तुलनात्मक रूपमा सरल रहेको विषय बढी प्रचारप्रसार गर्नुपर्छ । नेपालमा लगानी गर्दा के फाइदा हुन्छ भन्ने विषयमा चीनका मुख्य-मुख्य सहरहरूमा नेपालले लगानी प्रवर्द्धनसम्बन्धी कार्यक्रम गर्न सकेमा थप लगानी आउन सक्छ ।

साथै, देशभित्र रहेका लगानीसम्बन्धी नीतिगत, प्रक्रियागत र संरचनागत विषयबारे संक्षिप्तमा चिनियाँ भाषामा विभिन्न माध्यमबाट गर्न सकिएमा नेपालमा लगानी बढ्ने अपेक्षा गर्न सकिन्छ ।

चीनमा नेपालबाट निर्यात हुने अधिकांश वस्तुमा कर नलाग्ने व्यवस्था छ । तर, नेपालबाट तुलनात्मक रूपमा बढी निर्यात हुने धागो, कपडा, कार्पेट, गलैँचा, भान्सामा प्रयोग हुने भाँडाकुँडालगायतमा भने यस्तो सुविधा छैन । धेरै निर्यात हुने वस्तुमा शून्य कर सुविधा लागू गर्न कत्तिको सम्भव छ ?

चीनले सन् २०१२ मा अल्पविकसित मुलुकका लागि करिब ८ हजार वस्तुमा भन्सार कर नलिने व्यवस्था गरेको थियो । त्यसलाई हामी 'ड्युटी फ्री, कोटा फ्री' भन्ने गरेका छौं । साथै, २०२० मा आएर यो सुविधा करिब ९ हजार वस्तुमा लागू गरेको छ । तर, नेपालबाट हाल निर्यात भइरहेका र निर्यातको प्रचुर सम्भावना भएका करिब ४ सय १२ वस्तुमा चीनले भन्सार शुल्क लिँदै आएको छ । त्यसका लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले चीन सरकारलाई यी ४१२ वस्तु चीन प्रवेश गर्दा भन्सार नलाग्ने व्यवस्था गरिदिन लिखित रूपमा अनुरोध गरेको छ । त्यो अनुरोधलाई पटक-पटकको वार्तामा दोहोऱ्याइएको छ र चीन सरकारबाट सकारात्मक निर्णय हुने हामीले अपेक्षा गरेका छौं । साथै, 'ट्रेड एन्ड ट्रान्जिट एग्रिमेन्ट' पुनरावलोकनमा समेत करको विषय समावेश गरिनु आवश्यक छ ।

नेपालमा सबैभन्दा बढी पर्यटक भारतपछि चीनबाट आउँछन् । तिब्बतबाट चिनियाँ पर्यटकको संख्या बढाउन के-कस्तो पहल गर्दै आउनुभएको छ ?

महावाणिज्य दूतावासले नेपाल जान इच्छुक नागरिकलाई भिसा दिने प्रक्रिया सरलीकृत बनाएको छ । चिनियाँ नागरिकले नेपाली भिसा लिन आउँदा अनलाइन फारम निःशुल्क भर्ने व्यवस्था छ । हाल दैनिक अधिकतम ६० जनासम्मलाई भिसा दिइरहेका छौं, जुन बिस्तारै बढ्दै जाने अपेक्षा छ । साथै, तिब्बतबाट नेपाल जान चाहनेका लागि नेपालबारे जानकारी दिने उद्देश्यले विभिन्न कार्यक्रमसमेत गर्दै आएको छ ।

हालै तिब्बतको स्वायत्त सरकार निकायले नेपाल भ्रमणमा जान चाहनेलाई समूह बनाएर भ्रमण गराइरहेको छ भने तिब्बतका तोकिएका ट्राभल एजेन्सीले नेपालमा भ्रमण गर्न प्रोत्साहन गरेका छन् । साथै, स्थलगत नाका र हवाई मार्ग पनि सञ्चालनमा आएसँगै पर्यटक बढ्ने अपेक्षा गरिएको छ ।

अन्त्यमा, चीन र चिनियाँ नागरिकप्रति आमनेपालीको धारणा अन्य देशका नागरिकभन्दा सकारात्मक छ । तपाईं महावाणिज्यदूत भएर तिब्बतमा ३ वर्ष काम गरिसक्नुभयो । यो अवधिमा चिनियाँहरूको नेपालप्रतिको धारणा कस्तो पाउनुभयो ?

चिनियाँ नागरिकको नेपालप्रतिको धारणा सकारात्मक छ । खासगरी, नेपाली समुदायलाई भेट्दा सरल रूपमा प्रस्तुत हुने भएकाले सकारात्मक नै पाएको छु ।

इजरायल-हमास युद्धपछि बढ्ला त पाँच गुणा तेलको भाउ ?

सन् १९७३ को युद्धपछि विश्वभर तेलको हाहाकार मच्चियो र तेलको मूल्य प्रतिब्यारेल पाँच डलरबाट सीधै २५ डलर पुग्यो

६ अक्टोबर १९७३ मा अरब देशहरू मिलेर इजरायलमाथि हमला गरे । त्यतिवेला इजरायललाई बचाउन अमेरिकी राष्ट्रपति रिचर्ड निक्सन अगाडि बढे । उनले इजरायललाई करिब २९ करोड रूपैयाँ सहयोगको घोषणा गरे । अमेरिकाको यो निर्णयबाट दुःखी भई ओपेक देशले तेल उत्पादनमा भारी मात्रामा कटौती गरे । तेल उत्पादन कम गरेर अमेरिकालाई पाठ सिकाउने योजना साउदी अरबका राजाको नेतृत्वमा भएको थियो ।

तर, परिणाम १९७४ मा आइपुग्दा विश्वभर तेलको हाहाकार मच्चियो । तेलको मूल्य प्रतिब्यारेल पाँच डलरबाट सीधै २५ डलरमा पुग्यो । अर्थात्, पाँच गुणाले बढ्यो । र, यसको सबभन्दा ठूलो असर अमेरिका र उसका सहयोगी धनी देशलाई पऱ्यो । त्यहाँ आर्थिक मन्दी भयो र महँगीले आकाश छोयो । त्यसको ठीक ५० वर्षपछि फेरि एकपटक इजरायलमाथि आक्रमण भएको छ । ब्लुमबर्गका अनुसार इजरायल र हमासबीच युद्ध सुरु मात्रै भएको छ । यो अवस्थामा तेलको बजारमा कति असर पुग्छ भन्ने बताउन गाह्रो छ । यद्यपि, इजरायल र इरानको एक्सनमा धेरै चिज निर्भर गर्छन् । यसका बाबजुद पनि तेल बजारमा के असर पर्छ भन्ने अहिले चासोको विषय बनेको छ ।

अहिलेको युद्ध सन् १९७३ को जस्तो भने होइन । त्यतिवेला अरब देशले संयुक्त रूपमा हमला गरेका थिए । तर, यसपटक भने इजिप्ट, जोर्डन, सिरिया, साउदी अरबसहित बाँकी देशले आफूलाई हालसम्म युद्धमा संलग्न हुनबाट बचाएका छन् । यसरी हेर्दा पुरानै स्थिति बल्झिने सम्भावना कम देखिन्छ ।

त्यसैगरी, अहिले तेल बजार १९७३ को जस्तो अवस्थामा छैन । त्यतिवेला तेलको भाउ उच्च थियो । तर, कसैसँग पनि पर्याप्त भण्डारण थिएन । अहिले विद्युतीय सवारीसाधनका कारण पनि त्यतिवेलाभन्दा तेलको माग घटेको छ । यद्यपि, साउदी अरब, संयुक्त अरब इमिरेट्स (युएई)सँग अतिरिक्त तेल उत्पादन क्षमता छ । कैयौँपटक यसको प्रयोग उनीहरूले तेलको मूल्य नियन्त्रण गर्नका लागि पनि गर्छन् । यसकारण पनि अहिलेको इजरायल युद्धलाई लिएर साउदी र युएईले तत्काल यस्तो निर्णय नगर्न सक्छन् ।

अर्कातिर, ओपेक देशहरू केही डलर बढाउन सहमत भए पनि अधिक मूल्य बढाउन इच्छुक देखिएका छैनन् । त्यस्तै, साउदी शतप्रतिशतभन्दा बढी मूल्य बढाएर २०० डलर पुऱ्याउनुको सट्टा ८५ डलर प्रतिब्यारेलबाट बढाएर १०० डलर पुऱ्याउने ध्याउन्नमा छ । तर, अक्टोबर, १९७३ मा तेल उत्पादन घटाई ओपेक देशले पेट्रोलियम पदार्थको मूल्य ७० प्रतिशतले वृद्धि गरेका थिए ।

त्यसो त इजरायल-हमास युद्धको असर यो वर्षको अन्तिमतिर या अर्को वर्ष देखिन सक्छ । यसको अझ बढी असर त इजरायल-हमास युद्धमा इरान प्रवेश गऱ्यो भने देखिन्छ । सन् २०१९ मा यमनका हुती विद्रोहीले



> इजरायल-हमास युद्धको असर यो वर्षको अन्तिमतिर या अर्को वर्ष देखिन सक्छ । यसको अझ बढी असर त इजरायल-हमास युद्धमा इरान प्रवेश गऱ्यो भने देखिन्छ । सन् २०१९ मा यमनका हुती विद्रोहीले साउदीको तेल उत्पादन सुविधामाथि हमला गरेका थिए । जसमा इरानकै हात थियो ।

साउदीको तेल उत्पादन सुविधामाथि हमला गरेका थिए, जसमा इरानकै हात थियो । र, यसको असर वैश्विक तेल आपूर्ति शृंखलामा पऱ्यो । एकपटक फेरि इजरायलले अहिले भएको युद्धको दोषी इजरायललाई करार गऱ्यो भने अन्य संगठनमार्फत तेल सुविधामाथि हमला गराएर बजारलाई प्रभावित पार्ने कोसिस इरानले गर्नेछ ।

एक वर्षभन्दा लामो समयदेखि जारी रुस-युक्रेन युद्धले अमेरिकी प्रतिबन्धका बाबजुद पनि इरानले विश्वभर तेल आपूर्ति गऱ्यो । विश्वभर तेलको मूल्य धेरै नबढोस् भन्नका लागि अमेरिकाले यसलाई थाहा पाइपाईकन पनि थाहा नपाएझैं गरिरह्यो । परिणाम, इरानको तेल उत्पादन दैनिक सात लाख ब्यारेलले बढ्यो । फेरि एकपटक अमेरिकाले इरानको तेल खरिदबिक्रीमा रोक लगाएको खण्डमा तेलको मूल्य प्रतिब्यारेल १०० डलरसम्म पुग्न सक्ने विश्लेषक बताउँछन् ।

जारी इजरायल-हमास युद्धले कथम् मध्यपूर्वमा तेल संकट भएमा यसको फाइदा रुसलाई हुन्छ । साथै, अमेरिकाले इरानविरुद्ध प्रतिबन्ध लगाएमा अन्ततः यसको फाइदा पनि रुसलाई नै हुन्छ । रुस फेरि एकपटक ओपेक-प्लस देशसँग मिलेर तेलको भाउ बढाएर नाफा कमाउन कोसिस गर्नेछ । तर, अमेरिका चाहँदैन कि रुसले फाइदा लिओस् । यसकारण इरानी तेलमाथि अमेरिका मौन छ, जसले गर्दा रुसलाई सर्वाधिक घाटा छ । यसलाई यसरी बुझौं, इजरायल युद्धलाई लिएर इरानमाथि कारबाही थाल्दा तेलको मूल्य बढ्ने निश्चित छ ।

अमेरिकाको मध्यस्थतामा साउदी र इजरायलबीच ठूलो सम्झौता हुने बताइएको थियो । उक्त सम्झौतापछि साउदीले इजरायललाई देशका रूपमा मान्यता दिनेवाला थियो । तर, त्यसअघि नै हमासको आक्रमण भयो । भलै साउदी हमास युद्धले दुःखी छ, तर साउदी जनताको झुकाव १९७३ को प्यालेस्टाइनी युद्धतिर छ । यस्तो स्थितिमा घरेलु राजनीतिका कारण साउदीले कुनै एक्सन लिनासाथ पनि तेलको मूल्यमा असर परी प्रतिब्यारेल १०० डलर नाघ्न सक्छ ।

समग्रमा भन्नुपर्दा १९७३ कै स्थिति अहिले बन्दैन । यसको कारण हो, अमेरिकासँग पर्याप्त तेल भण्डारण छ । उसले भण्डारण गरिएको तेल बजारमा छोड्न थाल्छ । अनि त प्रतिब्यारेल केही डलर बढे पनि पाँच गुणा महँगोचाहिँ हुँदैन । तर, के बिर्सन हुँदैन भने यसबीचमा इरानले कुनै अप्रिय निर्णय गऱ्यो भने त्यसको सोझो असर तेल बजारमा पर्छ ।

रुस-युक्रेन युद्धपछि अमेरिकाको तेल भण्डारण चार दशकयताकै निम्नस्तरमा पुगेको छ । तैपनि, यस्तो संकटबाट बच्न अमेरिकासँग पर्याप्त भण्डारण छ । त्यसैले पनि तेलको भाउ अकासै छुने गरी बढ्दैन ।

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २६ असोज ०८०

एमसिसी प्रसारणलाइनको टेन्डर रद्द गरिने

अमेरिकाबाट एमसिसीले नै भन्यो- यो बजेटमा काम गर्न सकिन्न, अहिलेको टेन्डर रद्द गरेर पुनः टेन्डर आह्वान गर्नू

मिलन विश्वकर्मा/नयाँ पत्रिका

लागतभन्दा बढी मूल्यमा वित्तीय प्रस्ताव परेपछि मिलिनियम च्यालेन्ज एकाउन्ट (एमसिए) नेपालले प्रसारणलाइन निर्माणसम्बन्धी बोलपत्र रद्द गर्ने भएको छ। एमसिए नेपालले मूल्यांकनको चरणमा रहेको उक्त टेन्डर प्रक्रिया रद्द गरेर पुनः टेन्डर आह्वान गर्ने भएको हो।

बुधबार मात्रै अमेरिकाबाट मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)ले उक्त टेन्डर रद्द गरेर नयाँ टेन्डर आह्वान गर्न एमसिए नेपाललाई भनेको हो। एमसिए नेपालले यससम्बन्धी मागेको सुझावमा एमसिसीले यस्तो सिफारिस गरेको हो। त्यसपछि एमसिए नेपाल बोलपत्र रद्द गरेर पुनः टेन्डर प्रक्रियामा जाने निर्णयमा पुगेको हो। अब छिट्टै यसलाई पूर्णता दिने एमसिए नेपालका एक अधिकारीले बताए। सम्भवतः दसैँपछि (कात्तिक दोस्रो सातापछि) नयाँ टेन्डर आह्वान गर्न सकिने उनको भनाइ छ।

यसअन्तर्गत कुल तीन सय १५ किलोमिटर लामा चार प्रसारण लाइन बन्दै छन्। एमसिए नेपालले त्यसको लागत २२ करोड ६ लाख अमेरिकी डलर पर्ने अनुमान गरेको छ। तर, टेन्डरमा त्यसको न्यूनतम वित्तीय प्रस्ताव भने लागत अनुमानको तुलनामा ६६ प्रतिशतभन्दा बढी अर्थात् ३६ करोड ५९ अमेरिकी डलरको परेको थियो। यो अनुमानित लागतभन्दा १४ करोड ५३ लाख डलर बढी हो।

एमसिसीको ५० करोड डलर अनुदान र नेपाल सरकारको १९.६७ करोड डलर लगानी गरेर निश्चित ६९.६७ करोड डलरको बजेटमा यसअन्तर्गत चार प्रसारणलाइन, तीन सबस्टेसन र ७७ किमि सडक मर्मत गर्नु रहेको छ। यो रकममा ठेक्का सम्झौता गर्दा बजेट पुग्ने अवस्था छैन। ६५ प्रतिशतभन्दा बढी वित्तीय प्रस्तावलाई छलफलमार्फत घटाउन सक्ने सम्भावना थिएन। त्यो अवस्थामा एमसिए नेपाललाई ठेकदार छनोट गर्न गाह्रो परेको थियो। अर्थमन्त्री डा. प्रकाशशरण महतले पनि सुरुबाटै पुनः टेन्डरमा जान एमसिएलाई निर्देशन दिँदै आएका थिए। तर, एमसिए नेपालले त्यसबारे निर्णय गरेको थिएन।

अहिले आएर एमसिसीले नै नयाँ टेन्डर आह्वान गर्न भनेको स्रोतको भनाइ छ। उक्त प्रस्तावित बजेटमा काम गर्न नसकिने भन्दै अर्को टेन्डर आह्वान गर्न एमसिसीले सुझाव दिएको स्रोतको भनाइ छ। अब यसबारे छिट्टै औपचारिक निर्णय हुनेछ। हाल अर्थमन्त्री डा. महत देशबाहिर छन्। उनी आएपछि यसबारे निर्णय हुने स्रोतको भनाइ छ।



मुख्य परियोजनाका रूपमा रहेको प्रसारणलाइनको ठेक्का सम्झौतामै झमेला हुँदा समयमै काम सम्पन्न हुनेमा चुनौती देखिएको छ

एमसिएअन्तर्गत बन्ने चारवटा प्रसारणलाइनलाई तीन लटमा विभाजन गरेर गत १२ मंसिर (नोभेम्बर २८) देखि ७ जेठ (२२ मे तारिख)सम्म टेन्डर आह्वान गरिएको थियो। त्यसमा भारतका मेघा इन्जिनियरिङ एन्ड इन्फ्रास्ट्रक्चर लिमिटेड र पावर मेक प्रोजेक्ट्स लिमिटेडले संयुक्त, कल्पतरु पावर ट्रान्समिसन लिमिटेड, केइसी इन्टरनेसनल लिमिटेड, ट्रान्सरेल लाइटिङ लिमिटेड, टाटा प्रोजेक्ट्स लिमिटेड र लार्सन एन्ड टर्बो लिमिटेड गरेर ६ वटा आवेदन परेका थिए। मेघा इन्जिनियरिङ एन्ड इन्फ्रास्ट्रक्चर लिमिटेड र पावर मेक प्रोजेक्ट्स लिमिटेडको संयुक्त प्रस्ताव प्राविधिक रूपमा फेल भएको थियो। प्राविधिक रूपमा पास भएका अन्य पाँच कम्पनीको वित्तीय प्रस्ताव एमसिए नेपालले १९ भदौमा खोलेको थियो।

टेन्डरको लट-१ मा लप्सेफेदी-रातामाटे-न्यु हेटौंडा, लट-२ मा रातामाटे-न्यु दमौली र लट-३ मा न्यु दमौली-न्यु बुटवल र न्यु बुटवल-नेपाल-भारत बोर्डर प्रसारणलाइन थिए। एक कम्पनीले बढीमा दुई लटसम्मको ठेक्का पाउने नीति थियो। टेन्डरमा लट-१ मा १३ करोड १५ लाख डलर, लट-२ मा १० करोड ५४ लाख डलर र लट-३ मा १२ करोड ९० लाख डलरबराबरको न्यूनतम वित्तीय प्रस्ताव परेको थियो। न्यूनतम प्रस्ताव स्वीकार गर्दा पनि लागत उच्च बढ्ने थियो। सोही अवस्थालाई लक्षित गर्दै एमसिसीले पनि पुनः टेन्डर आह्वान गर्न सुझाव दिएको हो।


यद्यपि, कुन मोडेलमा पुनः टेन्डर आह्वान गर्ने भनेर ठुंगो भइसकेको छैन। लागत घटाउन प्रसारणलाइनको डिजाइन परिवर्तन गर्ने एमसिए नेपालको तयारी छ। सम्भवतः अब एमसिए नेपालले अहिलेकै जस्तो लामो प्रक्रियाको टेन्डर गर्दैन। बढीमा चार महिनामा ठुंग्याउने गरी पुनः टेन्डर गर्ने एमसिए नेपालको तयारी छ। अहिलेको टेन्डरमा प्रस्तावक कम्पनीको प्राविधिक र वित्तीय दुई चरणमा मूल्यांकन हुन्थ्यो। प्राविधिक रूपमा पास हुने कम्पनीले मात्रै वित्तीय प्रस्ताव गर्न पाउने मोडेल थियो। तर, अब टेन्डर आह्वान गर्दा प्राविधिक र वित्तीय प्रस्ताव एकै चरणमा ठुंग्याउने एमसिए नेपालको योजना छ। त्यस्तै, अहिले प्राविधिक रूपमा पास भएका पाँच कम्पनीले मात्रै प्रस्ताव हाल्न पाउने गरी पुनः बोलपत्र आह्वान गर्न सकिने स्रोतको भनाइ छ।

एमसिसीसँगको पूर्वसम्झौताअनुसार कार्यान्वयनमा प्रवेश गरेको पाँच वर्षमा काम सम्पन्न गर्नुपर्छ। यो परियोजना गत अगस्ट ३० बाट कार्यान्वयनमा प्रवेश गरिसकेको हुनाले आगामी २९ अगस्ट ०२८ सम्म काम सकिसक्नुपर्छ। नभए खर्च हुन बाँकी पैसा एमसिसीले पठाउनेछैन। तर, मुख्य परियोजनाका रूपमा रहेको प्रसारणलाइनको ठेक्का सम्झौतामै झमेला हुँदा समयमै काम सम्पन्न हुनेमा चुनौती देखिएको छ। यद्यपि, परियोजना समयमै सम्पन्न हुने एमसिए नेपालको दाबी छ।

एमसिसी कम्प्याक्ट कोषको ५० करोड डलर अनुदान र नेपाल सरकारको १९.७ करोड डलर लगानीमा यसअन्तर्गत तीन परियोजना बन्दै छन्। एमसिसी अनुदानका लागि सेप्टेम्बर २०१७ मा अमेरिकासँग सम्झौता भएको थियो। यसअन्तर्गत तीन सय १५ किमि लामा चार सय केभी क्षमताका चार प्रसारणलाइनसहित तीन सबस्टेसन र पूर्व-पश्चिम राजमार्गको एक सय ३० किमि सडकखण्ड मर्मत हुँदै छ। रातमाटे, तनहुँको दमौली र पश्चिम नवलपरासी-पश्चिम भुमहीमा ४००-४०० केभी क्षमताका तीन सबस्टेसन बन्नेछ। यहीअन्तर्गत महेन्द्र राजमार्गमा भालुबाङबाट पश्चिमतर्फको एक सय ३० किमि खण्ड विशेष रूपमा मर्मत गरिँदै छ। अहिले सबस्टेसन निर्माणका लागि टेन्डर आह्वान भइरहेको छ। सडक मर्मतका लागि भने टेन्डर आह्वान भइसकेको छैन।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

सबै प्रदेशमा लगानी वातावरण सुधारको कार्ययोजना बनाउने प्रतिबद्धता



काठमाडौं/ सरकारले सातवटै प्रदेशमा प्रादेशिक लगानीको वातावरण सुधार कार्ययोजना विकास गर्ने प्रतिबद्धता जनाएको छ। यसको सुरुवात कोशी, मधेश, गण्डकी र लुम्बिनीबाट गर्दै लगानी आकर्षित गर्ने उल्लेख छ।

यो योजनाले प्रादेशिक लगानी वातावरण मूल्यांकन (पिका)मा आधारित रहेर महत्त्वपूर्ण सुधारका उपायहरूको पहिचान गर्नेछ। चारवटै प्रदेशमा गरिने यस्तो मूल्यांकनले लगानीमैत्री वातावरण निर्माण गर्न सघाउ पुग्ने र प्रादेशिक तथा स्थानीय तहमा निजी क्षेत्रको लगानी प्रोत्साहन गर्ने उल्लेख छ।

यो योजनालाई बागमती, कर्णाली र सुदूरपश्चिम प्रदेशमा समेत विस्तार गर्ने योजना छ। विश्व बैंक र स्विस एजेन्सी फर डेभलपमेन्ट एन्ड कोअपरेसन (एसडिसी) र अन्तर्राष्ट्रिय वित्त संगठनको सहायतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजनामा यो घोषणा गरिएको थियो।

'पिकाले हामीलाई प्रादेशिकस्तरमा लगानीको वातावरणमा पृथक् तथ्यांक प्राप्त गर्न मद्दत गर्नेछ र स्थानीयस्तरमा प्रमाण सूचित नीतिहरूलाई आकार दिन आवश्यक सूचकांक प्रदान गर्नेछ। यसले नेपालको व्यावसायिक वातावरणको सम्भावित रूपान्तरणका लागि केही नीतिगत विकल्पको सुझाव दिन्छ,' मुख्य सचिव डा. वैकुण्ठ अर्यालले भने। प्रभावकारी नीतिगत समन्वय सुनिश्चित गर्न, नीतिहरूलाई सरलीकरण र मेलमिलाप गर्न र नेपालको व्यावसायिक वातावरण सुधार गर्न राज्यका सबै पक्षहरूबीच प्राथमिकताका सुधारका एजेन्डाबारे बुझाइ विकास गर्न आवश्यक रहेको उनको भनाइ छ।

'पिकाले पहिलोपटक लगानी आकर्षित गर्न र निजी क्षेत्रको वृद्धिलाई सहयोग गर्ने प्रदेशहरूको तत्परताका सन्दर्भमा अन्तरदृष्टि प्रदान गर्नेछ,' नेपालका लागि स्विट्जरल्यान्डकी राजदूत डेनियल मेउलीले भनिन्। पिकाको प्रयास नेपालको संघीयताको सन्दर्भमा धेरै स्वागतयोग्य कदम रहेको उल्लेख गर्दै संघीय शक्तिको निरन्तर हस्तान्तरणलाई समर्थन गर्न र राष्ट्रिय र उपराष्ट्रिय अधिकारीबीचको सहकार्यलाई प्रवर्द्धन गर्न आवश्यक रहेको उनले बताए। व्यवसाय र निजी लगानीलाई बढावा दिएर हामी अन्ततः नेपालको मध्यम आय भएको देश बन्ने आकांक्षा पूरा गर्न काम गरिरहेको बताए।

पिकाले प्रादेशिक र स्थानीय सरकारहरूमा नीति-निर्मातालाई लगानी वातावरण र प्रतिस्पर्धात्मकतालाई असर गर्ने महत्त्वपूर्ण नीति परिवर्तनहरू पहिचान गर्न मद्दत गर्न प्रमाण आधारित मूल्यांकन प्रदान गर्छ। यसले आधारभूत पूर्वाधार, नियामक दक्षता, पारदर्शिता र दृढ संलग्नता र जीवनको गुणस्तर : चार स्तम्भहरूमा विभाजित १८ सूचकमा लगानीको वातावरणको मूल्यांकन गर्ने उनको भनाइ छ।

चिनीका लागि पसल चहार्दै उपभोक्ता

कोक र पेप्सीको मौज्दात चिनी खरिद वा सापट लिएर बजारमा पठाउने सरकारी प्रयास

भोजराज भण्डारी/नयाँ पत्रिका

काठमाडौंको लोलाङ हाइटमा बस्ने विमला न्यौपानेले बुधबार दिनभर किराना पसल चहार्दा पनि चिनी पाउन सकिनन्। दसैँका लागि आवश्यक चिनी नपाएपछि आत्तिएकी उनले आठदेखि १० वटा पसलको दौडधुपपछि तीन किलो चिनी लिएर गइन्, त्यो पनि प्रतिकिलो एक सय ३५ रुपैयाँ हालेर। उनले भनिन्, 'दसैँको मुखमा चिनी पाउन पनि दिन नै माया मार्नुपर्ने, त्यो पनि किलोको एक सय ३५ रुपैयाँ हालेर बल्ल-बल्ल पाइयो।'

विमला न्यौपाने मात्र नभएर काठमाडौंको ढुंगेधारा बस्ने मुकेश पुडासैनी पनि चिनी पाउनै मुस्किल भएको बताउँछन्। उनका अनुसार पाँच किलो चिनी लिन खोज्दा पसलेले दुई किलो मात्र दिन सकिने बताए। उनले भने, 'पसलेले नै बजारमा चिनी छैन, माग धेरै छ, दुई किलो मात्र दिन सकिन्छ भनेपछि त्यही भए पनि ल्याएँ, साबिकको मूल्यभन्दा झन्डै ४० रुपैयाँ हालेर।'

विमला न्यौपाने र मुकेश यतिवेला प्रतिनिधि पात्र उपभोक्ता मात्र हुन्। पछिल्लो समय सरकारको आधिकारिक विक्रेता खाद्य व्यवस्था तथा व्यापार कम्पनी र नेपाल साल्ट ट्रेडिङ कर्पोरेसनसँगै यतिवेला चिनीको हाहाकार छ। दसैँका लागि सहुलियत पसलमार्फत उपभोक्तालाई राहत दिनुपर्नेमा सरकारका दुई आधिकारिक कम्पनीमै चिनीको हाहाकार भएपछि प्रत्येक एक परिवारलाई दुई किलो दरले चिनी वितरण गरिएको छ। नेपाल साल्ट ट्रेडिङ कर्पोरेसनका विभागीय प्रबन्धक बज्रेश झाले यतिवेला चिनीको मौज्दात निकै न्यून रहेको बताए। उनले भने, 'यतिवेला चिनीको कुरै सुन्न मन लाग्दैन, हामीसँग मौज्दात निकै कम छ, सरकारले हामीलाई चिनी खरिद गर्न नदिएको तीन वर्ष भइसक्यो, चिनीको व्यवस्था सरकारले पहल गर्नुपर्छ।'

त्यस्तै, खाद्य व्यवस्था तथा व्यापार कम्पनीमा पनि सीमित समयका लागि मात्र चिनी मौज्दात रहेको कम्पनीकी प्रवक्ता शर्मिला सुवेदीले बताइन्। उनले भनिन्, 'साल्ट ट्रेडिङसँग भएको थोरै चिनी ल्याएर बिक्री गरेका छौं, कति दिनसम्म वितरण गर्न सकिन्छ, त्यतिन्जेलसम्म बाँड्छौं।'

चिनी खरिदका लागि आह्वान गरेको भए पनि तत्काल चिनी आउन सम्भव नभएको उनको भनाइ छ। उनले भनिन्, 'तत्काल चिनी ल्याउन हामीबाट सम्भव छैन, पक्रिया अघि बढाएका छौं, अहिले जति भएको छ, त्यही बिक्री गरेका हौं।'

नेपाल उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता गजेन्द्र ठाकुरले कोकाकोला र पेप्सीसँग भएको मौज्दात चिनी दिन सकारात्मक भए पनि अझै ठोस निर्णय नभएको बताए। उनले भने, 'हामीले उहाँहरूसँग पटक-पटक छलफल गरेका छौं, संकटका वेला सरकारलाई सहयोग गर्न भनेका छौं, तर ठोस निर्णय अझै आएको छैन।'

उनका अनुसार कोकाकोला र पेप्सीले बेच्न चाहेमा साल्ट ट्रेडिङले किन्ने तथा सापटी पाए सापटी लिने तयारी छ। ठाकुरले भने, 'अब धेरै कुरा छन्, कुन मूल्यमा दिने भन्ने कुरा दोस्रो पाटो भयो, तर पहिला चिनी दिन तयार हुनुपऱ्यो, अहिले यति भन्न सकिन्छ उनीहरू सकारात्मक छन्।'

मन्त्रालय स्रोतका अनुसार आफूसँग रहेको चिनी दिन पेप्सीको लचकता भए पनि पेय पदार्थको कच्चा पदार्थ रहेको चिनी बजारमा पठाउन सहज नहुने र आफूलाई घाटा लाग्ने भन्दै कोकले आनाकानी जनाएको बताए।

■ १० बजे खुलेर पाँचै बजे बन्द हुन्छ सहुलियत पसल

बालाजुको माछापोखरी बस्ने सकिना पोखरेल पाँच बजे कार्यालयको काम सकेर चिनी किन्न साल्ट ट्रेडिङ पुग्दा ढोका लागिसकेको थियो। 'हतार-हतार काम सकेर आएको बन्द पो भइसकेछ,' निराश हुँदै उनले भनिन्, 'अफिस पाँच बजे छुट्टी हुन्छ, यहाँ आइपुग्दा बन्द पो भइसकेछ।'

त्यस्तै, काठमाडौंको तिनकुने बस्ने रविना बस्नेत कार्यालय सहयोगीको काम गर्छिन्। पाँच बजे छुट्टी उनको दैनिक रुटिङ हो। सहुलियत पसलमा केही सस्तो पाइन्छ भनेर हतार-हतार साल्ड ट्रेडिङ पुगेकी उनी रित्तो हात फर्किइन्। उनले भनिन्, 'पाँचे बन्द हुँदो रहेछ मलाई थाहा नै भएन, हतार-हतार दौडिर आएको काम लागेन।'

खाद्य व्यापार कम्पनीकी प्रवक्ता शर्मिला सुवेदीले विगतमा पनि यही अभ्यास थियो, यसपटक पनि यही अभ्यास गरिएको बताइन्। उनले भनिन्, 'बिहानैदेखि सञ्चालन गर्न पनि कर्मचारीको अभाव छ, अहिले भएकै समयमा पनि सेवा दिइरहेका छौं, चाप बढ्दै गए ६ बजेसम्म सञ्चालन गर्नेछौं।'




● **शर्मिला सुवेदी**, प्रवक्ता, खाद्य व्यवस्था तथा व्यापार कम्पनी

अहिले चिनीको संकट नै छ। कति दिनसम्म वितरण गर्न सकिन्छ भन्न सकिँदैन। प्रत्येक परिवारलाई दुई किलोका दरले वितरण गरेका छौं। चिनीको संकटकै अवस्था छ। अन्य सहुलियत पसलबाट दिन सक्ने अवस्था छैन। थापाथलीबाट मात्र वितरण गरेका छौं।



● **गजेन्द्र ठाकुर**, प्रवक्ता, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

कोकाकोला र पेप्सीबाट अझै ठोस निर्णय आएको छैन। चिनीको संकट टरेको छैन। उनीहरू सकारात्मक छन्, केही दिनमा ठोस निर्णय आउन सक्छ।



● **पदम गिरी**, एमाले प्रमुख सचेतक, सांसद

चाडपर्वको समयमा बजारमा कालोबजारी मौलाएको छ। यस समयमा चिनीको चरम अभाव गरिएको छ। नेपालका चिनी उद्योगीहरूसँग पर्याप्त मात्रामा चिनी अहिले पनि छ, तर बजारमा आउन सकेको छैन। जनताको अधिकारलाई कुण्ठित नगर्न सरकारलाई आग्रह गर्छु।

■ चिनी अभावबारे संसद्मा उठ्यो प्रश्न

बजारमा भइरहेको चिनी अभावलाई लिएर सांसदहरूले प्रतिनिधिसभा बैठकमा शून्य समयमा बोल्दै प्रश्न सरकारसमक्ष प्रश्न उठाएका छन्। एमाले सांसद पदम गिरीले बजारमा चिनीमा कालोबजारी भइरहेको भन्दै सरकारलाई उपभोक्ताको अधिकार कुण्ठित नगर्न आग्रह गरेका छन्। त्यस्तै, नेपाली कांग्रेसका सांसद प्रकाशमान सिंहले चाडपर्वको समयमा मूल्य नियन्त्रण हुनुपर्नेमा भनै बढेको र सरकारलाई मूल्य नियन्त्रण गर्न थप आग्रह गरेका छन्। सांसद प्रतिमा गौतमले बजारमा मूल्य नियन्त्रण गर्न सरकारले थप पहलकदमी लिनुपर्ने बताइन्।

अर्थतन्त्र सुधार्न 'मेजर अप्रेसन' : प्रधानमन्त्री

तत्कालै उच्चस्तरीय आर्थिक सुधार संयन्त्र निर्माण गर्ने निजी क्षेत्रको प्रस्तावमा प्रधानमन्त्री सहमत

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अर्थतन्त्र सुधारका लागि बोल्ड निर्णय लिने बताएका छन्। नेपाल उद्योग वाणिज्य महासंघले बिहीबार काठमाडौंमा आयोजना गरेको 'राष्ट्रिय आर्थिक बहस' कार्यक्रमलाई सम्बोधन गर्दै उनले टालटुले तरिका र माध्यमबाट अर्थतन्त्रमा गुणात्मक सुधार गर्न सक्ने अवस्था नरहेको बताएका हुन्।

अर्थतन्त्रमा परेको प्रभावबारे आगामी आर्थिक वर्षमा 'मेजर अप्रेसन'मा जानुपर्ने प्रधानमन्त्री दाहालले बताए। 'बोल्ड निर्णय नगरी दबाबमा रहेको अर्थतन्त्र सुधार गर्न सकिने अवस्था छैन,' उनले भने, 'अब अर्थतन्त्रको 'च्याडिकल रिफर्म' आवश्यक रहेको छ।' यसका लागि सरकार, निजी क्षेत्र, अर्थशास्त्रीहरूलगायत सरकोरवाला एकै ठाउँमा बसेर समीक्षा गर्ने र अगाडिको बाटो तय गर्नुपर्ने आवश्यकता रहेको उनको भनाइ थियो।

प्रधानमन्त्री दाहालले अहिलेको समस्याको दीर्घकालीन समाधानका लागि नीतिगत रूपमा पनि फड्को मार्नैपर्ने बताए। 'मेरो कार्यकालमा तत्कालिक सुधारका प्रयास त गरियो, वित्तीय र मौद्रिक नीतिबीच तालमेल मिलाउने, कित्ताकाट खोल्ने, लाइसेन्सलगायतका कामहरू गरेर तत्कालका लागि समस्या समाधान गर्ने कोसिस भयो,' उनले भने, 'तर, अर्थतन्त्रको मुख्य समस्या समाधान हुन सकेन।' बोल्ड निर्णय लिएर अगाडि बढ्न नसकेमा अर्थतन्त्र थप समस्यामा जाने उनको भनाइ थियो।

बहस कार्यक्रममा महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकालले अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)को सानो ऋणका कारण अर्थतन्त्र जोखिममा पर्ने अवस्था आएको गुनासो गरे। उनले 'अर्थतन्त्र सञ्चालनका लागि विदेशी निकायहरूसँग सुझाव र सल्लाह सुधारका लागि लिने हो, आफ्नै जनतालाई अप्ठ्यारोमा पार्न लिनुहुँदैन' भनेपछि प्रधानमन्त्री दाहालले 'नेपाललाई कता लैजाने, कसरी अर्थतन्त्र उकास्ने' अन्तिम निर्णायक नेपाली आफैं भएको दाबी गरे। बाह्य क्षेत्र सहयोगी मात्र हुने उनको स्पष्टोक्ति थियो। यस्तै, ढकालले आइएमएफको ऋण तिरेर अनावश्यक बाह्य हस्तक्षेपबाट मुक्त हुन पनि



दोस्रो चरणको आर्थिक सुधारको घोषणा गरौं : अध्यक्ष ढकाल

सरकार र राष्ट्र बैंकले निजी क्षेत्रलाई सहयोग गर्नुपर्नेमा आफूले गरेका गल्ती, कमिकमजोरीको दोषजति उद्यमी-व्यवसायीलाई दिएर उम्किन खोजिरहेको पनि अध्यक्ष ढकालले गुनासो पोखे। 'चीनमा प्रधानमन्त्रीकै उपस्थितिमा नेपाल-चीन लगानी सम्मेलन गर्यौं, सिसिपिआइटीले नेपालसँग सहकार्य गर्ने गरी कार्यक्रम आयोजना गऱ्यो,' उनले भने, 'तर, हामीले उहाँहरूलाई बोलाएर के अफर गर्ने ? हाम्रा मूलभूत समस्या अझै समाधान भएका छैनन्, लगानीकर्ताले निकै सकस भोग्नुपर्छ, के निजी क्षेत्रलाई लेखेटेर अर्थतन्त्र चल्छ ?'

रेमिट्यान्स महिनामै एक खर्ब १६ अर्ब रुपैयाँ भित्रिँदा पनि न बजारमा माग बढाएको छ, न औपचारिक रूपमा आयात नै उच्च भएको छ। यसले नेपाली अर्थतन्त्रमा संरचनात्मक समस्या रहेको देखाउने बताउँदै ढकालले भने, 'अब टालटुले नीतिले समस्या सम्बोधन नहुने हुँदा नयाँ पुस्ताको आर्थिक सुधारको तत्काल घोषणा गर्नु आवश्यक छ, अहिलेको अर्थव्यवस्थाको जग ०४८ ताका थालिएको सुधारले थेग्न सक्दैन।'

प्रधानमन्त्रीलाई सुझाव दिए। उनले भने, 'लामो समय नेपालमा कार्यालय नभएका कारण कोषलाई नेपालको अर्थ व्यवस्थाबारे सही जानकारी नभएको हामीले पनि छलफलमा महसुस गरेका छौं।'

तत्कालै आर्थिक सुधार आयोग वा अन्य कुनै उच्चस्तरीय कानुनी हैसियत भएको संयन्त्र गठन गर्न महासंघले दिएको सुझावमा पनि प्रधानमन्त्री दाहालले समर्थन गरेका छन्।

महासंघ अध्यक्ष ढकालले प्रधानमन्त्री नै अध्यक्ष रहने गरी निजी क्षेत्रको सहभागितामा तत्काल आर्थिक सुधार आयोग वा अन्य कुनै उच्चस्तरीय संयन्त्र गठन गर्न प्रस्ताव गरेका थिए। 'यही विन्दुबाट अर्थतन्त्र सुधारको यात्रा सुरु हुन सक्छ, यस्तै सहकार्यबाट अर्थतन्त्रलाई गति दिन सकिन्छ,' प्रधानमन्त्री दाहालले भने, 'अहिले देखिएको निराशा र अविश्वास हटाउन पनि संयन्त्रले काम गर्नेछ।'

■ पुँजीगत खर्च चिन्ताजनक : वाग्ले

अर्थशास्त्री एवं काठमाडौं विश्वविद्यालयका रजिस्ट्रार डा. अच्युत वाग्लेले चालू आवको तीन महिना बित्दै लाग्दासमेत ४.३३ प्रतिशत मात्र पुँजीगत खर्च हुनु चिन्ताजनक रहेको बताए। सरकारले बजेट रकम खर्च गरे मात्र पनि अर्थतन्त्रको ५० प्रतिशत समस्या समाधान हुने उनको भनाइ छ। उनले दुबईजस्ता करको दर कम भएका देशमा तीव्र गतिमा विकास भइरहेको बताए। 'जुन देशमा कर कम हुँदै गएको छ, त्यहाँ झनै आर्थिक वृद्धि र समृद्धि आइरहेको छ,' उनले भने, 'अर्थतन्त्र खुला गरेयता हामीले कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को २ प्रतिशतभन्दा बढी एफडिआई कुनै वर्ष भित्र्याउन सकेका रहेनछौं, यसतर्फ सोच्ने हो कि !'

■ अर्थतन्त्रमा राजनीति नगर्न आग्रह

नेपाल उद्योग परिसंघका कार्यवाहक अध्यक्ष वीरेन्द्रराज पाण्डेले अर्थतन्त्रको सुधारका लागि कठोर बन्नुपर्ने धारणा व्यक्त गरे। 'अर्थतन्त्र डिप डिप्रेसनमा जान लाग्यो भन्दा पनि कसैले वास्ता गर्दैन,' उनले भने, 'अर्थतन्त्रमा राजनीति नगरियोस्, अर्थतन्त्र रहेन भने राजनीति पनि सकिन्छ।' यस्तै, चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले घरजग्गा क्षेत्र खस्किँदा अर्थतन्त्र पनि खस्किएको बताए। उनले भने, 'निर्माण क्षेत्र सुस्ताउँदा निर्माण सामग्री उत्पादन गर्ने उद्योगहरू थला परेका छन्, सरकारले कित्ताकाट खुला गरे पनि अझै मालपोत र नापी कार्यालयले दुःख दिइरहेका छन्।' उनले चीन र भारत जोड्ने ६ लेनको सडक निर्माण गरेमा वस्तु निर्यात र पर्यटक भित्र्याउन सहज हुने धारणा राखे।

व्यवसायी भागीरथ सापकोटाले अर्थ मन्त्रालय, राष्ट्र बैंक, राजस्वलगायत नियामक निकायका हाकिमहरू 'बादशाह' र 'शासक' बन्न खोज्दा उद्योगी-व्यवसायीहरू समस्यामा पर्ने गरेको आरोप लगाए। गैरआवासीय नेपाली संघ (एनआरएनए)का अध्यक्ष कुल अचार्यले नेपाललाई शैक्षिक हब बनाएर विदेशी विद्यार्थी तान्न सकिने बताए।

मनाङमा बढ्न थाले आन्तरिक पर्यटक

लमजुङ/ हिमाली जिल्ला मनाङ पछिल्लो समय आन्तरिक र बाह्य पर्यटकको गन्तव्य बनेको छ। विगतमा बाह्य पर्यटक बढी आउने मनाङमा अहिले आन्तरिक पर्यटकको आगमन बढेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्याप मनाङले जनाएको छ। एक्यापले बाह्य पर्यटकको संख्या संकलन गर्ने भए पनि आन्तरिक पर्यटकको संख्या टिपोट गर्ने गरेको छैन।

बाह्य पर्यटकले पदयात्रा बढी मन पराउँछन् भने आन्तरिक पर्यटक सवारीसाधनमार्फत मनाङ पुग्ने गर्छन्। मनाङ डिस्याङ गाउँपालिका पिसाङका याङडुङ गुरुङले पहिले विदेशीलाई मात्र पर्यटक मान्ने गरे पनि अहिले आन्तरिक पर्यटक विदेशीभन्दा दोब्बर आउने गरेको बताए। उनले भने, 'पहिले विदेशी मात्रै हुन्थे, अहिले विदेशीसँगै नेपाली पर्यटक धेरै आउँछन्, पर्यटक बढ्दा राम्रै भएको छ।'

पर्यटकीय सिजन सुरु भएसँगै अहिले अन्नपूर्ण पदमार्गको मनाङमा विदेशी र आन्तरिक पर्यटक बढेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्याप मनाङका प्रमुख ढकबहादुर भुजेलले बताए। उनका अनुसार दैनिक रूपमा ८० भन्दा बढी पर्यटक मनाङ आउने गरेका छन्। उनले भने, 'बिस्तारै यहाँ आउने पर्यटक बढ्दै गएका छन्, यहाँका होटेल पूर्ण रूपमा भरिभराउ हुने गर्छन्।'

मनाङ क्षेत्रमा पदयात्रीहरू विशेष गरेर थोराङ्ला पास, लार्केपास, कालापास, विश्वकै अग्लो स्थान (४,९१९ मिटर)मा रहेको तिलिचो तालको अवलोकनका लागि आउने गर्छन्। अन्नपूर्ण पदमार्गमा सेप्टेम्बर, अक्टोबर र नोभेम्बर महिनामा अत्यधिक पर्यटक आउने गर्छन्।

लमजुङको सदरमुकाम बेँसीसहर अन्नपूर्ण पदयात्रा मार्गको प्रवेशद्वार मानिन्छ। त्यहाँबाट पर्यटक खुदी, भुलभुले, डाडी, स्याँगे, जगत् हुँदै मनाङ जिल्लाको ताल, बगरछाप, चामे हुँदै थोराङ्ला पास गरेर मुक्तिनाथ, जोमसोम, बेनी अथवा घोरेपानी भएर पोखरा निस्कन्छन्। पदयात्रा सौखिनका लागि जीवनको प्रतिष्ठासमेत बन्ने गरेको पाँच हजार चार सय १६ मिटरको थोराङ्ला भञ्ज्याङ पार गर्दा आन्तरिक तथा बाह्य पर्यटक आफूलाई भाग्यमानी ठान्छन्। अन्नपूर्ण पदमार्गसँगै समुद्री सतहबाट सबैभन्दा बढी उचाइमा रहेको तिलिचो ताल पुग्ने पर्यटक पनि प्रशस्तै आउने गर्छन्।

हवाई क्षेत्रलाई इयूको सुरक्षा चासोको सूचीबाट हटाउन अर्थमन्त्री महतको आग्रह



विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)को वार्षिक बैठकमा भाग लिनेक्रममा अर्थमन्त्री महतले साइडलाइन वार्तामा युरोपियन कमिस्नरसँग हवाई क्षेत्रलाई इयूको सुरक्षा चासोको सूचीबाट हटाउन आग्रह गरेका हुन्

नयाँ पत्रिका

अर्थमन्त्री डा. प्रकाशशरण महतले युरोपेली संघ (इयू)का कमिस्नर युटा उर्पियालिनेनलाई भेटेर नेपालको हवाई सुरक्षा चासोको सूचीबाट हटाउन आग्रह गरेका छन्।

विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)को वार्षिक बैठकमा भाग लिनेक्रममा मोरक्कोको मारकेसमा रहेका अर्थमन्त्री महतले साइडलाइन वार्तामा युरोपियन कमिस्नरसँग यस्तो आग्रह गरे। उनले इयूलाई नेपालमा आर्थिक सहायता बढाउनसमेत आग्रह गरे।

सन् २०१३ देखि इयूले नेपालका वायुसेवा कम्पनीलाई हवाई सुरक्षाको निगरानीमा राखेको छ। जसले नेपाली वायुसेवा कम्पनीले युरोपको आकाशमा उडान गर्न पाउँदैनन्।

इयूले ०७९ असारमा नेपालका वायुसेवा कम्पनीको अनुगमन गर्दा हवाई सुरक्षा चासोबाट हटाउन अस्वीकार गरेको थियो। ०७९ फागुनमा इयूले हवाई सुरक्षाको अवस्थाका विषयमा स्थलगत अनुगमन गर्ने योजना सार्वजनिक गरेको थियो। तर, गत माघमा पोखरा विमानस्थलमा भएको दुर्घटनापछि इयूको टोली नेपाल अनुगमनमा आएको थिएन। यस वर्ष गत साउन र भदौमा इयूको हवाई सुरक्षा कमिटीले नेपाली वायुसेवा कम्पनी र हवाई सुरक्षाको विषयमा स्थलगत अध्ययन गरेको छ। अघिल्लो वर्ष नोभेम्बरमा इयूले प्रकाशित गरेको प्रतिवेदनमा नेपाली वायुसेवा कम्पनी हवाई सुरक्षा निगरानीमै थियो।

हरेक ६ महिनामा हवाई सुरक्षा चासोसम्बन्धी प्रतिवेदन अद्यावधिक गर्ने इयूको हवाई सुरक्षा कमिटीले अहिले नेपालको स्थलगत अनुगमन गरेको अवस्थामा मन्त्री महतले हवाई सुरक्षा चासोबाट हटाउन युरोपियन कमिस्नरको टोलीसँग आग्रह गरेका हुन्। सो भेटमा उर्पियालिनेनले नेपालमा रहेको दूतावासबाट काम गर्ने र हवाई सुरक्षाका विषयमा छलफल गर्ने बताए।

ओरिएन्टल होटेल्सको लाभांश पारित



काठमाडौं/ ओरिएन्टल होटेल्स लिमिटेडको साधारणसभाले सेयरधनीका लागि गरिएको लाभांश प्रस्ताव पारित गरेको छ। कम्पनीको २६औँ साधारणसभाले आव ०७९/८० को लाभांशबाट सेयरधनीलाई ५ दशमलव २७ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको हो।

अघिल्लो वर्ष दुई करोड ४६ लाख नोक्सान व्यहोरेको होटेलले यो वर्ष खुद नाफा १६ करोड नौ लाख रुपैयाँ कमाउन सकेकाले लाभांश वितरण गर्न सफल भएको जनाएको छ। अघिल्लो वर्षभन्दा उल्लेखनीय नाफा बढाउन सक्नुले पर्यटकको आगमनमा सुधार आएको निष्कर्ष साधारणसभाले निकालेको कम्पनीले जनाएको छ।

यसका साथै कम्पनीले निर्माण गरेको नयाँ भवनको काम तीव्र रूपमा भइरहेको र यसै वर्षको अन्त्यसम्ममा निर्माण पूरा हुने जानकारी दिएको छ। त्यस्तै, मुख्य भवनको तेस्रो, चौथो र पाँचौँ तला पुनर्निर्माण गरी आधुनिक बनाउन सुरु गर्ने साधारणसभामा जानकारी दिइएको थियो।

साधारणसभाले आव ०७९/८० को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरू पनि पारित गरेको जनाइएको छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
धनुषा

फो.नं. : ०४१-४२६४०४
इमेल : pmamp.piu.dhanusa@gmail.com

सूचीकृत हुने र प्रस्ताव पेश गर्ने म्याद थप गरिएको सूचना

सूचना नं. : ४

सूचना प्रकाशित मिति : २०८०/०६/२६

उपरोक्त सम्वनधमा यस कार्यालयबाट क्रमश: मिति २०८०/०६/०७ गते प्रकाशित "कृषि समूह/कृषि सहकारी र कृषि उद्यमीहरु सुचिकृत हुने सम्बन्धि" र मिति २०८०/०६/०९ गते प्रकाशित "प्रस्ताव आह्वान सम्बन्धी" सार्वजनिक सूचनाहरुको म्याद थप गरि संशोधित सूचनाहरु पुन: प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

विस्तृत सूचनाहरु यस कार्यालय, जोन प्राविधिक एकाई महोत्तरी, जलेश्वर र सम्बन्धित स्थानीय तहहरुको सूचनापाटी र वेबसाइटहरु(piudhanusha.pmamp.gov.np/piumahottari.pmamp.gov.np) मा हेर्न सकिनेछ।

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०।०६।२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले आवधिक कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरूको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरूले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला।उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा ब्यक्तिगत/सामुहिक जमानतकर्ताहरूको नाम कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गरिने तथा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरूको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, ब्यक्तिगत/सामुहिक जमानी दिनु हुने जमानतकर्ता महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

क्र.स.	ऋणीको नाम र ठेगाना	जमानतकर्ताहरूको नाम र ठेगाना	
१.	ऋणीको नामः सन्नु राजवंशी ना.प्र.प.नं (जारी मिति/स्थान): २१५१(२०६३/११/०९/झापा) बाबुको नामः मन मोहन ससुराको नामः फतुराम राजवंशी पतिको नामः सुवल राजवंशी ठेगानाः झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १२ स्थायी ठेगाना भई हाल झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. ५, बसपार्क।	१. सुवल राजवंशी ना.प्र.प.नं (जारी मिति/स्थान): ११८०५०८६ (२०५९/०६/२३/झापा) बाजेको नामः कल्चर राजवंशी बाबुको नामः फतुराम राजवंशी ठेगानाः झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १२ स्थायी ठेगाना भई हाल झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. ५।	२. माया राजवंशी ना.प्र.प.नं (जारी मिति/स्थान): ०४१०११/३७१ (२०६५/०८/१८/झापा) बाबुको नामः टिकालाल राजवंशी ससुराको नामः सुकलाल राजवंशी पतिको नामः देवकुमार राजवंशी ठेगानाः झापा जिल्ला, अर्जुनधारा गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १०।
		३. धनमती राजवंशी ना.प्र.प.नं (जारी मिति/स्थान): ०७८२३२९ (२०५८/१०/१८/झापा) बाबुको नामः महवत लाल राजवंशी ससुराको नामः वकिल राजवंशी पतिको नामः अमृतलाल राजवंशी ठेगानाः झापा जिल्ला, वनियानी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १०।	४. रेखा खत्री (के.शी) ना.प्र.प.नं (जारी मिति/स्थान): २१७० (२०५२/०९/२३/इ.प्र.शा. दमक) बाजेको नामः भिम बहादुर अधिकारी (के.शी) बाबुको नामः भक्त बहादुर अधिकारी (के.शी) ठेगानाः झापा जिल्ला, महारानीझोडा गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. .१०।
		५. कमला गिरी ना.प्र.प.नं (जारी मिति/स्थान): १८६०२१९५ (२०६०/११/२६/झापा) बाबुको नामः केदार गिरी ससुराको नामः बृनदा बहादुर गिरी पतिको नामः अमृत गिरी ठेगानाः झापा जिल्ला, चन्द्रगढी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १०।	६. उत्तमचन्द्र राजवंशी ना.प्र.प.नं (जारी मिति/स्थान): ०४१०१५/४२ (२०६३/११/०९/झापा) बाजेको नामः फतुराम राजवंशी बाबुको नामः सुवल राजवंशी ठेगानाः झापा जिल्ला, भद्रपुर न.पा., वडा नं.१२ स्थायी ठेगाना भई हाल झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. ५।
२.	ऋणीको नामः अम्बिका दाहाल ना.प्र.प.नं (जारी मिति/स्थान): ७९६०१(२०५५/७/२२/काभ्रेपलाञ्चोक) बाजेको नामः नल प्रसाद दाहाल बाबुको नामः झंकप्रसाद दाहाल ठेगानाः काभ्रे जिल्ला, फलामेटार गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा., वडा नं. ३५।	१. कृष्ण प्रसाद हुमागाई ना.प्र.प.नं (जारी मिति/स्थान): ३७७६३ (२०४८/१/१०/काभ्रे) बाजेको नामः कृष्ण हरि हुमागाई बाबुको नामः टंक प्रसाद हुमागाई ठेगानाः काभ्रे जिल्ला, भुमीडाडा गा.वि.स., वडा नं. २।	२. अविनास हुमागाई ना.प्र.प.नं (जारी मिति/स्थान): ३०-०१-७६-१०६१९(२०७६/११/१५/काभ्रेपलाञ्चोक) बाजेको नामः टंक प्रसाद हुमागाई बाबुको नामः कृष्ण प्रसाद हुमागाई ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला, पनौती न.पा., वडा नं. १२।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७
Ext. १४५२ & १४१८

नबिल बैंक लिमिटेड, दुवाकोट शाखा, भक्तपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०६/२६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अत: यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी नाम र ठेगानाको विवरण

हरी बहादुर राजभण्डारीकी नातिनी, पुर्ण बहादुर राजभण्डारी छोरी, सोलुखुम्बु जिल्ला, सल्लेरी गाउँ पञ्चायत वडा नं. ७ बस्ने, नागरिकता नं. ३५३२/३८०, (जारी मितिः २०४३/६/५, स्थान सोलुखुम्बु) भएकी **श्रीमती खुन कुमारी राजभण्डारी।**

जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. इन्द्र बहादुर श्रेष्ठको नाति, भिमकुमार श्रेष्ठको छोरा, रामेछाप जिल्ला, चुचुरे गा.वि.स. वडा नं. ७ स्थायी घर भइ हाल काठमाडौं जिल्ला, कागेश्वरी मनहरा न.पा. वडा नं. ७ बस्ने, नागरिकता नं. २१२११००३/१५४९९, (जारी मितिः २०६६/११/२७, स्थान रामेछाप) भएको **श्री राकेशकुमार श्रेष्ठ।**
२. मान बहादुर श्रेष्ठको नाति, इन्द्र बहादुर श्रेष्ठको छोरा, रामेछाप जिल्ला, प्रिली गा.वि.स. वडा नं. १ स्थायी घर भइ हाल रामेछाप जिल्ला, गोकुलगंगा गा.वि.स. वडा नं. १ बस्ने, नागरिकता नं. ४७३७, (जारी मितिः २०४५/१/१७, स्थान रामेछाप) भएको **श्री भिमकुमार श्रेष्ठ।**

धितोको विवरण

धितोमा रहेको घर जग्गाको विवरण :

सोलुखुम्बु जिल्ला, सल्लेरी गाउँ पञ्चायत वडा नं. ७ बस्ने, **श्रीमती खुन कुमारी राजभण्डारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, गोठाटार गा.वि.स. वडा नं. ७ सिट नं. १०२११०९२० मा अवस्थित कि.नं. ५३९ क्षेत्रफल १०६ ब.मि. जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

फार्मेसी कार्यक्रममा भर्नासम्बन्धी सूचना

CTEVT सानोठिमीबाट २०८०।०३।२८, २९ र ३० गते www.ctevtexam.org.np मा प्रकाशित सूचना अनुसारको प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण सूची (cut off/pass list) मा रहेका परीक्षार्थीहरू मध्येबाट प्रवेश परीक्षाको प्राप्ताङ्कको योग्यताक्रमको आधारमा छनौट गरी विद्यार्थी भर्ना गर्नुपर्ने भएकोले पूर्ण शुल्कीय तर्फका विद्यार्थीहरूलाई CTEVT को २०८०।०६।२३ को सूचना अनुसार शैक्षिक सत्र २०८०।०८१ मा यस शिक्षालयमा संचालन हुने डिप्लोमा इन फार्मेसी कार्यक्रममा भर्ना हुनका लागि २०८० असोज २९ गतेभित्र आवश्यक कागजातसहित आवेदन दर्ता गर्नुहुन सूचित गरिन्छ।

नरबहादुर कर्माचार्य बहुप्राविधिक शिक्षालय
इटहरी-९, सुनसरी, कोशी प्रदेश
सम्पर्क : ०२५-५८०७३३, ९८५२०३४२२९, ९८०१४३४२२९
E-mail: nbkarmacharyasunsari@gmail.com, Website: nbkpratisthan.org.np

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालयः
बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने वारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति २०८०/०६/२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक।

यस डेभलपमेण्ट बैंकबाट कर्जा सूरक्षण बापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीले यस डेभलपमेन्ट बैंकको हेमजा शाखा कार्यालयबाट लघु व्यवसाय आवधिक कर्जा (विपन्न वर्ग) शीर्षक अन्तर्गत लिनु भएको कर्जाको सांवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबूझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नू भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चूक्ता भूक्तान गर्ने तर्फ कूनै चासो नदेखाई बेवास्ता गर्नू भएको हूनाले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बूझाउनू पर्ने बांकी ऋणको सांवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै दस्तूर रकम समेत चूक्ता भूक्तान गर्नू हून सम्बन्धित ऋणी तथा जमानीकर्तालाई, यसै सुचना मार्फत सुचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ कसूर ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सोको नियमावली २०५९ एवं प्रचलित कानुन बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कूनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाकी रकम असूल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असूल उपर हून नसकेमा प्रचलित कानुन बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई समेत कालो सुचीमा सुचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
ऋणी : शम्भु गोतामे बाबुको नाम : पुर्ण बहादुर सार्की बाजेको नाम : लुरे सार्की ठेगाना : रुपा गा.पा.-०५, कास्की नागरिकता नं : १८४४७ जारी गर्ने कार्यालय : जि.प्र.का, कास्की जारी मिति : २०५०/०१/०८ **कर्जा शिर्षक : लघु व्यवसाय आवधिक कर्जा (विपन्न वर्ग)** **कर्जा लिएको शाखा : हेमजा, कास्की** **सुरक्षणमा रहेको धितोको विवरण :** श्री मालपोत कार्यालय लेखनाथ, कास्कीमा शम्भु गोतामेको नाममा जग्गाधनी दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला देउराली गा.वि.स. वडा नं. ६ स्थित कि.नं. १४६ को क्षेत्रफल १२८९.६९ व.मी. को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।	**क) नाम : धन कुमारी नेपाली** बाबुको नाम : जय बहादुर सार्की पतिको नाम : शम्भु गोतामे ससुराको नाम: पुर्ण बहादुर सार्की ठेगाना : शुक्ला गण्डकी न.पा.-१०, तनहुँ हालको ठेगाना : रुपा गा.पा.-०५, कास्की नागरिकता नं : ४३३०३९/२७४ जारी गर्ने कार्यालय : जि.प्र.का, तनहुँ जारी मिति : २०७०/०२/२९ **ख) नाम : रमेश रसाइली** बाबुको नाम : काले कामी बाजेको नाम : चन्डे कामी ठेगाना : धवलागिरी गा.पा. -०४, म्याग्दी हालको ठेगाना : पोखरा म.न.पा. -२५, कास्की नागरिकता नं : ४९-०१-७५-०३२०७ जारी गर्ने कार्यालय : जि.प्र.का, म्याग्दी जारी मिति : २०७५/०९/१८

कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुतलीसडक, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०६/२६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुतलीसडक काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीहरुको विवरण:
दुर्गा मान के.सी.को नातिनी, झलक मान के.सी./नानी के.सी.को छोरी, नोमनाथ पौडेल/रुकु कुमारी पौडेलको बुहारी, सानु भाई पौडेलको पत्नी, ललितपुर जिल्ला, महालक्ष्मी न.पा., वडा नं. ०२ (साबिक ललितपुर जिल्ला, ईमाडोल गा.वि.स. वडा नं. ०४) बस्ने **नारायणी पौडेल** (ना.प्र.नं. ७९३९१, जारी मिति २०५२/१२/०९, जिल्ला प्रशासन कार्यालय ललितपुर)...१ र नोमनाथ पौडेल/रुकु कुमारी पौडेलको नाति, सानु भाई पौडेल/नारायणी पौडेलको छोरा, ललितपुर जिल्ला, महालक्ष्मी न.पा., वडा नं. ०२ (साबिक ललितपुर जिल्ला, ईमाडोल गा.वि.स. वडा नं. ०४) बस्ने **अनिल पौडेल** (ना.प्र.नं. १०८५९०, जारी मिति २०५७/०७/०४, जिल्ला प्रशासन कार्यालय ललितपुर)...१ समेत जना २।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. नोमनाथ पौडेल/रुकु कुमारी पौडेलको नाति, सानु भाई पौडेल/नारायणी पौडेलको छोरा, ललितपुर जिल्ला, महालक्ष्मी न.पा., वडा नं. ०२ बस्ने **सुनिल पौडेल** (ना.प्र.नं. ७९३९०, जारी मिति २०५२/१२/०९, जिल्ला प्रशासन कार्यालय ललितपुर)।
२. नोमनाथ पौडेल/रुकु कुमारी पौडेलको नातिनी, सानु भाई पौडेल/नारायणी पौडेलको छोरी, ललितपुर जिल्ला, महालक्ष्मी न.पा., वडा नं. ०२ (साबिक ललितपुर जिल्ला, ईमाडोल गा.वि.स. वडा नं. ०४) बस्ने **श्रुती पौडेल** (ना.प्र.नं. ८१५३६, जारी मिति २०५३/०३/१८, जिल्ला प्रशासन कार्यालय ललितपुर)।

धितो सुरक्षणको विवरण:
१. **नारायणी पौडेल**को नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, इमाडोल न.पा. वडा नं. ०४, स्थित कित्ता नं. १९० को क्षेत्रफल १३६.०० (ब.मि.) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय पुतलीसडक, काठमाण्डौ फोन नं. ०१-५३२९७०५

'स्ट्रिक्स प्रोफेसनल'को नयाँ कलेक्सन 'मर्कुरिअल' प्रदर्शनी



काठमाडौं/ 'स्ट्रिक्स प्रोफेसनल'ले काठमाडौंमा आफ्नो नयाँ कलेक्सन 'मर्कुरिअल'को प्रदर्शनी गरेको छ। कम्पनीले 'स्ट्रिक्स प्रोफेसनल' प्रदर्शनी सैलुन व्यवसायी र हेयर स्टाइलिस्टलाई लक्षित गरी आयोजना गरेको हो।

प्रदर्शनीमा एक मुडबाट अर्कोमा आउने सहज परिवर्तनका स्वरूपहरूको कलेक्सन कपालको कटाइ, रङ र स्टाइलमा प्रतिबिम्बित हुने जानकारी दिन प्रदर्शनी आयोजना गरेको उल्लेख गरेको छ। 'मर्कुरिअल'को फेसन सोमा कपालको हेरचाह, रङ र स्टाइलका व्यावसायिक श्रेणीका उत्पादन, यसका नयाँ कलेक्सन'हरू रहेको जनाइएको छ। रुचि र स्वभावहरू परीक्षण गर्न रुचाउने दर्शकमाझ यो कलेक्सन निकै लोकप्रिय भएको कम्पनीको दाबी छ।

प्रदर्शनीमा सहभागी सेलेब्रिटी हेयर स्टाइलिस्ट विपुल चुदासले हेयर स्टाइलिस्टहरू जहिले पनि फेसनउन्मुख भएका संग्रहको खोजीमा हुने बताए। हेयर स्टाइलिस्टहरू सदैव कपालको कटाइ, रङ, स्टाइल, सिर्जनशीलता र नवीनतालाई चुनौती दिओस् भन्ने सोचमा हुने गरेको उनको भनाइ थियो।

सिद्धार्थ बैंकले गऱ्यो लाभांश घोषणा

काठमाडौं/ सिद्धार्थ बैंकले आव ०७९/८० को वितरणयोग्य मुनाफाबाट सेयरधनीका लागि प्रदान गरिने लाभांश घोषणा गरेको छ। बैंकको सञ्चालक समितिको बैठकले सेयरधनीलाई ४ दशमलव २१ प्रतिशत लाभांश वितरण गर्ने घोषणा गरेको हो।

उक्त लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त भएपछि तथा बैंकको आगामी साधारणसभाबाट पारित भएपश्चात् मात्र वितरण गरिने जनाइएको छ। बैंकले आव ०७९/८० मा तीन अर्ब १६ करोड रुपैयाँ खुद नाफा आर्जन गरेको र यो मुनाफा अघिल्लो वर्षको मुनाफाको तुलनामा २६ करोड रुपैयाँ अर्थात् ९ दशमलव ११ प्रतिशतले बढी रहेको बैंकको भनाइ छ। जसमध्ये वितरणयोग्य मुनाफा ६६ करोड रुपैयाँ कायम रहन आएको बैंकले जनाएको छ।

बैंकले आव ०७९/८० को खुद मुनाफाबाट एक अर्ब ४६ करोड रुपैयाँ ऋणपत्रका लागि पुँजी फिर्ता जगेडा कोषमा विनियोजन गरेकाले वितरणयोग्य मुनाफामा संकुचन आएको उल्लेख गरेको छ। यसरी जगेडा कोषमा विनियोजित रकम ऋणपत्र परिपक्व भएपश्चात् सेयरधनीलाई नै वितरण गरिने बैंकको भनाइ छ। विनियोजित रकमसमेत गणना गर्दा बैंकको वास्तविक वितरणयोग्य मुनाफा दुई अर्ब १२ करोड रुपैयाँ हुन आउने र प्रतिशतको हिसाबमा १५ दशमलव ०७ प्रतिशत रहेको बैंकले जनाएको छ।

भायानेटको वार्षिकोत्सव अफर

काठमाडौं/ भायानेट कम्युनिकेसनले स्थापनाको २४ वर्ष पूरा गरेको अवसर पारेर वार्षिकोत्सव अफर ल्याएको छ। कम्पनीले नयाँ तथा पुराना दुवै प्रकारका ग्राहकका लागि विभिन्न छुट तथा अपग्रेडको योजना ल्याएको हो।

योजनाअनुसार एक सय २५ एमबिपिएस इन्टरनेटको तीन महिना सदस्यता करबाहेक दुई हजार चार सय २४ रुपैयाँमा प्रदान गर्ने जनाइएको छ। त्यस्तै, नयाँ ग्राहकले जडान शुल्कमा पनि उल्लेखनीय छुट पाउने उल्लेख छ। यसका साथै भायानेटको चाडपर्व अफरअन्तर्गत सबै तीन महिना वा त्यसभन्दा माथिका ग्राहकले अल्टिमा वायरलेस इयरबड्स र हिमस्टारका उपकरणहरूमा ५० प्रतिशतसम्म छुट पाउने जनाइएको छ।

कम्पनीले पुराना ग्राहकको इन्टरनेट निःशुल्क अपग्रेड गरेको जनाएको छ। जसमध्ये दुई सय एमबिपिएस इन्टर नेट भएको वार्षिक ग्राहकको दुई सय ५० एमबिपिएसमा स्तरोन्नति गरिएको कम्पनीले जनाएको छ। त्यस्तै, तीन सय एमबिपिएस क्षमताको इन्टरनेटलाई चार सय एमबिपिएसमा निःशुल्क स्तरोन्नति गरेको कम्पनीको भनाइ छ।

स्टक क्लियरेन्स मेला सुरु

काठमाडौं/ दसैंको अवसर पारेर भृकुटीमण्डपमा स्टक क्लियरेन्स मेला 'ग्रान्ड सेल' सुरु भएको छ। इभेन्ट सोलुसन प्रालिले सस्तो मूल्यमा वस्तु तथा सेवा एकै छानामुनि उपलब्ध गराउने उद्देश्यका साथ छैटौं संस्करणको मेला आयोजना गरेको हो।

बजारको तुलनामा दैनिक उपभोग्य सामानहरू सस्तोमा उपलब्ध गराइएको इभेन्ट सोलुसन प्रालिका प्रबन्ध निर्देशक विजयसागर प्रधानले जानकारी दिए। उनले भने, 'एकै छानामुनि सुपथ मूल्यमा आमउपभोक्तालाई दसैंको किनमेल गराउने उद्देश्यले मेला आयोजना गरिएको हो।' मेलामा नेपाल, भारत, चीन, बंगलादेश, पाकिस्तान, मलेसिया, जापान तथा अन्य युरोपेली मुलुकमा उत्पादित सामानको खरिद गर्ने ग्राहकलाई ५० प्रतिशतभन्दा बढी दसैं विशेष छुट दिएको आयोजकको भनाइ छ। बर्सेनि आयोजना हुँदै आएको एक्स्पोलाई यसपटक पनि निरन्तरता दिँदै 'दसैंका वेला सस्तो मेला' नारा दिइएको इभेन्ट सोलुसनका प्रबन्ध निर्देशक प्रधानले बताए।

मेलामा कपडा, जुत्ता, ह्यान्डिक्राफ्ट, इलेक्ट्रोनिक्स, मोटरसाइकल र होम अप्लाइन्सेजलगायतका स्टलमा उपभोक्ताका आवश्यकताअनुसारका सामान राखिने तथा बजारको तुलनामा सस्तोमा स्वदेशी तथा विदेशी ब्रान्डका सामान खरिद गर्न सकिने आयोजकको भनाइ छ।

संघीय संसद्को अधिवेशन अन्त्य हुँदै, आज दुवै सदनको अन्तिम बैठक

राष्ट्रसंघका महासचिवको भ्रमणलाई मध्यनजर गर्दै १२ कात्तिकमा विशेष अधिवेशन वा हिउँदे अधिवेशन आह्वान गर्ने योजना

कमलराज भट्ट/नयाँ पत्रिका



सरकारले संघीय संसद्को बर्खे अधिवेशन अन्त्य गर्ने तयारी गरेको छ। सत्तागठबन्धनको बिहीबार बालुवाटारमा बसेको बैठकले शुक्रबार राति १२ बजेदेखि लागू हुने गरी बर्खे अधिवेशन अन्त्य गर्ने निष्कर्ष निकालेको हो। संविधानअनुसार मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अधिवेशन अन्त्य गर्नुपर्छ। गठबन्धनमा भएको समझदारीअनुसार मन्त्रिपरिषद् बैठकले शुक्रबार अधिवेशन अन्त्यको निर्णय गर्नेछ।

जसपाका प्रमुख सचेतक प्रदीप यादवले शुक्रबार राति १२ बजेदेखि लागू हुने गरी बर्खे अधिवेशन अन्त्य गर्ने समझदारी गठबन्धनमा भएको बताए। 'शुक्रबार दुवै सदनको अन्तिम बैठक बस्दै छ। त्यहाँ शीर्ष नेताले सम्बोधन गर्ने कुरा छ,' उनले भने।

माओवादी सांसद माधव सापकोटाले पनि अधिवेशनको अन्त्यको तयारी भइरहेको बताए। 'शुक्रबार सदनको अन्तिम बैठक बस्छ। अधिवेशन कहिले अन्त्य गर्ने सरकारको कुरा हो,' उनले भने। कांग्रेस सांसद रामहरि खतिवडाले पनि शुक्रबार अधिवेशन अन्त्य हुने बताए। 'विद्युत् विधेयकलाई दफावार छलफलका लागि समितिमा पठाउन शुक्रबार बैठक बोलाइएको छ। यो अन्तिम बैठक हुन्छ,' उनले भने।

प्रमुख प्रतिपक्षी एमालेका प्रमुख सचेतक पदम गिरीले पनि सत्तागठबन्धनका नेताहरूबाट शुक्रबार अधिवेशन अन्त्य गर्ने जानकारी आफूहरूलाई आएको बताए। यद्यपि, निर्णय गर्ने अधिकार सरकारसँग भएको उनको भनाइ छ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले शुक्रबारको प्रतिनिधिसभा बैठकको कार्यसूची विद्युत् विधेयकलाई दफावार छलफलका लागि विषयगत समितिमा पठाउने रहेको बताए। सांसदहरूका अनुसार प्रतिनिधिसभाबाट शुक्रबार सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक पारित गर्ने तयारी छ। विधेयकमाथि पाँच महिनासम्म दफावार छलफल गरेर कानुन समितिले बिहीबार संशोधनसहितको प्रतिवेदन प्रतिनिधिसभामा पेस गरेको थियो। शुक्रबार विधेयकमाथि छलफल गरेर पारित भएमा हिउँदे अधिवेशनमा संसद्ले बनाएको कानुनको संख्या दुई पुग्नेछ। यसअघि संसद्ले मिटरब्याजसम्बन्धी कानुन बनाएको थियो। तर, सत्तापक्षकै केही सांसद भने सम्पत्ति शुद्धीकरण विधेयकमा थप छलफलको आवश्यकता भएकाले शुक्रबार नै पारित हुने सम्भावना नरहेको बताउँछन्।

गठबन्धनमा भएको सहमतिअनुसार शुक्रबार राति १२ बजेदेखि लागू हुने गरी अधिवेशन अन्त्य गर्ने र दसैंपछि १२ कात्तिकमा अर्को अधिवेशन आह्वान गर्ने निष्कर्ष छ। इजरायल आक्रमणपछि नेपाल भ्रमण स्थगित गरेका राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेरेस १२ कात्तिकमा काठमाडौं आउने गरी भ्रमणको तयारी थालिएकाले १२ कात्तिकमा विशेष अधिवेशन वा हिउँदे अधिवेशन आह्वान गर्ने समझदारी बनेको गठबन्धनका एक नेताले बताए।

अधिवेशन अन्त्यको तयारी हुँदैगर्दा बर्खे अधिवेशन कानुन निर्माणको हिसाबले उपलब्धिमूलक बन्न सकेन। संसदीय समितिले पनि विधायिकी कार्यमा गति लिन सकेनन्। २५ पुसबाट सुरु भएको अधिवेशन सरकार गठन, सभामुख/उपसभामुख, राष्ट्रपति/उपराष्ट्रपति, समिति सभापति चयनमै केन्द्रित भयो। यो अधिवेशनमा दर्जनौं संकल्प प्रस्ताव आए पनि एउटैमा छलफल हुन सकेन। संसदीय समितिमा विधेयकहरू थन्किए। ९ महिना पूरा गरेको अधिवेशनमा एउटा मात्रै कानुन बन्नुले समग्रतामा यो अधिवेशन औपचारिकतामा सीमित भएको परिणामले देखाउँछ।

■ विद्यालय शिक्षा विधेयक

१६५ वटा संशोधन प्रस्ताव दर्ता, विधेयकको नाम र परिभाषासमेत संशोधन गर्न माग

शिवहरि घिमिरे/नयाँ पत्रिका

छलफलका लागि संसद्मा दर्ता भएको 'विद्यालय शिक्षा विधेयक, २०८०' माथि नाम परिवर्तनसहितका एक सय ६५ वटा संशोधन प्रस्ताव परेको छ। विधेयकमा अनेकन त्रुटि र विवादित विषय भएको भन्दै यसअघि सरोकारवालाले आपत्ति जनाउँदै आएका थिए। सरकारले संशोधन गर्ने सहमति पनि गरेको छ। सांसदहरूले विधेयकमाथि समस्याका चाङ देखाउँदै संशोधनका लागि बुँदागत रूपमा प्रस्ताव गरेका छन्। सबैजसो पार्टीका सांसदले विधेयकमाथि व्यापक संशोधन माग गरेका हुन्।

कांग्रेस सांसद गगन थापा र जीवन परियारले विधेयकको नाम, प्रस्तावना र परिभाषा नै परिवर्तन गर्नुपर्ने प्रस्ताव दर्ता गरेका छन्। प्रस्तावमा ऐनको नाम परिवर्तन गरेर विद्यालय शिक्षा (गुणस्तर तथा मापदण्ड निर्धारण ऐन, २०८०) राख्न माग गरिएको छ। यसको प्रस्तावना पनि संशोधन गर्नुपर्ने माग सांसदद्वयको छ। विद्यालय शिक्षाको राष्ट्रिय मानक, गुणस्तर तथा मापदण्ड निर्धारण गर्न तथा विद्यालय शिक्षामा पहुँच, समता र गुणस्तर कायम गरी विद्यालयको स्थापना र सञ्चालनसम्बन्धी विषय समेट्न प्रस्ताव गरिएको छ। ऐनलाई व्यवस्थित बनाउन परिभाषाअन्तर्गत प्रस्तावित विधेयकको खण्ड 'झ' को सट्टा घर वा समुदायमा आधारित शिक्षा राख्नुपर्ने माग सांसद थापा र परियारले गरेका छन्।

यसबाहेक विधेयकमा स्थानीय तहमा शिक्षाका जनशक्ति व्यवस्थापन गर्ने, पूर्वविद्यार्थी संघ गठन गर्नुपर्नेसम्बन्धी व्यवस्था, टिम निर्माणको स्वायत्तता हुनुपर्ने, पाठ्यक्रममा स्वायत्तता हुनुपर्ने, शिक्षक प्रशिक्षण प्रतिष्ठान सम्बन्धित व्यवस्था गर्नुपर्ने, स्वयंसेवक शिक्षकसम्बन्धी व्यवस्था गर्नुपर्ने, शिक्षक परिषद्को गठन गर्नेलगायत विभिन्न दफा र उपदफालाई संशोधन पेस गर्नुपर्नेलगायत विषय सांसदद्वयले दर्ता गरेको संशोधन प्रस्तावमा उल्लेख छ।

विधेयकमाथि अधिकांश दलका सांसदहरूले विरोध जनाउँदै संशोधन हुनुपर्ने माग राखेका छन्। सांसदहरूले राखेको संशोधन प्रस्तावअनुसार विद्यालय प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार ऐनमै स्पष्ट पार्नुपर्ने उल्लेख छ। विधेयकको उपदफा ५ लाई विस्तार गर्नुपर्ने, विधेयकमा थुप्रै विषय छुटेको, ऐनमा थप रचनात्मक विषयवस्तु नसमेटिएको भन्दै त्यसलाई अझ विस्तृत बनाउनुपर्ने सांसदहरूले संशोधन प्रस्ताव माग गरेका छन्।

गत आइतबार बसेको प्रतिनिधिसभा बैठकमा शिक्षामन्त्री अशोककुमार राईले सांसदहरूले विद्यालय शिक्षा विधेयक पुनर्लेखन गर्न सांसदहरूको प्रश्नको जवाफ दिँदै विधेयक परिमार्जन गर्न सकिने बताएका थिए। अघिल्लो शुक्रबार बसेको प्रतिनिधिसभा बैठकमा केही सांसदले विधेयक फिर्ता लिएर नयाँ पूर्ण विधेयक ल्याउन सरकारलाई सुझाव दिएका थिए। साथै, शिक्षकसँग भएको सम्झौता पालना हुनुपर्ने, शिक्षकको पारिश्रमिक निजामती कर्मचारीसरह हुनुपर्ने विषय सांसदले उठाएका थिए। विधेयक संविधानको भावनाअनुसार र संघीयताअनुरूप बनाउनुपर्ने, जिल्ला शिक्षा कार्यालय खारेज गर्नुपर्ने, परीक्षा बोर्डलाई प्रदेशमा लैजानुपर्ने धारणा राखेका थिए। संसद्मा संशोधनका लागि गरिएको प्रस्तावमा पनि यी विषय उल्लेख छन्।

संसद्, शिक्षाविद्, शिक्षक, सरोकारवालले विधेयकमा उल्लेखित प्रावधान संविधान र संघीयताविपरीत रहेको, मुख्य सरोकारवालासँग छलफल नगरिएको, गुणस्तरीय र समय सुहाउँदो विद्यालय शिक्षाबारे स्पष्ट दृष्टिकोण नआएको भन्दै व्यापक हेरफेरसहित पुनर्लेखनको माग गरेका थिए। संसद्मा दर्ता भइसकेपछि धेरैजसो सांसदले विद्यालय शिक्षा ऐनका मुख्य मुख्य व्यवस्थामाथि नै प्रश्न उठाउँदै संशोधन गर्न माग राख्दै आइरहेका छन्। विधेयक २७ भदौमा प्रतिनिधिसभामा दर्ता भएको थियो। विधेयक सार्वजनिक भएपछि शिक्षक र निजी विद्यालय सञ्चालक असन्तुष्ट बनेका थिए। शिक्षकले आन्दोलन गरेपछि सरकारले संशोधन गर्ने सम्झौता गरेको थियो।

कोशी मुख्यमन्त्रीमा...

◀◀ पृष्ठ १ बाट क्रमशः

संविधानको धारा १६८ को उपधारा ५ अनुसार बहुमत पुर्‍याउन सक्ने आधार लिएर जाने प्रदेश सभाको जो-कोही सदस्य मुख्यमन्त्रीमा नियुक्त हुने व्यवस्था छ। यसरी नियुक्त मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत नपाए प्रदेश मध्यावधितिर जानेछ। प्रदेश प्रमुख खापुङले दिएको ६ दिनको समयसीमा सकिनु अघिल्लो दिन बिहीबार कोशीमा पाँचौं सरकार गठनका लागि नाटकीय घटना क्रम देखिएका हुन्।

आङ्बोलाई माओवादी, कांग्रेस, एकीकृत समाजवादी र जसपाको साथ रहँदा सबैभन्दा ठूलो दल एमाले कार्कीको पक्षमा उभिएको छ। प्रदेश प्रमुखले दिएको समयसीमाभन्दा एक दिनअगाडि केन्द्रमा सत्तागठबन्धनका दलहरू बसेर माओवादी नेतृत्वमा सरकार बनाउने निर्णय लिएका थिए। सोहीअनुसार आङ्बोले मुख्यमन्त्रीमा दाबी पेस गरेका छन्। गठबन्धनमा ४७ सांसद छन्।

अर्कोतर्फ कांग्रेसका आठ र एमालेका ३९ जना सांसदको हस्ताक्षर लिएर कार्कीले मुख्यमन्त्रीमा दाबी गरे। कांग्रेसका सांसदको हस्ताक्षर दुवैतिर प्रयोग भएको छ। एमालेका ४० सांसद रहे पनि उपसभामुखले हस्ताक्षर गरेकी छैनन्। कार्कीको पक्षमा हस्ताक्षर गर्ने कांग्रेसका डा. कोइराला पक्षका हुन्। प्रदेश प्रमुखसमक्ष पेस भएका दाबीमा कोइराला समूहका सांसद केदार कार्की, रामकुमार खत्री, शमशेर राई, इन्दिरा थापा, लीलाकुमारी राई, गोविन्द गिरी, मानबहादुर लिम्बू र सुनिताकुमारी गुरुङको हस्ताक्षर छ।

हस्ताक्षर गरेको भनिएका सांसद मानबहादुर लिम्बूले पार्टीको निर्णयविपरीत जान नसक्ने बताए। कांग्रेस संसदीय दलको उपनेताको पदबाट राजीनामा दिएका सांसद हिमाल कार्कीले पनि आफ्नो हस्ताक्षर दुरुपयोग भएको बताएका छन्। उनले संसदीय दलको उपनेताबाट राजीनामा घोषणा गरेका छन्। कोशीमा ६ जना सांसद रहेको राप्रपाले भने दुवै उम्मेदवारलाई समर्थन गरेको छैन। राप्रपाले शुक्रबार मात्रै पदाधिकारी बैठक बसेर समर्थनबारे टुंगो लगाउँदै छ।

केन्द्रमा सात दलका शीर्ष नेताबीच बालुवाटारमा माओवादी संसदीय दलका नेता आङ्बोलाई मुख्यमन्त्रीका रूपमा अगाडि सार्ने लिखित सहमति भएको थियो। 'कोशी प्रदेशमा संविधानको धारा १६८ (५) बमोजिम सरकार गठनका लागि प्रदेश प्रमुखबाट आह्वान भएको सन्दर्भमा कोशी प्रदेशको मुख्यमन्त्रीका लागि माओवादी कोशी प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोलाई समर्थन गर्ने निर्णय गरियो,' कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, लोसपा अध्यक्ष महन्थ ठाकुर, एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डे,जसपा प्रमुख सचेतक तथा प्रदीप यादव, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ र जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेलले हस्ताक्षर गरेको सहमतिपत्रमा भनिएको थियो।

तर, आफ्नो गृहप्रदेश कोशीमा हरहालतमा आफूनिकट व्यक्तिलाई मुख्यमन्त्री बनाउने रणनीतिअनुसार प्रतिष्ठा बनाएर काम गरेका डा. कोइरालले सत्तागठबन्धनलाई संकटमै पार्ने गरी कदम चाले। कांग्रेस संस्थापन पक्षले केन्द्रमा सत्तारूढ दल माओवादीलाई मुख्यमन्त्रीमा समर्थन गर्ने सहमति दिए पनि त्यसविपरीत कोइरालाले एमालेको समर्थन जुटाएर कार्कीलाई मुख्यमन्त्रीमा अगाडि सारे।

यसअघि कोइरालाले प्रधानमन्त्री र कांग्रेस सभापतिलाई भेटेर कोशीमा कार्कीलाई मुख्यमन्त्रीमा सहयोग गर्न आग्रह गरेका थिए। प्रधानमन्त्री लचक देखिए पनि देउवाले भने कोइरालाको प्रस्ताव अस्वीकार गरेका थिए। भेटमा कोइरालाले राजनीतिमा अर्को बाटो भएको बताएका थिए। 'राजनीतिमा अर्को बाटो पनि छ। गठबन्धनबाहिरबाट सरकार बनाउन बाध्य नबनाउनुहोस्,' प्रचण्ड र देउवासँग भनेका थिए।

कोइरालाका स्वकीय सचिव दिनेशचन्द्र थपलियाले पार्टीकै नेतृत्वमा सरकार गठनको बाटो लिन पार्टी नेतृत्व तयार नहुँदा एमालेसँग मिलेर सरकार गठनको बाटो लिन बाध्य भएको बताए। उनले कोइराला अबको परिस्थिति सामना गर्न तयार रहेको बताए। 'डा. सा'बले कांग्रेसभित्रैबाट विकल्प खोजेर कांग्रेसको नेतृत्वमा सरकार गठन गरौँ भन्नुभएको हो। तर, पार्टी सभापति शेरबहादुर देउवा, उपसभापति पूर्णबहादुर खड्का, महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापा, नेता कृष्ण सिटौला आफ्नो पार्टीलाई भन्दा माओवादीलाई सरकारको नेतृत्व दिन तयार हुनुभयो। बाध्यतावश उहाँ यो बाटो लिन बाध्य हुनुभएको हो,' उनले भने, 'अब मुख्यमन्त्रीको दाबी प्रदेश प्रमुखकोमा पुगेको छ, त्यसबाट आउने परिणाम सामना गर्न उहाँ तयार हुनुहुन्छ। हिजो व्यक्तिको विकल्प खोजेर पार्टी बचाउनुपर्छ भन्नेहरू नै आज कांग्रेसको मुख्यमन्त्री बनाऔँ भन्दा तयार हुनुभएन।'

मुख्यमन्त्रीका दाबेदार आङ्बो कांग्रेसले निकास निकाल्नुपर्ने बताउँछन्। 'कांग्रेसमा देखिएको विद्रोहलाई कसरी निकास दिने भन्ने कांग्रेसले नै उपयुक्त निर्णय लिनुपर्छ। कांग्रेसभित्रको यो विद्रोहले प्रदेशमा मात्र होइन सिंगो राजनीतिमै प्रभाव पर्छ। यसको बाछिटा सबैतिर जान्छ,' उनको भनाइ छ।

कांग्रेस नेता एवं मुख्यमन्त्रीका दाबेदार कार्कीले आफूले संविधानको व्यवस्थाअनुसार उम्मेदवारी दिएको दाबी गरे। 'इन्द्र आङ्बोले दाबी पेस गर्दा प्रयोग भएका हस्ताक्षर हाम्रो होइन। मैले दाबी पेस गरेकोमा स्वयं उपस्थित छौँ। संविधानको धारा १६८ (५) को प्रयोग हो। यसमा कुनै पार्टीले हस्तक्षेप गर्न मिल्दैन र दलको ह्विप पनि लाग्दैन,' उनले भने।

कांग्रेस प्रदेश संसदीय दल प्रमुख सचेतक भूपेन्द्र राईले एमालेको समर्थनमा कांग्रेसबाट कार्कीको उम्मेदवारी बनेको विषय पार्टीको अनुशासनविपरीत भएको प्रतिक्रिया दिए। 'कार्कीले पार्टीको निर्णयविपरीत मुख्यमन्त्रीमा दाबी पेस गरेको विषयलाई हामीले गम्भीर रूपमा लिएका छौँ। भोलि (शुक्रबार) हामीले पार्टी प्रदेशको कार्यसम्पादन समितिको बैठक पनि बोलाएका छौँ। हामी गठबन्धन दलले गरेको निर्णय पूर्ण कार्यान्वयन गर्न प्रतिबद्ध छौँ,' उनले भने, 'गठबन्धनको निर्णय कार्यान्वयन गर्छौँ। तर, कोशी प्रदेशमा भएको घटनालाई गम्भीर रूपमा लिएका छौँ। हामी कांग्रेसको चुनाव चिह्नबाट चुनाव जितेको सांसद हौँ। त्यसकारण पार्टीको ह्विप लाग्छ-लाग्दैन भन्ने कुरा होइन। पार्टीको अनुशासनभित्र रहनुपर्छ। पार्टीको निर्णय अक्षरशः हुनुपर्छ।'

कोइराला समूहले एमालेसँग मिलेर कोशीमा सरकार गठनको बाटो लिएपछि केन्द्रको समीकरणको भविष्यमाथि प्रश्न उठेको छ। कांग्रेसको आन्तरिक राजनीति र सत्तागठबन्धनमा यसको असर पर्न सक्ने आकलन राजनीतिक वृत्तमा छ। तर, कांग्रेस सहमहामन्त्री महेन्द्र यादव कोशीको विषयले गठबन्धन र कांग्रेसको आन्तरिक राजनीतिमा कुनै असर नपर्ने दाबी गर्छन्। उनी एमालेसँगको समर्थनमा कांग्रेसको अर्को समूहको मुख्यमन्त्रीमा दाबी पेस भए पनि त्यसलाई फिर्ता लिएर 'कोर्स करेक्सन'को बाटो बाँकी रहेको जिकिर गर्छन्।

यादवले पार्टी निर्णयविपरीत जाने अर्को समूहमाथि कारबाहीको विषय शुक्रबारको घटना क्रमले टुंगो लाग्ने बताउँछन्। 'कोशीको विषयले केन्द्रमा कुनै असर पर्दैन, गठबन्धन निरन्तर रहन्छ। दलीय व्यवस्थामा पार्टीको निर्णय सबैले मान्नुपर्छ। निर्णय उल्लंघन गर्ने छुट कसैलाई हुँदैन। शुक्रबारसम्म सरकार गठनका लागि समयावधि छ। दाबी फिर्ताको तथा 'कोर्स करेक्सन'को बाटो बाँकी नै छ। त्यसपछि पार्टीको निर्णय नमाने के गर्ने यसबारे भन्न सक्छौँ,' यादवले भने।

माओवादी सचिव गणेश शाह कांग्रेसभित्र देखिएको असमझदारी कोशीमा देखिएको र यसमा एमालेले गठबन्धन टुटाउने प्रयासका रूपमा उपयोग गर्न चाहेको टिप्पणी गर्छन्। उनले सहमति कार्यान्वयनका लागि केन्द्रीय तहमा सहमति बन्ने र शुक्रबार गठबन्धनकै नेतृत्वमा सरकार बन्ने दाबी गरे। 'केन्द्रमा गठबन्धनमा एउटा सहमति हुँदा कांग्रेसभित्रको असमझदारी कोशीमा देखियो। त्यसमा एमालेले फाइदा उठाउन खोजेको छ। पहिलेदेखि एमालेले गठबन्धनलाई टुटाउन प्रयास गरिरहेको छ। शुक्रबार पनि यस्तो परिस्थिति आइसकेपछि केन्द्रीय नेतृत्वले सहमति कार्यान्वयनका लागि प्रयास हुनेछ। कांग्रेसभित्र पनि यो बार्गेनिङका रूपमा आएको हुन सक्छ, एउटा विन्दुमा गएर समझदारी बन्छ,' उनको भनाइ छ।

गठबन्धनको अर्को दल एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले कोशीको घटना क्रमले केन्द्रको समीकरणमा कुनै असर नपर्ने भए पनि समस्या सुरु गरेको उनको भनाइ छ। 'केन्द्रमा दलहरूबीच माओवादीका उम्मेदवारलाई समर्थन दिने सहमति भएको हो। कांग्रेसले गरेको सहमतिविपरीत पार्टीका अर्को समूहले एमालेसँग मिलेर दाबी गर्नु त्यो कांग्रेसको समस्या हो। पार्टीको निर्णयविपरीत जानेलाई कांग्रेसले कारबाही गर्ला,' पाण्डेले भने, 'एमालेले कोशीमा संसद् विघटन गरेर मध्यावधिमा लैजाने खेल खेलेको छ। केन्द्रमा दलहरूबीच सहमतिअनुसार नै हामी अगाडि बढ्छौँ, तर यसले समस्या भने सिर्जना गरेको छ।'

एमाले कोशी प्रदेशका प्रमुख सचेतक रेवतीरमण भण्डारीले डा. शेखर कोइरालाले एमाले अध्यक्ष केपी ओलीसँग सहयोगका लागि आग्रह गरेपछि एमाले तयार भएको बताए। उनले एमालेले मुलुकको अवस्था हेरेर र तत्काल मध्यावधि रोक्न सरकार बन्ने अवस्थामा सहयोग गरेको उनको भनाइ छ। 'जसले हामीलाई सहयोग माग्छ, सहयोग गर्छौँ भन्ने कुरा सुरुबाट नै राखेका थियौँ। गठबन्धनले आधिकारिक ढंगले सहयोग माग्यो भने पनि छलफल गरेर हामी सहयोग गर्न तयार थियौँ। अहिले मुलुकलाई अनिश्चिततातर्फ लैजाने अवस्था छैन। राष्ट्रको परिस्थिति, आर्थिक अवस्था, जनताको मनोवैज्ञानिक हिसाबले तत्काल मध्यावधिमा जाने अवस्था छैन। हाम्रो दलको नेता हिक्मतकुमार कार्कीले मुख्यमन्त्रीबाट राजीनामा दिँदा भन्नु नै भएको थियो। बिहीबार अन्तिम अवस्थामा डा. शेखर कोइरालाले हाम्रा अध्यक्ष केपी शर्मा ओलीसँग कुरा गर्नुभयो। हामीलाई त्यो कुरा बेलुका ४ बजे प्राप्त भयो। केदार कार्कीले पनि म आउँदै छु, मलाई समर्थन गर्नुपर्‍यो भन्नुभयो। गठबन्धनले पुरानो हस्ताक्षर प्रयोग गरेर इन्द्र आङ्बोलाई समर्थन गर्‍यो। उहाँहरूले हामीलाई कुनै सम्पर्क र समन्वय गर्न चाहनुभएन। पुरानो गठबन्धनको ४७ हस्ताक्षरलाई अन्तिम सत्य ठान्नुभयो। डा. कोइरालाले अध्यक्ष ओलीसँग कुरा गरेपछि स्थिरता, मध्यावधि रोक्न सँगै सरकार चलाउने प्रस्ताव राखेपछि हामीले समर्थन गर्‍यौँ,' उनले भने।

कांग्रेस नेताहरू यसलाई अप्रिय निर्णय भएको टिप्पणी गर्छन्। इतर समूहनिकट सहमहामन्त्री जीवन परियार पार्टीमा पर्याप्त छलफल नभएको बताँउछन्। 'हामीसँग न सभापतिले यसबारे छलफल गर्नुभएको छ, न शेखर डा. सा'बले छलफल गर्नुभएको छ। पदाधिकारी तहमा छलफल भएको छैन। हामीले पनि सञ्चारमाध्यमबाट जानकारी पायौँ,' उनले भने।

शेखर-गगन समूहका एक पदाधिकारी संस्थापन समूहले अर्को समूहलाई व्यवस्थापन नगरी पेलेर जाने नीति लिँदा समस्या आएको बताँउछन्। 'सभापतिले एकलौटी पेलेर जाँदाको परिणाम डा. सा'बले बाध्यतावश यो बाटो लिएको देखिन्छ। यसले कांग्रेसलाई राम्रो गरेको छैन, कांग्रेसका लागि राम्रो भएन। डा. सा'बले कुन बाटो लिन खोज्नुभएको हो स्पष्ट भएन,' ती पदाधिकारी भन्छन्।

पर्याप्त छलफलविनै कोइरालाले चालेको कदमले उनकै समूहमा अन्तर्विरोध पैदा भएको छ। कोइरालाको यस्तो कदमसँगै इतर समूह विभाजित बनेको छ। शेखरको अडानमा महामन्त्री थापाले समर्थन नगर्दा इतर समूहको भविष्यमाथि प्रश्न उठेको इतरनिकट नेताहरू बताउँछन्।

केन्द्रीय सदस्य डा. गोविन्द पोखरेल हिजो व्यक्तिको विकल्प खोजेर पार्टी बचाउन लाग्नुपर्छ भनेर एक ठाउँमा उभिएको समूह कोशीको विषयले विभाजित बनेको बताउँछन्। कोइराला र थापा दुई ध्रुवमा बाडिँदा इतरको भविष्यमाथि प्रश्न उठेको उनको दाबी छ। 'हिजो शेखर कोइराला पार्टी सभापतिसँग मिलेर हरेक कामलाई समर्थन गरे भन्ने भाष्य निर्माण गर्ने समूहले आज शेखर कोइरालाले व्यक्तिभन्दा पार्टी ठूलो हो, व्यक्ति परिवर्तन गरेर भए पनि कांग्रेसकै मुख्यमन्त्री बनाउनुपर्छ भन्दा साथ दिएन,' पोखरेल भन्छन्।

विद्यार्थी टिकाइराख्न साइकल वितरण

मकवानपुर/ विद्यालय नियमित आउने वातावरण बनाइराख्न र बीचैमा पढाइ छाड्ने प्रवृत्ति रोक्न मकवानपुरको एक विद्यालयले बिहीबार एक सय १५ जना विद्यार्थीलाई साइकल प्रदान गरेको छ। मकवानपुरको पश्चिमी क्षेत्र मनहरी गाउँपालिका- ४ मसिनेमा रहेको पशुपति माध्यमिक विद्यालयले कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने विद्यार्थीलाई साइकल वितरण गरेको हो।

बिहीबार विद्यालय परिसरामा आयोजित कार्यक्रममा बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तानले विद्यार्थीलाई साइकल वितरण गरिन्। उनले विद्यालयले विद्यार्थीका लागि साइकल वितरण गरेर प्रशंसनीय काम गरेको उल्लेख गर्दै बीचैमा विद्यालय छाड्ने समस्या केही हद भए पनि यस अभियानले रोक्न मद्दत पुग्ने विश्वास व्यक्त गरिन्। ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थी भर्ना बढाउने र टिकाइराख्नका लागि प्रदेश सरकारकारले पनि सहयोग पुर्‍याउने प्रतिबद्धता व्यक्त गरिन्।

विद्यालयले मनहरी गाउँपालिका वडा नम्बर ४ को आर्थिक सहयोगमा विद्यार्थीका लागि साइकल खरिद गरेको विद्यालयका प्रधानाध्यापक भानुभक्त आचार्यले जानकारी दिए। उनले ४ नम्बर वडाका वडाध्यक्ष प्रकाश थापाको अगुवाइमा प्राप्त १० लाख रुपैयाँ बजेटबाट साइकल वितरण गरेको बताए। प्रधानाध्यापक आचार्यले विद्यालय आउजाउ गर्न एक घन्टाभन्दा बढी पैदल हिँड्नुपर्ने बाध्यता भएका विद्यार्थीका लागि यसबाट सहजता पुग्ने विश्वास व्यक्त गरे।

५० भन्दा बढी विदेशी नेता र पूर्वमन्त्रीहरू काठमाडौंमा

आजबाट एसियाली राजनीतिक दल (आइक्याप)को बैठक

काठमाडौं/ एसियाली राजनीतिक दलहरू (आइक्याप) को अन्तर्राष्ट्रिय सम्मेलन शुक्रबारबाट काठमाडौंमा सुरु हुने भएको छ। आइक्यापको ४०औँ स्थायी कमिटी तथा एसिया युरोप पोलिटिकल फोरमको पाँचौं बैठक शुक्रबारबाट काठमाडौंमा सुरु हुने भएको छ।

कार्यक्रममा दुई महादेशका साझा भविष्यका निम्ति एसिया र युरोपका राजनीतिक दलका नेता तथा विज्ञहरूका बीचमा विभिन्न समसामयिक विषयमा प्रस्तुति तथा छलफल हुने जनाएको छ। बैठकमा चीन, दक्षिण कोरिया, भियतनाम, इन्डोनेसिया, थाइल्यान्ड, पाकिस्तान, लेबनान, चेक गणतन्त्र, नेदरल्यान्डलगायत विभिन्न मुलुकका २६ वटा राजनीतिक दलका नेताहरू, मन्त्री तथा सांसदहरू गरी ५० भन्दा बढी सहभागी हुनेछन्।

२८ असोजसम्म हुने सम्मेलनको उद्घाटन सत्रलाई शनिबार एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी ओलीले सम्बोधन गर्ने कार्यक्रम रहेको एमाले विदेश विभागका प्रमुख डाक्टर राजन भट्टराईले बताए। आयोजक कमिटी आइक्यापको स्थायी कमिटी सदस्यसमेत रहेका भट्टराईले बैठकको सम्पूर्ण तयारी पूरा भएको बताए। उनका अनुसार बैठकमा सहभागिताका लागि विभिन्न देशबाट पाहुनाहरू आउने क्रम सुरु भएको छ।

बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवन

दरभाउपत्र (e-bidding) आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०६/२६

चालु आ.व. ०८०/०८१ मा यस अस्पतालको लागि आवश्यक पर्ने Non Woven (Fiber) Bag, Barcode, Dot Matrix Printer and Paper Related Goods लगायतका मालसामान दरभाउपत्रको माध्यमबाट प्रतिस्पर्धा गराई खरिद गर्नुपर्ने भएकाले नियमानुसार योग्य तथा ईच्छुक सप्लायर्स/फर्म/कम्पनिहरुबाट बोलपत्रमा उल्लेखित शर्तहरुमा रहि सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम दरभाउपत्र (e-bidding Only) आव्हान गरिएको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ। यस सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मा गई यस अस्पतालको नामबाट विस्तृत विवरण हेर्न तथा डाउनलोड सकिने छ।

कार्यकारी निर्देशक

अशान्त इजरायलका...

◀◀ पृष्ठ १ बाट क्रमशः

चालक दलको टिमका रूपमा मात्रै जान मिल्ने वातावरण तयार गरिएको नेपाल एयरलाइन्स स्रोतले बतायो। त्यसपछि मात्रै बिहीबार बिहान ३:०० बजे मन्त्री साउदलाई लिएर विमान दुबई हुँदै इजरायल गएको थियो।

परराष्ट्र प्रवक्ता लम्सालले पहिलो चरणको उद्धार सफल भएको र अब नेपाली विद्यार्थीको शव ल्याउन पहल केन्द्रित हुने बताइन्। 'पहिलो चरणको उद्धार सफल भएको छ। उपचाररत दुईजनाको स्वास्थ्यमा सुधार हुँदै छ भने हराएका विपिन जोशीको पनि खोजीकार्यका लागि इजरायल सरकारसँग समन्वय भइरहेको छ,' प्रवक्ता लम्सालले भनिन्, 'अबको चरणमा ज्यान गुमाएका विद्यार्थीको शव ल्याउन पहलकदमी केन्द्रित हुनेछ।'

शनिबार हमासको आक्रमणमा सुदूरपश्चिम विश्वविद्यालयबाट 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत इन्टर्नका लागि इजरायल गएका १० विद्यार्थीले ज्यान गुमाएका थिए। तर, उनीहरूको अहिलेसम्म पोस्टमार्टम हुन सकेको छैन। 'इजरायल युद्धमा भएका कारण त्यहाँ रहेका कुनै पनि विदेशीको शव पोस्टमार्टम गर्ने र सम्बन्धित देशलाई बुझाउने प्रक्रिया सुरु भएको छैन। अहिले हामीले मात्रै हतार गरेर शव ल्याउन सकिँदैन,' परराष्ट्रका एक अधिकारीले भने। इजरायल सरकारले नेपाललाई हस्तान्तरण गरेपछि शव नेपाल ल्याउने प्रक्रिया थालिने परराष्ट्रले जनाएको छ।

मन्त्रिपरिषद् बैठकले इजरायलमा रहेका नेपालीमध्ये आफूखुसी स्वदेश फर्किन चाहनेहरूको खर्च पनि सरकारले व्यहोर्ने निर्णय गरेको छ। त्यसअनुसार कुनै पनि नियमित उडानबाट स्वदेश आउन चाहनेहरूको खर्च पनि सरकारले व्यहोर्नेछ। अब विशेष विमान पठाउनेभन्दा पनि नियमित उडानबाट नेपालीलाई स्वदेश फर्काउने सरकारी तयारी छ।

परराष्ट्र प्रवक्ता लम्सालले छोटो समयमा नेपालीको उद्धार गर्न नेपाल सफल भएको बताइन्। 'स्वदेश फर्किन चाहने बाँकी नेपालीलाई जहाज नै पठाउने विषयमा नेपाल सरकारले निर्णय लिनुपर्छ। नेपालीहरूको उद्धार सरकारको प्राथमिकतामा छ,' लम्सालले भनिन्।

नेपालको नयाँ...

◀◀ पृष्ठ १ बाट क्रमशः

कालापानीसम्म जान पाउँदैनन्। नेपाल सरकारले छाँगरूमा सशस्त्र प्रहरीका गुल्म तथा तिंकरमा बोर्डर आउट पोस्ट राखेको छ। यस्तै, कालापानीनजिकै रहेको कौवामा बिओपी राख्ने तयारी छ।

मोदीको भ्रमणबारे नेपालको प्रशासनलाई कुनै जानकारी गराइएन। त्यसबारे प्रशासनलाई औपचारिक जानकारी नरहेको दार्चुलाका प्रमुख जिल्ला अधिकारी किरण जोशीले बताइन्। 'त्यस क्षेत्रका विषयमा हामीलाई जानकारी गराइँदैन, भारतीय प्रधानमन्त्री आउने भन्ने कुरा पनि हामीले हाम्रो आन्तरिक सुरक्षा संयन्त्रबाट थाहा पाएका हौँ,' उनले भनिन्, 'त्यसबाहेक अन्य धेरै जानकारी छैन।'

व्याँस गाउँपालिकाका अध्यक्ष मंगलसिंह धामीले पनि भारतीय प्रधानमन्त्रीको भ्रमणबारे आफूलाई कुनै जानकारी नभएको बताए। 'मलाई यो भ्रमणबारे कुनै जानकारी आएको छैन,' उनले भने। व्याँस गाउँपालिका- १ का वडाध्यक्ष अशोकसिंह बोहराले भारतीय प्रधानमन्त्री मोदीले गुञ्जीमा भेटघाट तथा रोडकाडमा कार्यक्रम गरेको थाहा पाएको बताए।

LUMBINI PROVINCIAL GOVERNMENT

Ministry of Health

Province Health Logistics Management Center, Butwal

Letter of Intent

Date of publication: 2080/06/26

Pursuant to clause 27(2) of Public Procurement act 2063 this is to notify all the bidders that the following Substantially responsive lowest bidder have been selected to award the contract as per the invitation for bids published on National Daily and PHLMC intends to award the contract to the same.

IFB No	Description	Publication	Name and address of Bidder	Quoted Price (without Vat)
L/PHLMC/NCB/GOODS-3.1/2080-081	Procurement of General injectable Medicines	Naya patrika 2080.05.11	Bluemoon Meditech Pharma Kathmandu	Nrs 4898400
L/PHLMC/NCB/GOODS-3.3/2080-081	Procurement of Mental Health Medicines		The Solution Meditech Pvt Ltd.Kathmandu	Nrs 3091455
L/PHLMC/NCB/GOODS-3.5/2080-081	Procurement of NCD Medicines (Slice A)		Chirag Pharmacy Pokhara	Nrs 3049800

PHLMC, Butwal

अञ्जनले गरे हरि र नीराजनको सर्वाधिक गोल रेकर्ड बराबरी

सन् २००३ मा नीराजन रायमाझी र हरि खड्काले राखेको सर्वाधिक १३ अन्तर्राष्ट्रिय गोलको रेकर्ड अञ्जन विष्टले गरे बराबर

रमेश सुवेदी/नयाँ पत्रिका

११ हजार समर्थकमाझ दशरथ रंगशालामा ४९औँ मिनेटमा गोल गर्दै स्ट्राइकर अञ्जन विष्टले पूर्वकप्तान हरि खड्का र नीराजन रायमाझीको नाममा रहेको १३ अन्तर्राष्ट्रिय गोलको कीर्तिमान बराबरी गरेका छन् । सन् २०२६ को विश्वकप फुटबल प्रतियोगिताअन्तर्गत एसियन छनोटमा बिहीबार अञ्जनले लाओसविरुद्ध गोल गर्दै हरि र नीराजनका नाममा संयुक्त रूपमा रहेको कीर्तिमानी १३ अन्तर्राष्ट्रिय गोल बराबरी गरेका हुन् । उनकै गोलको सहयोगमा नेपालले घरेलु मैदानमा लाओससँग १-१ को बराबरी खेल्यो । नेपाली टोलीले मंगलबार लाओसको घरेलु मैदानमा खेल्नेछ ।

एरिक विष्टको कर्नरमा अञ्जनले डिबक्सभित्र हेड गोल गरेका थिए । उनले लाओसका ६ रक्षकबीच चलाखीपूर्ण हेडिङ गोल गरेका हुन् । गोलसँगै अञ्जनले दुई दशकदेखिको नेपाली राष्ट्रिय टोलीबाट सर्वाधिक अन्तर्राष्ट्रिय गोलको कीर्तिमान बराबरी गरे । २५ वर्षीय अञ्जनले यात्रा लामो भएको बताए । 'यो नै मेरो अन्त्य हैन, अझै लामो यात्रा गर्नुछ,' रेकर्ड बराबरी गरेपछि अञ्जनले भने । सन् २०१४ मा उनले प्रशिक्षक ज्याक स्टेफानोस्कीको प्रशिक्षणमा फिलिपिन्सविरुद्ध डेब्यु गरेका थिए । उनले सन्दीप राईको स्थानमा ६१औँ मिनेटमा मैदानभित्र प्रवेश गरेका थिए । सन् २०१९ मा अञ्जनले चाइनिज ताइपेईविरुद्ध पहिलो अन्तर्राष्ट्रिय गोल गरे ।

उनले बंगलादेशविरुद्ध ह्याट्रिकसँगै चार गोल र चाइनिज ताइपेईविरुद्ध तीन गोल गरेका छन् । इराक, भारत, श्रीलंका, पाकिस्तान, कुवेत र लाओससँगको खेलमा उनले समान एक गोल गरेका छन् । अञ्जन आफूले रेकर्डभन्दा पनि नेपालको जितका लागि खेलेको बताएका छन् । 'मैले रेकर्डका लागि कहिल्यै पनि खेलिनँ र खेल्दिनँ पनि । अझै धेरै खेल्न बाँकी छ,' उनले भने, 'पहिलो खेल जित्नुपर्ने थियो, खेल जित्दै जानुपर्छ, एक दिन रेकर्ड बनिहाल्छ ।'

जुमानु राई, भरत खवास र अनिल गुरुङ सर्वाधिक १३ अन्तर्राष्ट्रिय गोलको नजिक पुगेका थिए । उनीहरूले त्यो रेकर्ड बराबरी गर्न सकेनन् । अञ्जनकै समकक्षी विमल घर्तीमगर अस्ट्रेलिया पलायन भएका छन् । लाओसविरुद्ध बराबरी भए पनि अञ्जनले आफू खुसी नभएको बताए । '१३ गोलको कीर्तिमान बराबर हुँदा पनि म खुसी छैन । हाम्रो लक्ष्य जित थियो,' उनले भने ।

लाओसविरुद्ध निराशाजनक प्रदर्शन

नेपालले पाहुना टोली लाओसविरुद्ध निराशाजनक प्रदर्शन गऱ्यो । नेपालले पहिलो हाफमा राम्रो अवसर बनाउन सकेन । लाओसले निकै आकर्षक खेल प्रस्तुत गर्दै नेपालमाथि दबाब बनाएको थियो । नेपाली खेलाडीमा आत्मविश्वासको कमी देखिन्थ्यो । घरेलु खेलाडी आक्रमणभन्दा पनि ब्याक पास खेल्नमै केन्द्रित भए । मध्यान्तरपछि प्रशिक्षक भिन्सेन्जो अल्बेर्टो एनेसले तीन खेलाडी परिवर्तन गरे । त्यसपछि नेपालको खेलमा सुधार आयो ।

आशिष चौधरीको स्थानमा एरिक विष्ट, आयुष घलानको स्थानमा दिनेश हेन्जन र आवास लामिछानेको स्थानमा उत्सव राई मध्यान्तरपछि मैदानमा छिरेका थिए । दोस्रो हाफको चौथो मिनेटमै नेपालले १-१ को बराबरी गोल फर्कायो । खेलको ३३औँ मिनेटमा लाओसका बौनफाचन बौनकोङ्डले नेपाली रक्षकलाई जिल्याउँदै १-० का लागि गोल गरे । उनको प्रहार दोस्रो बारमा लाग्दै गोल भएको थियो । नेपालका प्रशिक्षक एनेसले प्रतिस्पर्धामा खुसी हुने स्थान नभएको प्रतिक्रिया दिए ।

'पहिलो हाफको सुरुमा राम्रो भयो । पछि हामी ब्याक पासमा केन्द्रित भयौं । दोस्रो हाफमा राम्रो भयो,' उनले भने, 'तर, नतिजा स्तब्धपूर्ण नै रह्यो, अब अवे खेलमा जित्न प्रयास हुनेछ ।' अञ्जनले बराबरीपछि समर्थकसँग माफी मागे । 'समर्थकसँग माफी माग्छु । हामी जित्न आएका थियौं, तर सफल भएनौं,' उनले भने, 'हामीले आफ्नै कमजोरीमा गोल खायौं । दसैंको मुखमै खेल जितेर घरेलु समर्थकमाझ खुसी मनाउन चाहन्थ्यौं ।' उनले दोस्रो खेलमा गोर्खाली पाराले खेल्ने र दोस्रो चरणका लागि छनोट हुने बताए ।

उत्सवको डेब्यु

घरेलु फुटबलमा उत्कृष्ट प्रदर्शन गर्दै आएका मिडफिल्डर उत्सव राईले अन्तर्राष्ट्रिय खेलमा डेब्यु गरेका छन् । प्रशिक्षक एनेसले दोस्रो हाफमा आवास लामिछानेको स्थानमा उनलाई मैदान पठाएका थिए । डेब्यु खेलमा उनको प्रदर्शन औसत रह्यो । घरेलु फुटबलमा उत्सव मच्छिन्द्र फुटबल क्लबबाट खेल्दै आएका छन् ।



विश्वकप फुटबलअन्तर्गत एसियन छनोटमा लाओसविरुद्ध गोल गरेपछि अञ्जन विष्ट । तस्बिर : **दिपेन्द्र ढुंगाना**/ नयाँ पत्रिका



खुसी हुने ठाउँ छैन

भिन्सेन्जो अल्बेर्टो एनेस, प्रशिक्षक, नेपाल

पहिलो हाफ निकै स्तब्धपूर्ण भयो । पहिलो १० मिनेट राम्रो थियो । त्यसपछि हामी ब्याक पास खेल्न थाल्यौं । खासै अट्याक भएन, तर दोस्रो हाफ राम्रो भयो । सही समयमा गोल भयो । धेरै स्तब्धपूर्ण खेल भयो । जितका लागि खेलेका थियौं । धेरै नराम्रो भयो । दोस्रो खेलमा धेरै मिहिनेत गर्छौं । हाम्रो ध्यान दोस्रो खेलमा हुनेछ ।



रेकर्डका लागि खेलिनँ

अञ्जन विष्ट, स्ट्राइकर, नेपाल

मैले कहिल्यै पनि रेकर्ड बनाउने योजनाका साथ खेलिनँ । त्यो गर्दिनँ पनि । देशका लागि धेरै खेल्न बाँकी छ । खेलमा कसले गोल गर्छ भन्दा पनि जित महत्त्वपूर्ण हो । वास्तवमा म १३ गोलमा खुसी छैन । हामी जित्नलाई खेलेका थियौं । नेपाली राष्ट्रिय टोली कहिल्यै परिवर्तन हुँदैन । लाओसविरुद्धको खेलपछि समर्थकलाई माफी भन्छु । जित्नुपर्ने खेल बराबरी भयो । आफ्नै कमजोरीले गोल भयो ।

अञ्जनको १३ गोल

विपक्षी	नतिजा	गोल	प्रतियोगिता
चाइनिज ताइपेई	०-२	२	विश्वकप छनोट
इराक	६-२	१	मैत्रीपूर्ण खेल
चाइनिज ताइपेई	२-०	१	विश्वकप छनोट
भारत	१-१	१	मैत्रीपूर्ण खेल
श्रीलंका	२-३	१	साफ च्याम्पियनसिप
बंगलादेश	१-१	१	साफ च्याम्पियनसिप
बंगलादेश	३-१	३	मैत्रीपूर्ण खेल
पाकिस्तान	१-१	१	मैत्रीपूर्ण खेल
कुवेत	३-१	१	साफ च्याम्पियनसिप
लाओस	१-१	१	विश्वकप छनोट

खेल संक्षेप

उपाधिका लागि जलपाइगुडी र आर्मी भिड्ने

मानेभञ्ज्याङ/ सातौं मानेभञ्ज्याङ गोल्डकप फुटबल प्रतियोगिताको उपाधिका लागि बिएसके जलपाइगुडी र टेरिटोरियल आर्मी दार्जिलिङ भिड्ने भएका छन् । प्रतियोगिताको बिहीबार भएको दोस्रो सेमिफाइनलमा चाँद एफसी तीनधारियालाई २-१ गोलअन्तरले हराउँदै बिएसकेसँगको भेट पक्का गरेको हो । आर्मीको जितमा वाङदेन तामाङले उत्कृष्ट प्रदर्शन गरे । उनले खेलमा दुई गोल गरेका थिए । खेलको ३६औँ मिनेटमा उनले टोलीलाई १-० को अग्रता दिलाए । खेलको ४१औँ मिनेटमा उनले टोलीलाई २-० को स्थितिमा राखे । चाँदका लागि प्रविक तामाङले ५६औँ मिनेटमा २-१ का लागि गोल फर्काए । जितसँगै आर्मीले कम्तीमा दुई लाख ५० हजार भारु सुरक्षित गरेको छ । जलपाइगुडीले बुधबार भएको पहिलो सेमिफाइनलमा कञ्चनजंघा एफसी सिलिगुडीमाथि ७-२ गोलअन्तरको फराकिलो जित निकाल्दै फाइनलमा स्थान बनाएको थियो । उपाधि भिडन्त २८ असोजमा हुनेछ । विजेताले पाँच लाख भारु पाउनेछ । २ अक्टोबरदेखि सुरु भएको प्रतियोगितामा नेपालका पाँचसहित १६ क्लबको सहभागिता रहेको थियो ।

१ कात्तिकदेखि अन्तरवडा टेबलटेनिस

काठमाडौं/ सातदोबाटोको अन्तर्राष्ट्रिय खेलकुद परिसरभित्र रहेको करौंते हलमा तेस्रो अल नेपाल अन्तरवडा टेबलटेनिस प्रतियोगिता हुने भएको छ । प्रतियोगिताका लागि स्पिन इभेन्ट प्रालिले मुख्य प्रायोजन गरेको छ । प्रतियोगितामा विभिन्न १० स्पर्धामा प्रतिस्पर्धा हुने आयोजक स्पिनका सचिव ज्याकी महर्जनले जनाएका छन् । प्रतियोगितामा चार सय ५० खेलाडीको सहभागिता रहनेछ । टिम इभेन्टबाहेक सबै स्पर्धामा नगद पुरस्कार राखिएको छ । पुरुष र महिला एकल विजेताले ३० हजार रुपैयाँ हात पार्नेछन् । यसैगरी, उपविजेताले १५ हजार र तेस्रो हुने खेलाडीले ७ हजार ५ सय रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिताको प्रायोजकमा ललितपुर महानगरपालिका, ललितपुर जिल्ला खेलकुद विकास समिति र गोदावरी नगरपालिका रहेका छन् । अखिल नेपाल टेबलटेनिस संघको तत्वावधानमा हुन लागेको प्रतियोगिताको बजेट १५ लाख रुपैयाँ रहेको छ ।

पञ्चासे अल्ट्रा रेस हुने

काठमाडौं/ पोखरामा कात्तिक तेस्रो साता पञ्चासे अल्ट्रा रेस हुने भएको छ । ८० किलोमिटरको दौडमा तीनवटा इभेन्ट हुनेछ । ८० किलोमिटर, ५५ किलोमिटर र २५ किलोमिटरको छुट्टाछुट्टै प्रतिस्पर्धा हुने आयोजक पोखरा ट्रेल रेस सिरिजले जनाएको छ । ५५ किलोमिटर दौडका विजेता महिला र पुरुष धावकले थाइल्यान्डमा हुने अल्ट्रा रेसमा सहभागी हुन पाउने संस्थाका संस्थापक अध्यक्ष विकास गुरुङले जानकारी दिए । नवौं संस्करणको प्रतियोगिता पोखराको सेरोफेरो पहाडको टुप्पोबाट हेर्दै दौडिने गरी रुट तय गरिएको उनले बताए । दौडमा अमेरिका, बेलायत, भियतनामलगायत देशका धावकले नाम दर्ता गरिसकेका छन् । माछापुच्छ्रेको ल्वाङ गाउँबाट सुरु हुने दौड लुम्रे, सिदिङ, लोक्याम्प र बादलडाँडा पुगेर फर्किनेछ । त्यसपछि अस्ट्रेलियन क्याम्प, काँडे भदौरे, पञ्चासे, पुम्दीभुम्दी हुँदै पोखराको खपौदी पुगेर समापन हुनेछ । केही महिनाअघि २५ किलोमिटरको मेथ्लाङ-सराङकोट ट्रेल रेस आयोजना भएको थियो ।

देवको शतकमा इरानमाथि सानदार जित

नयाँ पत्रिका

नेपाली राष्ट्रिय यू-१९ क्रिकेट टोलीले बिहीबार एसिसी यू-१९ प्रिमियर कपमा इरानमाथि दुई सय ७४ रनको सानदार जित निकालेको छ । नेपालको जितमा कप्तान देव खनालले शतकीय इनिङ्स खेलेका थिए । पहिलो ब्याटिङ गरेको नेपालले ४०.१ ओभरमा सबै विकेट गुमाएर तीन सय ५३ रनको विशाल योगफल खडा गरेको थियो । प्रत्युत्तरमा इरान ३०.४ ओभरमा ७९ रनमै समेटिँदा नेपाल फराकिलो अन्तरले विजयी भयो । मलेसियाको युकेएम क्रिकेट ओभलमा नेपालका कप्तान देवले केवल ६० बल सामना गरी १२ चौका र चार छक्काको सहयोगमा एक सय रनको योगदान दिएका थिए ।

देवले ५९ बलमा शतक पूरा गरेका थिए । शतक लगाएपछि सामना गरेको बलमै उनी पेभेलियन फर्केका थिए । नेपालको यू-१९ क्रिकेट इतिहासमा अन्तर्राष्ट्रिय क्रिकेटमा दुई शतक लगाउने उनी पहिलो खेलाडी हुन् । यसअघि उनले आइसिसी यू-१९ विश्वकप एसिया क्षेत्र छनोटमा कुवेतविरुद्ध १ सय २५ रनको शतकीय इनिङ्स खेलेका थिए । इरानलाई कम योगफलमा अलआउट गर्न दीपेश कँडेलले घातक बलिङ गरेका थिए । उनले सात ओभरमा केवल चार रन खर्चिएर तीन विकेट लिए । सुवास भण्डारीले तीन विकेट हात पार्न ६ रन खर्चिए । उनले ८.५ ओभर बलिङ गरेका थिए । हेमन्त धामी र आकाश चन्दले इरानका समान दुई खेलाडीलाई आउट पारे ।

लक्ष्य पछ्याएको इनिङ्समा इरानका ओपनर अमिर खोरासन्दले सर्वाधिक ३७ रन बनाए । उनले २२ बलमा पाँच छक्का र एक चौका प्रहार गरेका थिए । उनले पहिलो विकेटका लागि समन शेखीसँग ३६ रनको साझेदारी गरेका थिए । ६.६ ओभरमा सुवासले नेपाललाई पहिलो सफलता दिलाए । उनले शेखीलाई पाँच रनमा आउट गरे ।

नेपालको कमजोर सुरुवात

टस हारी ब्याटिङ गरेको नेपालको सुरुवात गतिलो भएन । ओपनर अर्जुन कुमाल शून्य रनमै पेभेलियन फर्किएका थिए । यसैगरी, तेस्रो क्रमका आकाश त्रिपाठी तीन रनमा आउट भए । लगातार विकेट गुमाउँदा नेपालमाथि इरानी बलर हावी भएका थिए । तर, चौथो क्रमका ब्याट्समयान तथा कप्तान देवले इनिङ्स सम्हाले । उनले दीपक बोहोरासँग तेस्रो विकेटका लागि एक सय ६६ रनको साझेदारी गर्दै नेपाललाई बलियो स्थितिमा पुऱ्याए । बोहोराले ५९ बलमा ६५ रन बनाए । दीपकप्रसाद डुम्रे र दीपेश कँडेलले पाँचौं विकेटका लागि ९१ रनको साझेदारी गरे । दीपकप्रसादले ४४ बलमा ६९ रन जोडे ।



अस्ट्रेलिया लगातार दोस्रो खेलमा पराजित

एजेन्सी/ एकदिवसीय विश्वकप क्रिकेटको सर्वाधिक विजेता अस्ट्रेलिया लगातार दोस्रो खेलमा पराजित भएको छ । भारतमा आयोजना भइरहेको आइसिसी विश्वकपमा अस्ट्रेलिया बिहीबार दक्षिण अफ्रिकासँग एक सय ३४ रनको फराकिलो अन्तरले पराजित भएको छ । चालू विश्वकपमा श्रीलंका, नेदरल्यान्ड्स, अस्ट्रेलिया र अफगानिस्तानले खेलेका दुवै खेल गुमाएका छन् । विश्वकप इतिहासमा अस्ट्रेलियाले पहिलोपटक ब्याक टु ब्याक हारको सामना गरेको हो । अस्ट्रेलियामाथिको सानदार जितसँगै दक्षिण अफ्रिका चार अंकका साथ शीर्ष स्थानमा पुगेको छ । न्युजिल्यान्ड, भारत र पाकिस्तानले समान दुई खेलबाट चार अंक जोडेका छन् ।

लखनउमा पहिलो ब्याटिङ गरेको दक्षिण अफ्रिकाले ५० ओभरमा सात विकेटको क्षतिमा तीन सय ११ रनको योगफल बनाएको थियो । प्रत्युत्तरमा अस्ट्रेलियाले ४०.५ ओभरमा सबै विकेटको नोक्सानीमा एक सय ७७ रन मात्र बनाएको थियो । दक्षिण अफ्रिकाका लागि क्विन्टन डी ककले सर्वाधिक एक सय ९ रनको योगदान दिए । उनले एक सय ६ बलमा आठ चौका र पाँच छक्का प्रहार गरेका थिए । यसैगरी, आदेन माक्रामले ४४ बलमा सात चौका र एक छक्काको सहयोगमा ५६ रन जोडे । ओपनर टेम्बा भाभुमाले ३५ रन र भान डेरले २६ रन जोडे । पुछारका मार्को जान्सेनले २२ बलमा तीन चौका र एक छक्का प्रहार गरी २६ रन बनाए । अस्ट्रेलियाका लागि मिचेल स्टाकले ५३ रनमा दुई विकेट लिए । ग्लेन म्याक्सवेलले ३४ रन खर्चेर दुई विकेट हात पारे ।

प्रत्युत्तरमा अस्ट्रेलियाले गतिलो ब्याटिङ गर्न सकेन । मार्को, केसभ महाराज र सम्सीले समान दुई विकेट हात पारे । किर्गिसो रावडाले ३३ रनमा तीन विकेट लिँदा अस्ट्रेलियाको ब्याटिङ कमजोर बन्यो । अस्ट्रेलियाको ब्याटिङमा मार्नोसले ७४ बलमा सर्वाधिक ४६ रन जोडेका थिए । मिचेल स्टाकले २७ र कप्तान प्याट क्युमिन्सले २२ रनको योगदान दिए ।



विवादमा पोखरा रंगशालाको जिमहल

रोहितराज पराजुली/नयाँ पत्रिका

पोखरा रंगशाला परिसरमा सञ्चालित जिमहलको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरिरहँदा फुटपाथ बन्द हुने गरी थप संरचना बनाउँदा सम्बन्धित सबै निकाय मौन बसेका छन् । जिमहलसँगै जोडिएको पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख र कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्षका कार्यालय छन् । परिसरभित्रै प्रदेश खेलकुद परिषद् गण्डकीको कार्यालयसमेत छ । परिसरमा खेलकुदका प्रमुख तीनवटा निकाय हुँदा पनि अवरोध हुने गरी संरचना निर्माण हुँदासमेत पदाधिकारीले खासै प्रतिक्रिया दिएका छैनन् ।

अख्तियारको छानबिन क्रममै रहेको पोखरा रंगशालाको जिमहलमा फुटपाथ बन्द हुने गरी थप संरचना निर्माण

नियमविपरीत निजी संस्थालाई जिमहल सञ्चालनका लागि भवन र जग्गा भाडामा दिएको सम्बन्धमा गत २२ साउनमा नयाँ पत्रिकाले समाचार प्रकाशन गरेपछि अख्तियारले छानबिन सुरु गरेको थियो । अख्तियारले गत भदौमा जिमहल सञ्चालन र भवन भाडामा दिएको सम्बन्धमा जिल्ला खेलकुद विकास समिति कास्कीसँगै सञ्चालकलाई पत्र पठाएको थियो । जिम सञ्चालकले भवनको बाहिर एक भागमा डेढ मिटर छानोसँगै फुटपाथमा हिँड्न नमिल्ने गरी जाली राखेका छन् । अर्को साइडमा छाना राखिएको छ ।

समिति कास्कीका अध्यक्ष तोरण बानियाँले राखेपअन्तर्गत समिति हुँदा भाडामा दिएको बताए । अहिलेसम्म समितिले भाडामा दिएबापतको रकम लिएको छैन । बानियाँले भाडामा लिने-दिने सम्बन्धमा वैधानिक कागजपत्र कार्यालयमा नभेटेको बताए । पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समिति पोखराका कार्यालय प्रमुख लक्ष्मण योगीलाई आफूहरूलाई थाहा नभएको जानकारी दिए । जिम सञ्चालक नुना गुरुङले सम्झौताअनुसार थप संरचना निर्माण भएको जानकारी दिए । हलभित्रका सामान हराएकाले जाली लगाउनुपरेको उनको भनाइ छ । उनले फुटपाथ बन्द हुने गरी संरचना नबनाएको दाबी गरेका छन् । 'हिँड्ने बाटो कहाँ रोकिएको छ ?' उनले प्रतिप्रश्न गर्दै भने ।

इजरायलबाट फर्किइन् सावित्रा

नयाँ पत्रिका

इजरायलमा व्यावसायिक लिग खेल्न पुगेकी नेपाली राष्ट्रिय फुटबल टोलीकी स्ट्राइकर सावित्रा भण्डारी बुधबार राति स्वदेश फर्किएकी छिन् । गत शनिबारदेखि प्यालेस्टिनी विद्रोही समूह हमासको हमलाका कारण इजरायल हिंसाग्रस्त बनेपछि सावित्रा बैंकक हुँदै नेपाल फर्किएकी हुन् । इजरायलमा हिंसात्मक गतिविधि बढेपछि सबै खेल स्थगित र सुरक्षाका कारण स्वदेश फर्किएको उनले बताएकी छिन् । 'नेपाल फर्कन पाउँदा खुसी लागेको छ,' उनले भनिन् ।



इजरायलमा बर्सेनि द्वन्द्व भइरहने उनको भनाइ छ । योपटक इजरायलमा ठूलो द्वन्द्वको सिर्जना भएको सावित्राको भनाइ छ । त्यहाँको वातावरण शान्त भए फर्किने उनले बताइन् । 'स्थिति अहिलेको भन्दा शान्त भएपछि इजरायल फर्कनेछु,' उनले भनिन् ।

उनी आबद्ध हापोयल रानाना क्लबले सावित्रालाई नेपाल फर्काउने सबै बन्दोबस्त गरेको थियो । इजरायल हिंसाग्रस्त भएपछि उनी इजरायलस्थित नेपाली दूतावासमा बसेकी थिइन् । उनले इजरायलमा भएका सबै घटनाबारे अखिल नेपाल फुटबल संघ (एन्फा)लाई जानकारी गराइन् ।

इजरायल हिंसाग्रस्त हुँदा युनियन अफ युरोपियन फुटबल एसोसिएसन (युइएफए)ले इजरायलका सबै खेल स्थगन गरेको छ । युइएफएले विज्ञप्ति जारी गर्दै इजरायलको वर्तमान सुरक्षालाई ध्यानमा राख्दै आगामी दुई साताका लागि इजरायलमा निर्धारित सबै खेल स्थगन गर्ने निर्णय गरेको हो । यसै साता चीनको हाङझाउमा भएको १९औँ एसियन खेलकुद प्रतियोतिगामा सहभागी हुँदै उनी इजरायल फर्केकी थिइन् । रानानामा आबद्ध उनले लिगमा ६ गोल गरेकी छिन् । रानाना पाँच अंकसहित पाँचौं स्थानमा छ ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com